# उर्लावारी नगरपालिका, मोरङको
## आ.व. २०७१/७२

# सामाजिक परीक्षणको प्रतिवेदन

२०७२ कार्तिक

एशोसिएसन फर कम्युनिटि भ्यु ईन नेपाल
एक्टिभ नेपाल, विराटनगर ५

**सामाजिक परिक्षक**

**१. श्री भनिरुद्र चौधरी**
**२. श्री महेश लामिछाने**

# प्राक्कथन

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ ले स्थानीय निकाय आर्थिक प्रशासन नियमावलि २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्बेवारी पूरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न सामाजिक परीक्षण कार्यविधि तर्जुमा गरेको हो । उक्त व्यवस्था अनुसार स्थानीय निकायहरूले प्रत्येक आर्थिक वर्षको प्रथम चौमाशिक भित्र अघिल्लो सालको सामाजिक परीक्षण कार्य गरिसक्नु पर्ने व्यवस्था गरिएको छ ।

स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहेको देखिन्छ ( स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६८, भूमिका) । यसले स्थानीय निकायले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप उर्लावारी नगरपालिका, मोरङको आर्थिक वर्ष २०७१/७२ को सामाजिक परीक्षण गरिएको छ । स्थानीय निकायको न्यूनतम सर्त मापनमा सामाजिक परीक्षण कार्य बापतको समेत निश्चित अंक प्रदान गरिने व्यवस्था भएको हुनाले तिनीहरूको सामाजिक परीक्षण कार्य अनिवार्य भएको हो । उर्लावारी नगरपालिका, मोरङको आर्थिक वर्ष २०७१/७२ को सामाजिक परीक्षण गर्ने कार्यको जिम्मेवारी यस एक्टिभ नेपाल सामाजिक सेवा प्रदायक संस्थालाई प्रदान गरेकोमा म सर्वप्रथम उर्लावारी नगरपालिका मोरङका समस्त पदाधिकारी ज्यूहरूलाई कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस संस्थालाई दिइएको जिम्मेवारी पूरा गर्ने क्रममा यस समितिका कार्यकारी अधिकृत, श्री सुवास श्रेष्ठ तथा यहाँका विभिन्न फाँटका अधिकृत र अन्य कर्मचारी मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । तसर्थ उहाँहरू सबै जनालाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । वास्तवमा उहाँहरूले यथा समयमा उचित सूचना र सामाग्रीहरू प्रदान गरेको हुनाले नै यो कार्य यथा समयमा पूरा भएको हो । यसैगरी उर्लावारी नगरपालिका मोरङका विभिन्न राजनैतिक दलका प्रतिनिधि महोदयहरूबाट समेत यस कार्यका लागि अमूल्य सुझाव र सल्लाह प्राप्त भएका छन् । तसर्थ उहाँहरूलाई समेत धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस कार्यमा परोक्ष र प्रत्यक्ष सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिँदै यो प्रतिवेदन उर्लावारी नगरपालिका मोरङमा प्रस्तुत गर्दछु ।

**भनिरुद चौधरी**
**सामाजिक परीक्षक**

## १. पृष्ठभूमिः

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तत्सम्बन्धी नियमावली, २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार स्थानीय निकायहरुलाई स्थानीय जनताकालागि आवश्यक सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरिकाबाट स्थानीय स्तरमा नै उपलब्ध गराउन सक्ने अधिकार दिइएको छ । नेपाल सरकारले स्थानीय निकायलाई दिने अनुदान लक्षित समुदायहरुको समग्र विकासकोलागि केन्द्रीत गर्ने कुरामा विशेष जोड दिदै आएको छ । यसकोलागि विशेष बजेटको समेत व्यवस्था गरेको छ । स्थानीय निकायमा जाने अनुदान रकममा पनि विगतका दिन भन्दा बढोत्तरी भएकोछ । यसले स्थानीय निकायलाई अझ जिम्मेवार र उत्तरदायी बनाएकोछ । जनतासंग प्रत्येक्ष नजिक रहेर सेवा प्रवाह गर्ने संस्था स्थानीय निकाय भएकोले स्थानीय निकायसंग जनताका इच्छा आकांक्षाहरु बढ्नु स्वभाविक हो । स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नकालागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ ।

स्थानीय स्तरमा भए गरिएको काम कारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नकालागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) मा सामाजिक परीक्षण को व्यवस्था गरिएको छ । जस अनुसार “सामाजिक परीक्षण” लाई स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य भनिएकोछ । यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नकालागि नेपाल सरकारले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ जारी गरी लागु गरेको अवस्था छ । यसका साथै स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा समेत स्थानीय निकायहरुले सामाजिक परीक्षणकार्यलाई विशेष जोड दिइएकोछ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक गर्ने प्रावधान भएको र स्थानीय निकायको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यमा सामाजिक परीक्षणलाई एउटा सूचकको रुपमा राखिएको छ । यसले गर्दा पनि स्थानीय निकायहरू जिविस, नगरपालिका र गा.वि.स.हरूले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिकभित्र सामाजिक परीक्षण अनिवार्य शर्त बनेकोछ ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गर्न आवश्यक हुन्छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्दछ । यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा समेत पेश गर्नु पर्दछ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो

भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्नमा स्थानीय निकायलाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ ।

यसै परिप्रेक्षमा सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम यस एशोसिएसन फो(र) कम्यूनिटी भ्यू इन नेपाल (एक्टिभ नेपाल ) द्वारा उर्लावारी नगपालिकाको आ.व.२०७१।७२ को सामाजिक परीक्षण गरी यो प्रतिबेदन प्रस्तुत गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्यः

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप उर्लावारी नगरपालिकाको एक आर्थिक वर्षमा समग्र सामाजिक उत्तरदायित्व परीक्षण ( लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । यस अध्ययनको उद्देश्य उर्लावारी नगरपालिकाको सामाजिक परीक्षण गर्ने रहेको छ । प्रस्तुत अध्ययनले सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै नगरपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गर्नुका साथै देहाय बमोजिम यस परीक्षणको उद्देश्य रहेको छ ।

- सामाजिक लेखापरीक्षणले कार्यालयको सरोकारवाला तथा लाभान्वित समूहप्रतिको जवाफदेहितालाई प्रमाणित गर्न मद्दत्त गर्छ ।
- यसले लाभान्वित समूह, सरोकारवाला र दातृ कार्यालयहरूको कार्यक्रममा सहभागितामा वृद्धि गरी कार्यक्रम तर्जुमा तथा व्यवस्थापनमा अपनत्वको भावना सृजना गर्छ ।
- यसले समुदायमा कार्यक्रमबाट पर्न गएको प्रभावलाई सम्पूर्ण रूपमा बुझ्न मद्धत गर्छ ।
- सरोकारवालाहरूको पृष्ठपोषणबाट प्राप्त सिकाईलाई परीस्कृत गर्दै भविष्यमा हुने कार्य सम्पादनमा सुधार ल्याउन प्रभावकारी कार्ययोजना बनाउन मद्दत पुऱ्याउँछ ।
- पिछडिएका समुदायहरूलाई प्रश्न गर्ने तथा आफ्नो अधिकारको काम गर्ने अवसरको रूपमा एउटा सामाजिक मञ्च प्रदान गर्छ ।
- यसले स्थानीय स्तरमा लोकतन्त्रलाई प्रर्वद्धन गर्छ ।
- यसले कार्यालयलाई सामूहिक निर्णय प्रक्रिया तथा जिम्मेबारी वहन गर्न प्रोत्साहन गर्छ ।
- यसले कार्यालयगत सुशासनलाई सशक्त बनाउँछ ।
- कार्यालय,समुदाय र सरोकारवाला बीच मित्रताको भावना विकास गर्छ ।

## ३. सामाजिक परीक्षण विधिः

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरीएको थियो :

### क) सन्दर्भ सामग्री समीक्षा र अध्ययनः

- स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)

- सामाजिक उपलब्धि, प्रयास, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक प्रतिवेदनहरू

**ख) अन्तरवार्ता र समूह छलफलः**

नगरपालिकाका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता तथा छलफल गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूहमा समेत छलफल गरिएको थियो

**ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल देहाय अनुसारको शीर्षकमा केन्द्रीकृत रही छलफलको लागि प्रस्तुत गरिएको थियो :**

- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक परीक्षण प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू

**घ) प्रतिवेदन तयारी छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्य योजना सहित प्रतिवेदन तयार गरिएको छ । विषयगत कार्यालयहरू र नगरपालिकाको वार्षिक लक्ष्य, नीति तथा योजना, नगरपालिकामा परेका गैर सरकारी संस्थाहरूलाई समेत सामाजिक परीक्षणमा समावेश गरिएको थियो ।**

## ४. अध्ययनको सीमाः

सामाजिक परीक्षण कार्यविधि अनुसार यस अध्ययनले आ.ब. २०७१।७२ को सामाजिक परीक्षण गर्ने कुरा तोकिएको र यसका विधि र प्रक्रियाहरु सोही अनुसार निर्देश गरिएकोछ । यस सामाजिक परीक्षण कार्यमा उर्लावारी नगरपालिका, मोरंगले सामाजिक क्षेत्रमा गरेको कामहरुको मुख्य मख्य कामहरुलाई आधार मानी हेरिएको छ । उर्लावारी नगरपालिकाले आर्थिक वर्ष २०७१/ ७२ मा गरेको विकास योजनामा जनसहभागिताको स्थितिको अध्ययन गरिएको छ । तर यसमा अन्य आर्थिक वर्ष र अन्य प्रकारका योजनामा जनसहमागिताको स्थिति अध्ययन गरिएको छैन । बजेट तथा समयको अपर्याप्तताले सम्पूर्ण नगरपालिका भरीको आयोजनाको अध्ययन गर्न सकिएको छैन ।

## ५. बृहत् छलफल कार्यक्रमको विवरणः

क) मिति : २०७२ कार्तिक २८ गते

ख) स्थान : बौद्ध गुम्बाको सभाहल,उर्लावारी, मोरंग

ग) समय : दिउसो ११:३० बजे ।

उर्लावारी नगरपालिकाको आ.ब. २०७१ । ७२ को सामाजिक परीक्षणको क्रममा विभिन्न शाखा, सरोकारवालाहरुसंग छलफल तथा नगरपालिकाको बजेट, नीति, योजनाहरुको अध्ययन गरी प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । उक्त प्रतिबेदनमाथि छलफल तथा आवश्यक सुझाव संकलन गर्नकालागि मिति : २०७२ कार्तिक २८ गते बौद्ध गुम्बाको सभाहल,उर्लावारी, मोरंगमा, दिउँसो ११:३० बजे बृहत भेलाको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नगरपालिकाका पदाधिकारी, कर्मचारी, कर्मचारीहरू, सरोकारवालाहरू, उपभोक्ताका प्रतिनिधिहरू (नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, बालबालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, नागरिक बडा मञ्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू, प्रत्यक्ष उपभोक्ताका प्रतिनिधि, विषयगत कार्यालयका प्रतिनिधिहरु तथा पत्रकार लगायत ९० जनाको उपस्थिति रहेको थियो ।

अनुसूचि २

# उर्लावारी नगरपालिकाको परिचय

## ६. स्थानीय निकाय, विषयगत कार्यालय / गैर सरकारी संस्थाको विवरण

## ६.१ स्थानीय निकायको परिचयः

**भौगोलिक परिचयः**

मोरङ्ग जिल्लाको सदरमुकाम विराटनगरबाट करिव ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लावारी नगरपालिकालाई नेपाल सरकारले मिति २०७१/०१/२५ गते नगरपालिकाको रुपमा घोषणा भई कार्यान्वयन भईरहेको नगरपालिका मध्येको एक नगरपालिका हो । मोरङ्ग जिल्लाकै दोश्रो सहरको रुपमा विकसित भएको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरी नगरपालिका, उत्तरमा मधुमल्ला गाउँ विकास समिति र दक्षिणमा राजघाट गाउँ विकास समितिसँग सिमाना जोडिएको छ भने यस नगरपालिकाको क्षेत्रफल भने २८ वर्ग कि.मी. रहेको छ । समुन्द्री सतहबाट २६.६७ डिग्रि उत्तरी अक्षांस तथा ८७.६१ डिग्री पूर्वी देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । यस नगरमा करिव ३५,२३० जनसंख्या मध्ये ४९.०८ प्रतिशत महिला र ५०.९२ प्रतिशत पुरुष रहेका छन् भने ८१६५ घरपरिवार रहेको पाइन्छ । अधिकांश भू भाग खेतियोग्य जमिन भएतापनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नु पर्ने जरुरी भएको अवस्था छ । वि.स. २०३५ सालमा तत्कालिन मधुमल्ला गाविस को वडा नं. ५, ९ र लेटाङ गा.वि.स.को ७, ८ र ९ क्षेत्रलाई मिलाई उर्लावारी गाउँ पन्चायतको रुपमा स्थापना भएको पाइन्छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला(बाघ) र वाडि (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र क्रमिक रुपमा मानिसको बसोवास वृद्धि सँगै नगर क्षेत्रको रुपमा विकसित भएको मान्न सकिन्छ । उर्लावारी चौक देखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रवि सम्म जाने वाटो एवं दक्षिण तर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । विराटनगर पछि मोरङ्ग जिल्लाका अन्य नगरपालिकाहरु भन्दा बढी सहरीकरण भएको नगरपालिका भएबाट पनि अन्य नयाँ नगरपालिकाहरु भन्दा यसमा बढी मात्रामा संभावना बोकेको देखिन्छ ।

**जनसंख्याः**

मुख्यतः वाहुन क्षेत्री, राई, लिम्बु, नेवार, धिमाल, मगर जातजातिहरुको बसोवास रहेको उर्लावारी नगरपालिकाको जनगणना २०६८ को रिपोर्ट अनुसार यस नगरपालिकाको जनसंख्या 35166 रहेको छ । वि.सं. २०६८ सालको जनगणना अनुसारको यस नगरपालिकाको घरधुरी सहित जनसंख्या तलको तालिकामा दिएको छ ।

| वडा नं. | घरधुरी अनुसार सख्यां | जनसंख्या | | कूल जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| 1 | 1079 | 2189 | 2560 | 4749 |
| 2 | 855 | 1564 | 1891 | 3455 |
| 3 | 1066 | 2264 | 2416 | 4680 |
| 4 | 1737 | 3551 | 4112 | 7663 |
| 5 | 516 | 999 | 1232 | 2231 |
| 6 | 1417 | 2738 | 3119 | 5857 |
| 7 | 714 | 1526 | 1709 | 3235 |
| 8 | 352 | 662 | 839 | 1501 |
| 9 | 429 | 792 | 1003 | 1795 |
| **जम्मा** | **8165** | **18881** | **16285** | **35166** |

श्रोतः जनगणना प्रतिवेदन २०६८ ।

**मोरंङ जिल्लाको जनसंख्या विवरण, २०६८**

| कस | विवरण | संख्या |
|---|---|---|
| १ | जनसंख्या | 35166 |
| २ | पुरुष | 16285 |
| ३ | महिला | 18881 |
| ४ | परिवार संख्या | 8165 |
| ५ | जनघनत्व (प्रति वर्ग किलो मिटर) | १२५५.९३ |
| ६ | बृद्धिदर (प्रतिशत) | २.२७ |
| ७ | औषत आयु (वर्षमा) | ६६.५ |
| ८ | औषत परिवार संख्या | ४.३० |

श्रोतः जनगणना प्रतिवेदेदन २०६८ ।

यसबाट यस नगरपालिकामा आर्थिक रूपमा सवल जनसंख्या करिब पचार प्रतिशत भन्दा बढी रहेको छ, जसले राष्ट्र निर्माणको कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउने सक्ने देखिन्छ । यस नगरपालिकामा विभिन्न धर्महरू, जातजाति तथा भाषाभाषीका मानिसहरूको बसोवास रहेको पाइन्छ । २०६८ को जनगणना प्रतिवेदन अनुसार यस नगरपालिकाको कुल परिवार ८१६५ मा ३५१६६ जनसंख्या रहेको छ । यहाँको जनघनत्व प्रति वर्ग किलो मिटर १२५५.९३ रहेको छ भने जनसंख्या बृद्धिदर २.२७ प्रतिशत रहेको छ । यहाँको औषत आयु ६६.५ र औषत परिवार संख्या ४.३० रहेको छ ।

**प्राकृतिक सम्पदाः**

प्राकृतिक सम्पदाका हिसावले पूर्वी नेपालको उर्लावारी नगरपालिका निकै सम्पन्न छ । यहाँको मुख्य प्राकृतिक सम्पदा जलस्रोत हो । हुन त यस नगरपालिकामबाट ठूला नदीहरू बगेका छैनन् । यहाँ महाभारत पर्वतबाट निश्किएर बगेका ससाना खोलाहरूमात्र छन् । बक्राहा, डाँसखोला र मावाखोला यस नगरपालिकाका मुख्य खोलाहरू हुन् । तर यस नगरपालिकाको पहाडी भागलाई छाडेर अन्य ८० प्रतिशत जमिनमा भूमिगत जल पाइने हुनाले त्यसैलाई खानेपानी र सिंचाईका लागि प्रयोगमा ल्याइएको छ ।

उर्लावारी नगरपालिका वनजंगलका हिसावले निकै धनि छ । नेपाल तराईको चारकोशे झाडीको एउटा हिस्सा यस जिल्लामा पनि पर्दछ । यसको भावर क्षेत्रमा चारकोशे झाडीको अवशेष रहेको छ । यस बाहेक ठाउँठाउँमा मानिसहरूले बोटविरूवा लगाउने गरेकाले यो नगरपालिका निकै हराभरा छ । तर यो सवै क्षेत्रमा घना जंगल भने रहेको पाइँदैन । यहाँको वन क्षेत्रलाई पनि सामुदायिक वन र सरकारी वन गरी जम्मा २ भागमा वर्गिकरण गरिएको छ । हाल आएर वन विनासलाई पनि धेरै हदसम्म रोकथाम गरिएको छ । यहाँ साल, सिसौ, बोटधँगेरो, अस्ना, भलायो लगायत गर्मी ठाउँमा पाइने वनस्पति पाइन्छ । यस बाहेक जंगली क्षेत्रमा अनेक प्रकारका जडीबूटीहरू पनि पाइन्छन् । विभिन्न प्रकारका जंगली जनावरको आवास यहाँको जंगल नै मानिन्छ । यसको चारकोशे झाडीका छेउछाउमा केही सिमसारक्षेत्रहरू समेत रहेका छन् । यसले गर्दा जैविक विविधताले पनि यो नगरपालिका केही सम्पन्न रहेको देखिन्छ ।

वेतिनि सिमसार क्षेत्र, रहेको र त्यसलाई व्यवस्थित रुपमा पर्यटन पूर्वाधार गर्न सके यस क्षेत्रको आर्थिक वृद्धिका साथै यस क्षेत्रको पहिचानमा समेत उल्लेख्य टेवा पुग्ने देखिन्छ । जसबाट २.५ किलोवाट लघु जलविद्युत योजना सूरु समेत भएको अवस्था छ भने यसै क्षेत्रबाट पूर्वान्चलकै अग्लो स्थानबाट सूर्योदयलगायत मनोरम दृष्यहरु अवलोकन गर्न सकिने मिक्लाजुङ डाँडा जाने पर्यटकिय सडक बनिरहेको पाइन्छ ।

हावापानीका हिसावले उष्ण मौसमि हावापानी पाईन्छ । यहाँको तापक्रम औषतमा अधिकतम ४२ देखि न्यूनतम ६.१ डिग्री सेल्सियससम्म पुग्ने गर्दछ । सामान्यतया यसको पहाडी भागमा केही चिसो र तराई भागमा गर्मी हुने गर्दछ ।

माटोका हिसावले मोरङको उत्तरी पहाडी भागमा कडा पत्थरिलो माटो पाइन्छ, जुन कृषि उत्पादनका लागि त्यति उपयुक्त देखिंदैन । यसैगरी भाबर क्षेत्रको माटो गिट्टी मिसिएको छ, जुन बोटविरूवाका लागि ज्यादा उपयोगी मानिन्छ । तसर्थ यसको भावर क्षेत्रमा नै चारकोशे झाडीको अवशेष रहेको छ । दक्षिणतिरको तराईको प्राय सवै स्थानको माटो पाँगो र अति उर्वर छ । तर हाल आएर बसाइँ सराई र शहरीकरणका कारणले गर्दा यस नगरापालिकाको अत्यधिक उर्वर जमिनमा घरहरू बनिसकेका छन् ।

## ६.४. राजनैतिक परिचयः

मोरङ्ग जिल्लाकै दोश्रो सहरको रुपमा विकसित भएको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरी नगरपालिका, उत्तरमा मधुमल्ला गाउँ विकास समिति र दक्षिणमा राजघाट गाउँ विकास समितिसँग सिमाना जोडिएको छ । वि.स. २०३५ सालमा तत्कालिन मधुमल्ला गाविस को वडा नं. ५, ९ र लेटाङ गा.वि.स.को ७, ८ र ९ क्षेत्रलाई मिलाई उर्लावारी गाउँ पन्चायतको रुपमा स्थापना भएको पाइन्छ ।

यस उर्लावारी नगरपालिकाको राजनैतिक/प्रशानिक विभाजनको अवस्था निम्न अनुसार रहको पाईन्छ :

- विकास क्षेत्र : पूर्वाञ्चल
- अञ्चल: कोसी
- जिल्ला: मोरङ
- निर्वाचन क्षेत्र नं. मोरङ ९
- जिल्ला सदरमुकाम: विराटनगर
- जम्मा वडा संख्या: ९

# उर्लावारी नगरपालिका कार्यालय

नागरिक बडापत्र (CITIZEN CHARTER)

उर्लावारी नगरपालिकाले नागरिक वडापत्र २०७१ निर्माण गरी सार्वजनिक स्थलमा होर्डिङ्गबोर्ड राख्नुका साथै छपाई गरी वितरण पनि गरेको देखिन्छ । त्यसपछि उक्त घोषणा पत्रलाई प्रत्येक वर्ष अध्यावधिक गर्दै आएको देखिन्छ । यस घोषणा पत्रलाई यो आ.ब.मा पनि अध्यावधिक गरेको छ । उक्त नागरिक वडापत्रमा निम्नानुासरका विषयवस्तुहरू संग्रहित छन् ।

| क्र.सं. | सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नु पर्ने विवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने शाखा/कर्मचारी | सेवा प्राप्तीमा ढिलासुस्ती भएमा गुनासो सुन्ने व्यक्ति |
|---|---|---|---|---|---|---|
| | | | शुल्क | समय | | |
| **प्रशासन शाखाबाट हुने काम कार्वाहीहरु** | | | | | | |
| १ | चिठी पत्र तथा निवेदन दर्ता | सम्बन्धित व्यक्तिको निवेदन वा संघ संस्था र कार्यालयको पत्र माथि कार्यालय प्रमुखबाट तोक आदेश भएपछि | निवेदन दस्तुर रु.१०।- | तुरुन्त | दर्ता चलानी तथा सोधपुछ इकाई | प्रशासन शाखा प्रमुख |
| २ | चिठी पत्र चलानी | न.पा.लाई तिर्नु बुझाउनु पर्ने शुल्क दस्तुर बुझाई कार्यालय प्रमुखको दस्तखत भएपछि | | तुरुन्त | दर्ता चलानी तथा सोधपुछ इकाई | |
| ३ | नागरिकता प्रमाण पत्रको सिफारिश (वंशज) | १) अनुसूची नं.१ बमोजिमको फाराम कालो मसीले भरेको,<br>२) हालसालै खिचेको फोटो थान २<br>३) निवेदकको बुवा/पति वा सनाखत गर्ने घर परिवारको व्यक्तिको नागरिकता प्र. पत्रको प्रतिलिपि,<br>४) विवाहित महिलाको हकमा माइती तर्फको बुवा/दाजुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी | ६०।- | १ घण्टा | प्रशासन शाखा/ प्रमुख/ कार्यकारी अधिकृत/ वडा सचिव | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ५) जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपी<br>६) जन्ममिति खुलेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी<br>७) अन्य गा.वि.स./न.पा.बाट बसाई सरी आएको व्यक्तिको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपि,<br>८) निवेदकको बुवा/पतिको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी<br>९) सम्बन्धित वडा अध्यक्ष/वडा सचिवको किटानी सिफारिश<br>१०) उल्लेखित प्रमाणहरुको प्रतिलिपी लिई आउँदा सक्कल प्रमाण समेत साथमा रहनु अनिवार्य छ । | | | | |
| ४ | नागरिकता प्रमाण पत्रको सिफारिश वैवाहिक अंगीकृत | १) अनुसूची नं.३ बमोजिमको फाराम कालो मसीले भरेको,<br>२) हालसालै खिचेको फोटो थान २<br>३) निवेदकको पतिको नागरिकता प्र. पत्रको प्रतिलिपि,<br>४) कुन देशको नागरिक हो उक्त देशको नागरिकता त्याग गरेको वा त्याग्न कार्वाही चलाएको कागजको प्रमाणको प्रतिलिपी,<br>५) विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी<br>६) जन्ममिति खुलेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी<br>७) उल्लेखित प्रमाण पत्रहरुको प्रतिलिपी लिई | २००।- | १ घण्टा | प्रशासन शाखा/ प्रमुख/<br>कार्यकारी अधिकृत/<br>वडा सचिव | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आउँदा सक्कल प्रमाण समेत साथमा रहनु अनिवार्य छ । | | | | |
| ५ | नागरिकता प्रमाण पत्रको प्रतिलिपी सिफारिश | १) अनुसूची नं. बमोजिमको फाराम कालो मसीले भरेको<br>२) हराएको/झुत्रो भएको/अक्षर वा फोटो नबुझीने भएमा उक्त ना.प्र.पत्रको प्रतिलिपी | ६०।- | १ घण्टा | प्रशासन शाखा/ प्रमुख/<br>कार्यकारी अधिकृत/<br>वडा सचिव | कार्यकारी अधिकृत |
| | | | | | | |
| ६ | नाता प्रमाणितको सिफारिश( नेपालीमा) अंग्रेजीमा गर्नु परे रु.२५० थप लाग्ने | १) नगरपालिकाले उपलब्ध गराएको निवेदन फाराम भर्ने<br>२) वडा सचिवको सिफारिश<br>३) निवेदक तथा नाता प्रमाणित गराउनु पर्ने सबैको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,<br>४) १६ वर्ष उमेर नपुगेका नातेदारका हकमा जन्मदर्ता प्रमाणको प्रतिलिपी,<br>५) विवाहितको हकमा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी<br>६) स्वर्गीय नातेदारको हकमा मृतकको मृत्यु दर्ता प्रमाणको प्रतिलिपि,<br>७) बाहिरबाट आएको भएमा बसाई सराईको प्रमाण पत्रको प्रतिलिपि,<br>८) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ कपी,<br>९) पेन्सनरको हकमा पेन्सन पट्टाको प्रतिलिपि (फोटो प्रमाणित गर्ने व्यक्ति स्वयं उपस्थित हुनु पर्नेछ)<br>१०) उल्लेखित प्रमाण पत्रहरुको प्रतिलिपी लिई आउँदा सक्कल प्रमाण समेत साथमा रहनु | २५०।- | १ घण्टा | वडा सचिवको सिफारिस/ कार्यकारी अधिकृत | प्रमुख/कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अनिवार्य छ । | | | | |
| ७ | घर, जग्गा नामसारी सिफारिश | १) सम्पूर्ण तथ्य खुलेको निवेदन,<br>२) निवेदकको नागरिकताको प्रतिलिपी,<br>३) मृतकको मृत्यु दर्ता प्रमाणको प्रतिलिपी<br>४) जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपी,<br>५) मालपोत तिरेको रसिदको प्रतिलिपी,<br>६) मृतकसँगको नाता प्रमाणित गरेको प्रमाणको प्रतिलिपी,<br>७) एकभन्दा बढी हकवाला भएमा मञ्जुरीनामा<br>८) सम्बन्धित हकदारहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,<br>९) अंशबण्डाबाट हक स्थापित भएको अवस्थामा अंशवण्डा कागजको प्रतिलिपी | ५००/ | निवेदन पेश गरेको भोली पल्ट | प्रशासन शाखा/ प्रमुख/ वडा सचिवको सिफारि/कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |
| ८ | मोही लगत कट्टाको सिफारिश | १) सम्पूर्ण तथ्य खुलेको निवेदन,<br>२) निवेदकको ना.प्र.पत्रको प्रतिलिपि,<br>३) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी,<br>४) चालु आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपी,<br>५) लगत कट्टाका लागि दुवै पक्षको मञ्जुरी भएको संयुक्त मञ्जुरी पत्र,<br>६) मृतकको नामबाट नामसारी गर्नु पर्ने भएमा मृत्युदर्ता प्रमाण पत्रको प्रतिलिपी,<br>७) मृतकसँगको नाता प्रमाणित गरेको प्रमाणको प्रतिलिपी | १ कठ्ठासम्मको ५०० सो भन्दा माथि प्रति कठ्ठा थप रु.५०।- | निवेदन पेश गरेको भोलीपल्ट | प्रशासन शाखा/ वडा सचिवको सिफारिस /कार्यकारी अधिकृत/ | कार्यकारी अधिकृत |
| ९ | बसोबास प्रमाणितको सिफारिश | १) सम्पूर्ण तथ्य खुलेको निवेदन<br>२) सम्बन्धित व्यक्तिको नागरिकता प्र.पत्रको प्रतिलिपी,<br>३) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलपी, | २००।- | १ घण्टा | प्रशासन शाखा/ कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४) बसाई सरी आएको भए बसाई सराई प्र.पत्रको प्रतिलिपि,<br>५) न.पा.क्षेत्र भित्र कुनै कार्यालयमा सेवारत कर्मचारी भए कार्यालयको सिफारिश पत्र,<br>६) वडा सचिवको सिफारिश | | | | |
| १० | नाम, थर, दुवै व्यक्ति एउटै हो भनि सिफारिस | १) सम्पूर्ण तथ्य खुलेको निवेदन<br>२) निवेदकको नागरिकता प्र.पत्रको प्रतिलिपी,<br>३)नाम थर फरक परेको सम्बन्धित कागजपत्रको प्रतिलिपी,<br>४) वडा सचिवको सिफारिश | २००।- | १ घण्टा | प्रशासन शाखा/ वडा सचिवको सिफारिस/ कार्यकारी अधिकृत/ | कार्यकारी अधिकृत |
| ११ | मृत्यु जन्म प्रमाणित सिफारिश (नोट : २०३४ साल अगाडी मृत्यु भएमा) | १) सम्पूर्ण तथ्य खुलेको निवेदन,<br>२) निवेदकको नागरिकता प्र.पत्रको प्रतिलिपी,<br>३) वडा सचिवको सिफारिश,<br>४) मृत्युदर्ता वा जन्मदर्ताको प्रतिलिपी | २००।- | १ घण्टा | प्रशासन शाखा/ प्रमुख/ उपप्रमुख/ कार्यकारी अधिकृत/ वडा सचिव | कार्यकारी अधिकृत |
| १२ | चारित्रिक प्रमाण पत्रको सिफारिश | १) निवेदन,<br>२) सम्बन्धित व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,<br>३) वडा सचिवको सिफारिश<br>४) आवश्यक भएमा सरजमीन मुचुल्का | २००।- | १ घण्टा | प्रशासन शाखा/ वडा सचिवको सिफारिस/ कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |
| १३ | विवाह प्रमाणित (नोट : २०३४ साल भन्दा अगाडी विवाह भएको) | १) सम्पूर्ण तथ्य समेतको निवेदन,<br>२)पति पत्नी दुवैको नागरिकता प्र.पत्रको प्रतिलिपी र हालसालै खिचेको फोटो २/२ प्रति<br>३) मृत्युदर्ताको प्रतिलिपि<br>४) स्थलगत सरजमिन मुचुल्का | २००।- | १ घण्टा | प्रशासन शाखा/ प्रमुख/ कार्यकारी अधिकृत/ वडा सचिव | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४) वडा सचिवको सिफारिश | | | | |
| १४ | अविवाहितको सिफारिश | १) निवेदक स्वयम्‌को उपस्थितिमा स्वीकृत ढाँचाको निवेदन<br>२) निवेदकको पहिचान खुल्ने कागजात प्रमाणपत्रहरु<br>३) स्वीकृत ढाँचामा स्थलगत सरजमिन<br>४) वडा सचिवको सिफारिश | ५००।- | १ घण्टा | प्रशासन शाखा/ वडा सचिवको सिफारिस/कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |
| १५ | विद्यालय खोल्ने स्वीकृत तथा कक्षा अभिवृद्धिको सिफारिश | १) सम्बन्धित विद्यालय वा व्यवस्थापन समितिको अनुरोध पत्र (निवेदन)<br>२) विद्यालय संचालन समितिको वैठकको निर्णयको प्रतिलिपी,<br>३) नयाँ विद्यालय संचालन गर्नका लागि शिक्षा नियमावली बमोजिम विद्यालयको विवरण भरिएको फाराम<br>४) सम्बन्धित वडा सचिवको सिफारिश | नियमानुसार | २ घण्टा | प्रशासन शाखा/ वडा सचिवको सिफारिस/कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |
| **योजना तथा प्राविधिक शाखाबाट हुने काम कार्वाहीहरु** | | | | | | |
| १६ | घर नक्शा पास | १) नगरपालिकाबाट उपलब्ध गराइएको घर नक्शा पासको निवेदन<br>२) सम्बन्धी जग्गा धनी दर्ता प्रमाण पुर्जाको नक्कल,<br>३) जग्गावालाको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,<br>४) जग्गाको नापी शाखाबाट प्रमाणित कित्ता नापी नक्शा,<br>६) चालु आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपी | स्वीकृत करदरबन्दी अनुसार | २५ देखि ३० दिनसम्म | योजना तथा प्राविधिक शाखा/घर नक्शा पास इकाई/ कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |
| १७ | घर निर्माण सम्पन्न प्रमाण | १) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी<br>२) चालु आ.व.को मालपोत तिरेको रसिदको | रु.५००।- | ३ घण्टा | योजना तथा प्राविधिक शाखा/घर | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पत्र/ नामसारी प्रमाण पत्र | प्रतिलिपी<br>३) नागरिकता प्रमाण पत्रको प्रतिलिपी<br>४) भवन निर्माणको इजाजत पत्रको प्रतिलिपी<br>५) योजना शाखाको प्राविधिकको प्रतिवेदन | | | नक्शा पास इकाई/ प्रमुख/ कार्यकारी अधिकृत/वडा सचिव | |
| १८ | योजना सम्झौता सम्बन्धमा | १) वडा सचिव/ सामाजिक परिचालिकको रोहवरमा भएको उपभोक्ताको भेलाको निर्णय प्रतिलिपी<br>२) उपभोक्ता समितिको निर्णय<br>३) योजना शाखाबाट भएको लागत अनुमान | निशुल्क | ३ घण्टा | योजना तथा प्राविधिक शाखा/कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |
| १९ | चार किल्ला प्रमाणित तथा जग्गाको मूल्यांकन | १) सम्पूर्ण तथ्य खुलेको निवेदन<br>२) जग्गाधनीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,<br>३) जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी,<br>२) चालु आ.व.सम्मको मालपोत तिरेको रसिदको प्रतिलिपी,<br>३) जग्गाको नापी नक्शाको सक्कल,<br>४) वडा सचिवको सिफारिश | रु. ५००/ | १ घण्टा | योजना तथा प्राविधिक शाखा/ प्रमुख/ कार्यकारी अधिकृत/वडा सचिव | कार्यकारी अधिकृत |
| २० | घर बाटो भए नभएको सिफारिश | १) सम्पूर्ण तथ्य खुलेको निवेदन<br>२) जग्गाधनीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,<br>३) जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी,<br>२) चालु आ.व.सम्मको मालपोत कर तिरेको रसिदको प्रतिलिपी,<br>३) जग्गाको नापी नक्शाको सक्कल,<br>४) वडा सचिवको सिफारिश | ६००/ | १ घण्टा | योजना तथा प्राविधिक शाखा/ प्रमुख/ कार्यकारी अधिकृत/वडा सचिव | कार्यकारी अधिकृत |
| २१ | खानेपानी तथा विद्युत जडानको | १) सम्पूर्ण तथ्य खुलेको निवेदन<br>२) जग्गाधनीको नागरिकता प्रमाण पत्रको | घरायसी प्रयोजनका | १ घण्टा | योजना तथा प्राविधिक शाखा/ | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिफारिश | प्रतिलिपी,<br>३) जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी,<br>२) चालु आ.व.सम्मको मालपोत तिरेको रसिदको प्रतिलिपी,<br>३) जग्गाको नापी नक्शाको प्रतिलिपी,<br>४)वडा सचिवको सिफारिश<br>५) भवन निर्माणको इजाजत पत्रको प्रतिलिपी | लागि २००/ | | प्रमुख/ कार्यकारी अधिकृत/वडा सचिव | |
| २२ | घर जग्गा मूल्यांकन सिफारिश | १) सम्पूर्ण तथ्य खुलेको निवेदन<br>२) निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,<br>३) जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी,<br>४) चालु आ.व.सम्मको मालपोत तिरेको रसिदको प्रतिलिपी,<br>५) वडा सचिवको सिफारिश | नियमानुसार | ३ घण्टा | योजना तथा प्राविधिक शाखा/ प्रमुख/ कार्यकारी अधिकृत/वडा सचिव | कार्यकारी अधिकृत |
| २३ | योजना सम्झौता | १) वडा सचिवको रोहवरमा भएको उपभोक्ताको भेलाको निर्णय प्रतिलिपी<br>२) उपभोक्ता समितिको निर्णय<br>३) योजना शाखाबाट भएको लागत अनुमान | निशुल्क | | योजना तथा प्राविधिक शाखा/ कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |
| २४ | व्यवसायिक इजाजत पत्र प्राप्त गर्न | १) व्यवसायिक इजाजत पत्र प्राप्त गर्नका लागि सम्पूर्ण व्यहोरा खुलेको निवेदन<br>२) नागरिकता प्र.पत्रको प्रतिलिपि,<br>३) वहालमा लिई व्यवसाय गरेको/गर्ने भए घर वहालको सम्झौता पत्र<br>४) वडा सचिवको सिफारिश,<br>५) पासपोर्ट साइजको फोटो २ प्रति | कर दरबन्दी अनुसार | १ घण्टा | राजस्व प्रशासन शाखा कार्यकारी अधिकृत/वडा सचिव | कार्यकारी अधिकृत |
| २५ | व्यवसाय नामसारी गर्न | १) साबिक र हाल कायम हुने प्रोपराइटर दुवैको संयुक्त हस्ताक्षर भएको निवेदन | २००।- | १ घण्टा | राजस्व प्रशासन शाखा | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २) सम्पूर्ण कर चुक्ता भएको रसिद<br>३) सम्बन्धित वडा सचिवको सिफारिश<br>४)नामसारी भै जाने व्यवसायीको नागरिकता प्रमाण पत्रकोप्रतिलिपी<br>५) २ प्रति फोटो | | | कार्यकारी अधिकृत/वडा सचिव | |
| २६ | व्यवसाय लगत कट्टा गर्ने | १)सम्बन्धित व्यवसायीको निवेदन<br>२) गत आ.व.सम्मको कर चुक्ता रसिद<br>३)सम्बन्धित सचिवको सिफारिश | २००।- | १ घण्टा | राजस्व प्रशासन शाखा<br>कार्यकारी अधिकृत/वडा सचिव | कार्यकारी अधिकृत |
| २७ | उद्योग दर्ता सम्बन्धी कामको सिफारिश ( घरेलु तथा साना उद्योग र अन्यत्र उद्योग स्थापनाको सिफारिश गर्दा) | १)सम्पूर्ण व्यहोरा खुलेको निवेदन,<br>२) उद्योगपतिको नागरिकता प्र.पत्रको प्रतिलिपी,<br>३) उद्योग स्थापना हुने जग्गाको जग्गाधनी प्रमाण पूर्जाका प्रतिलिपी,<br>४)अरुको जमीन वा घर भाडामा लिएको भएमा सम्बन्धित व्यक्तिको मञ्जुरीनामा,<br>५) वडा सचिवको सिफारिश,<br>६)रितपूर्वकको सरजमीन मुचुल्का | कर दरबन्दी अनुसार | २ दिन | राजस्व प्रशासन शाखा<br>कार्यकारी अधिकृत/वडा सचिव | कार्यकारी अधिकृत |
| २८ | अटो रिक्सा/नयाँ रिक्सा, ठेला, भेन दर्ता नवीकरण तथा चालक अनुमति पत्र प्रदान | <u>दर्ताको हकमा :</u><br>१) भंसारको प्रज्ञापन पत्र वा सोको प्रतिलिपि,<br>२) रिक्सा खरिद बिल,<br>३) नागरिकताको प्रतिलिपि,<br>४) पासपोर्ट साइजको फोटो २ प्रति,<br>५) रिक्सा दर्ताको निवेदन फाराम<br><u>चालक अनुमति पत्र :</u><br>१) नागरिकता प्र.पत्रको प्रतिलिपि,<br>२) रिक्सा युनियनको सिफारिश पत्र,<br>३) पासपोर्ट साइजको फोटो २ प्रति, | कर दरबन्दी अनुसार | १ घण्टा | राजस्व प्रशासन शाखा<br>कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४) चालक अनुमति पत्रको निवेदन फाराम | | | | |
| आर्थिक प्रशासन शाखा (लेखा शाखा) ले गर्ने काम कार्वाहीहरु | | | | | | |
| उपभोक्ता समिति/टोल विकास संस्थाबाट संचालन हुने योजनाहरुको लागि | | | | | | |
| २ | पहिलो किस्ताको पेश्की निकासा | १) उपभोक्ता समितिको निवेदन,<br>२)उपभोक्ता समितिले गरेको निर्णयको प्रतिलिपी,<br>३) नगरपालिका कार्यालयबाट भएको सम्झौता पत्र तथा फाराम,<br>४) लागत अनुमान फाराम<br>५)सम्झौता पत्रमा उल्लेखित उपभोक्ता समितिले बेहोर्ने रकमको विवरण | निःशुल्क | कागजपत्र प्राप्त भएको दिन | आर्थिक प्रशासन शाखा/कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |
| ३३ | दोस्रो तथा त्यसपछिको किस्ता पेश्की निकासा | १) उपभोक्ता समितिको निवेदन,<br>२) उपभोक्ता समितिले रकम माँग गर्ने निर्णयको प्रतिलिपी,<br>३) योजना तथा प्राविधिक शाखाबाट भएको मूल्यांकन तथा सिफारिश | निःशुल्क | कागजपत्र प्राप्त भएको दिन | आर्थिक प्रशासन शाखा/कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |
| ३४ | अन्तिम किस्ता भुक्तानी | १) उपभोक्ता समितिको निवेदन,<br>२) उपभोक्ता समितिको भेलाबाट योजना सम्पन्न भई बिल भर्पाई पास भएको निर्णयको प्रतिलिपी,<br>३) उपभोक्ता समितिले योजना फरफारक गर्न न.पा.मा माँग गरेको निर्णयको प्रतिलिपी,<br>४) योजना तथा प्राविधिक शाखाको मूल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदन, जाँचपास तथा फरफारकको प्रतिलिपी | निःशुल्क | कागजपत्र प्राप्त भएको दिन | आर्थिक प्रशासन शाखा/कार्यकारी अधिकृत | कार्यकारी अधिकृत |
| सामुदायिक विकास तथा वातावरण शाखाबाट हुने काम कार्वाहीहरु | | | | | | |
| ४१ | संघ संस्था, समूह दर्ता | १) संस्था दर्ताको लागि संस्थाको लेटर प्याडमा निवेदन, | ५००।- | १ घण्टा | सामुदायिक विकास शाखा/कार्यकारी | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २) संस्थाको विधानको प्रतिलिपी,<br>३) संस्था दर्ताका लागि संस्थाको निर्णय प्रतिलिपी,<br>४) संस्थाको कार्यसमितिका पदाधिकारी हरुको नागरिकता प्र.पत्रको प्रतिलिपी,<br>५) सम्बन्धित वडा सचिवको सिफारिश | | | अधिकृत | |
| ४२ | टोल विकास संस्था दर्ता | १) टोल विकास संस्थाको वैठकबाट गरेको निर्णयको प्रतिलिपी,<br>२) टोल विकास संस्थाको विधान,<br>३) टो.वि.स.को लेटर प्याडमा संस्था दर्ताका लागि निवेदन छाप सहितको,<br>४) वडा सचिवको सिफारिश<br>५) सामाजिक परिचालकको सिफारिश, | निःशुल्क | १ घण्टा | सामुदायिक विकास शाखा/कार्यकारी अधिकृत/समुदाय परिचालक | कार्यकारी अधिकृत |
| ४३ | टोल विकास संस्थाको बैंक खाता खोल्ने सिफारिश | १) टोल विकास संस्थाको वैठकबाट बैंक खाता खोल्नका लागि गरेको निर्णयको प्रतिलिपी,<br>२) टो.वि.स.को लेटर प्याडमा बैंक खाता खोल्न सिफारिशका लागि निवेदन | निःशुल्क | १ घण्टा | सामुदायिक विकास शाखा/सामाजिक परिचालकको सिफारिस | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | छाप सहितको,<br>३) बैंक खाता संचालन गर्ने व्यक्तिहरुको नागरिकता प्र.पत्रको प्रतिलिपी,<br>४) सामाजिक परिचालकको सिफारिश, | | | | |
| ४४ | जेष्ठ नागरिक, असहाय विधवा तथा अशक्त अपाङ्ग भत्ताको लागि दर्ता | १) निवेदकको नागरिकता प्र.पत्रको प्रतिलिपि,<br>२) एकल महिला लागि पतिको मृत्यु दर्ता प्र.पत्र वा प्रमाणित प्र.पत्रको प्रतिलिपि,<br>३) बसाई सरी आएको भए सो प्रमाण पत्रको प्रतिलिपि | निःशुल्क | श्रावणदेखि मंसीर महिना | सामुदायिक विकास शाखा | कार्यकारी अधिकृत |
| ४५ | जेष्ठ नागरिक, असहाय विधवा तथा अशक्त अपाङ्ग भत्ता वितरण | | निःशुल्क | किस्ता प्राप्त भएको १५ दिन भित्र | सामुदायिक विकास शाखा/लेखा शाखा प्रमुख | कार्यकारी अधिकृत |
| पञ्जीकरण सम्बन्धी काम कार्वाही | | | | | | |
| ४६ | व्यक्तिगत घटना दर्ता | **जन्म दर्ता**<br>१) सूचकले भरी पेश गरेको अनुसूची फाराम<br>२) नवजात शिशुको बुवा/आमा दुवैको ना.प्र.पत्रको प्रतिलिपी,<br>३) न.पा.बाहिरबाट आएको व्यक्तिको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपी | ३५ दिन भित्रमा दर्ता गर्न आएमा निशुल्क र सो पछि आएमा रु. १००।- | २ घण्टा | पञ्जिकाधिकारी | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | **विवाह दर्ता:**<br>१) पति पत्नी दुवै जना उपस्थित भै संयुक्त रुपमा भरी सही छाप गरेको विवाह दर्ता अनुसूची फाराम<br>२) पतिको नागरिकता प्र.पत्रको प्रतिलिपी अनिवार्य, (पत्नीको सन्दर्भमा विवाह हुनु अगावै ना.प्र.प. बनाएको भए पेश गर्नु पर्ने)<br>३) न.पा.क्षेत्र भन्दा बाहिरबाट आएको भए बसाई सराईको प्रतिलिपी, | ३५ दिन भित्रमा दर्ता गर्न आएमा निशुल्क र सो पछि आएमा रु. १००।- | २ घण्टा | पञ्जिकाधिकारी/वडा सचिव | कार्यकारी अधिकृत |
| | | **मृत्यु दर्ता :**<br>१) सूचकले भरी पेश गरेको अनुसूची फाराम,<br>२) मृतकको नागरिकता प्र.पत्रको प्रतिलिपी,<br>३) सूचकको नागरिकता प्र.पत्रको प्रतिलिपी,<br>४) न.पा.क्षेत्र भन्दा बाहिरबाट आएको भए बसाई सराईको प्रतिलिपी, | ३५ दिन भित्रमा दर्ता गर्न आएमा निशुल्क र सो पछि आएमा रु. १००।- | २ घण्टा | पञ्जिकाधिकारी/ वडा सचिव | कार्यकारी अधिकृत |
| | | **बसाई सराई प्रमाण**<br>१) बसाई सरी आएको हकमा बसाई सराई दर्ता अनुसूची फाराम भरी बसाई सराई | ३५ दिन भित्रमा दर्ता गर्न आएमा निशुल्क र सो | २ घण्टा | पञ्जिकाधिकारी/ वडा सचिव | कार्यकारी अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | दर्ता प्रमाण पत्र सहित पेश गर्नु पर्ने,<br>२) घर मुलीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी,<br>३) बसाई सरी आएको हकमा नगरपालिका क्षेत्र भित्र बसोबास गरेको प्रमाण<br>४) बसाई सरी जानेको हकमा दर्ता अनुसूची फाराम भरी पेश गर्नु पर्ने | पछि आएमा रु. १००।- | | | |
| | | **सम्बन्ध विच्छेद**<br>१) सम्बन्धित व्यक्तिले भरी पेश गरेको सम्बन्ध विच्छेद अनुसूची फाराम<br>२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी<br>३) कानून बमोजिम सम्बन्ध विच्छेद भएको प्रमाणको प्रतिलिपी | ३५ दिन भित्रमा दर्ता गर्न आएमा निशुल्क र सो पछि आएमा रु. १००।- | १ घण्टा | पञ्जिकाधिकारी/ वडा सचिव | कार्यकारी अधिकृत |
| ४७ | व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपी | १) सम्पूर्ण व्यहोरा खुलेको निवेदन<br>२) निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी | रु.१००/ | १ घण्टा | पञ्जिकाधिकारी/ वडा सचिव | कार्यकारी अधिकृत |

जनताका कामहरू सरल र शुलभ ढंगमा गर्नको लागि नागरिक बडापत्र जारी गरेको देखिन्छ । यसलाई होर्डिङ्गबोर्डमा समेत लेखेर जिल्लाका विभिन्न भागहरूमा पनि राखेको देखिन्छ । तर पनि उक्त पत्रमा उल्लेख भएअनुसारका सवै कार्यहरू यथासमयमा हुने कुरामा भने

प्राविधिक कठिनाई रहेको देखिन्छ । जस्तो कुनै फाँटका कर्मचारी विदामा बसेका समयमा तथा कार्यक्रममा सहभागी हुन अन्यत्र गएको समयमा त्यस्तो समयावधि भित्र कार्यहरू संम्पन्न हुन कठीन हुने गर्दछ । यसैगरी समयमा रकम निकाशा नहुँदा कार्यक्रम समेत पेशगरी समयमा नै कार्यान्वयन गर्न कठीन हुने गरेको पाइन्छ ।

## ६.९ आम्दानीको शिर्षकगत विस्तृत विवरण

| संकेत नं. | आय विवरण | ०६९/०७० यथार्थ | ०७०/०७१ प्रस्तावित | ०७०/०७१ संसोधित | ०७०/७१ मंसर सम्मको यथार्थ | ०७१/७२ प्रस्तावित |
|---|---|---|---|---|---|---|
| १ आन्तरिक श्रोत | | | | | | |
| **१.१ स्थानीय करबाट हुने आय (+)** | | **3920979.00** | **4010000.00** | **4449260.00** | **2333665.85** | **4765611.00** |
| १.१.३ | घर वहाल कर | 107573.00 | 150000.00 | 100000.00 | 44796.08 | 150000.00 |
| १.१.४ | जग्गा मासिक कर ( बिटौरी कर) | 70286.00 | 50000.00 | 200000.00 | 60171.00 | 50000.00 |
| १.१.५ | व्यापार व्यवसाय, उधोग, मिल तथा पेशा कर | 842740.00 | 800000.00 | 900000.00 | 326840.00 | 1200000.00 |
| १.१.६.१ | बार्षिक सवारी कर | 4360.00 | 10000.00 | 17200.00 | 17200.00 | 20000.00 |
| १.१.६.२ | पटके सवारी तथा सवारी पाकिङ्ग | 859096.00 | 955000.00 | 986050.00 | 986050.00 | 1095611.00 |
| १.१.७ | सम्पत्ति कर (वक्यौता समेत) | 2002824.00 | 2000000.00 | 2200000.00 | 877598.77 | 2200000.00 |
| १.१.८ | मनोरन्जन कर | 15000.00 | 25000.00 | 25000.00 | 0.00 | 25000.00 |
| १.१.९ | विज्ञापन कर | 19100.00 | 20000.00 | 21010.00 | 21010.00 | 25000.00 |
| **१.२ सेवा शुल्कबाट हुने आय (+)** | | **1618719.00** | **2071000.00** | **1496567.00** | **1304844.00** | **1728302.00** |
| १.२.२ | विधुत/खानेपानी/टेलिफोन महशुल | 70947.00 | 100000.00 | 100000.00 | 41447.00 | 100000.00 |
| १.२.१० | चौपाया हाट सेवा शुल्क | 541216.00 | 601000.00 | 542251.00 | 542251.00 | 602501.00 |
| १.२.११ | हाट बजार सेवा शुल्क | 829800.00 | 930000.00 | 684316.00 | 684316.00 | 760350.00 |
| १.२.१२ | अतिथि गृह सेवा शुल्क | 18500.00 | 50000.00 | 25000.00 | 900.00 | 25000.00 |
| १.२.१४ | माछा पोखरी शुल्क | 45451.00 | 0.00 | 0.00 | 0.00 | 45451.00 |

| संकेत नं. | आय विवरण | ०६९/०७० यथार्थ | ०७०/०७१ प्रस्तावित | ०७०/०७१ संसोधित | ०७०/७१ मंसर सम्मको यथार्थ | ०७१/७२ प्रस्तावित |
|---|---|---|---|---|---|---|
| १.२.१५ | कान्जी हाउस सेवा शुल्क | 9305.00 | 15000.00 | 20000.00 | 8595.00 | 20000.00 |
| १.२.१६ | मेची नदी अस्थायी बासे पुल | 83300.00 | 300000.00 | 0.00 | 0.00 | 0.00 |
| १.२.१७ | तरभुजा खेती शुल्क | 7350.00 | 10000.00 | 10000.00 | 0.00 | 10000.00 |
| १.२.१९ | चिल्ड्रेनपार्क प्रवेश शुल्क | 12850.00 | 15000.00 | 15000.00 | 2615.00 | 15000.00 |
| १.२.२० | सरसफाई सेवा शुल्क | 0.00 | 50000.00 | 100000.00 | 24720.00 | 150000.00 |
| **१.३ दस्तुरबाट हुने आय (+)** | | **1931354.16** | **1590000.00** | **1838354.0** | **381439.00** | **2030000.** |
| १.३.१ | दर्ता तथा नविकरण दस्तुर | 70296.00 | 60000.00 | 100000.00 | 39700.00 | 100000.0 |
| १.३.२ | नक्सा पास दस्तुर | 1161846.16 | 900000.00 | 1000000.0 | 130739.00 | 1000000. |
| १.३.३ | निवेदन, सिफारिस, मुल्याङ्कन,बक्सौनी तथा अन्य सम्पुर्ण दस्तुर | 616937.00 | 600000.00 | 708354.00 | 209800.00 | 900000.0 |
| १.३.४ | नाता प्रमाणित दस्तुर | 82275.00 | 30000.00 | 30000.00 | 1200.00 | 30000.00 |
| **१.४ बिक्रिबाट हुने आय (+)** | | **402000.00** | **1120000.00** | **600000.00** | **38060.00** | **600000.0** |
| १.४.१ | चालु सम्पति बिक्री | 356000.00 | 1000000.0 | 500000.00 | 0.00 | 500000.0 |
| १.४.३ | अन्य बिक्री (फारम समेत ) | 13330.00 | 20000.00 | 50000.00 | 27970.00 | 50000.00 |
| १.४.४ | टेन्डर फारम बिक्री | 32670.00 | 100000.00 | 50000.00 | 10090.00 | 50000.00 |
| **१.५ स्रोत परिचालनबाट हुने आय(+)** | | **138562.63** | **650000.00** | **291650.00** | **4000.00** | **150000.0** |
| १.५.१ | अन्य स्रोत परिचालन | 138562.63 | 650000.00 | 291650.00 | 4000.00 | 150000.00 |
| **१.६ साँवा/ब्याज/लाभाशबाट हुने आय (+)** | | **137301.00** | **800000.00** | **400000.0** | **0.00** | **400000.00** |
| १..६.१ | साँवा फिर्ता | 131079.00 | 700000.00 | 350000.00 | 0.00 | 350000.00 |

| संकेत नं. | आय विवरण | ०६९/०७० यथार्थ | ०७०/०७१ प्रस्तावित | ०७०/०७१ संसोधित | ०७०/७१ मंसर सम्मको यथार्थ | ०७१/७२ प्रस्तावित |
|---|---|---|---|---|---|---|
| १.६.२ | ब्याजबाट हुने आय | 6222.00 | 100000.00 | 50000.00 | 0.00 | 50000.00 |
| **१.७ अन्यबाट हुने आय (+)** | | **1806158.76** | **1850000.0** | **2475000.0** | **653510.76** | **2435000.00** |
| १.७.१ | दण्ड जरीवाना | 30177.00 | 25000.00 | 50000.00 | 26805.00 | 50000.00 |
| १.७.२ | घर,पशल भवन भाडा शुल्क | 982182.00 | 1200000.00 | 1200000.0 | 479284.00 | 1260000.00 |
| १.७.३ | धरौटी जफत | 51100.00 | 50000.00 | 500000.00 | 0.00 | 500000.00 |
| १.७.५ | पेश्की/बेरुजु फिर्ता | 7360.00 | 25000.00 | 25000.00 | 0.00 | 25000.00 |
| १.७.६ | अन्य विविध आय | 181461.00 | 50000.00 | 200000.00 | 77600.00 | 100000.00 |
| १.७.७ | वक्यौता असुली | 553878.76 | 500000.00 | 500000.00 | 69821.76 | 500000.00 |
| **आन्तरिक आयको जम्मा** | | **9955074.55** | **12091000.0** | **11550831.0** | **4715519.61** | **12108913.0** |
| **2= afx\o >f]t** | | | | | | |
| **२.१ अनुदान** | | | | | | |
| **२.१.१ नेपाल सरकारबाट प्राप्त हुने चालु अनुदान (+)** | | **5758000.0** | **6594700.00** | **7402000.0** | **2157667.00** | **7402000.0** |
| | निशर्त चालु अनुदान | 1933000.00 | 2236700.00 | 0.00 | 0.00 | 0.00 |
| | LGCDP चालु अनुदान | 455000.00 | 479000.00 | 479000.00 | 175000.00 | 479000.00 |
| | LGCDP सामाजिक परिचालन अनुदान | 991000.00 | 1500000.00 | 1500000.00 | 175000.00 | 1500000.00 |
| | स्थानीय विकास शुल्क चालु अनुदान | 2379000.00 | 2379000.00 | 5423000.0 | 1807667.00 | 5423000.00 |

| संकेत नं. | आय विवरण | ०६९/०७० यथार्थ | ०७०/०७१ प्रस्तावित | ०७०/०७१ संसोधित | ०७०/७१ मंसर सम्मको यथार्थ | ०७१/७२ प्रस्तावित |
|---|---|---|---|---|---|---|
| **२.१.२ नेपाल सरकारबाट प्राप्त हुने पूँजिगत अनुदान (+)** | | **10815000.0** | **18492000.** | **17077000.** | **5192333.00** | **21077000.0** |
| | निशर्त पूँजिगत अनुदान | 6695000.00 | 5537000.00 | 7680000.0 | 2560000.00 | 7680000.0 |
| | कृषि तथा स्थानीय स्तरका सडक आयोजना कार्यक्रम | 1150000.00 | 1500000.0 | 1500000.0 | 0.00 | 1500000.0 |
| | LGCDP पूँजिगत अनुदान | 0.00 | 6000000.0 | 0.00 | 0.00 | 6000000.0 |
| | स्थानीय विकास शुल्क पूजिगत अनुदान | 2970000.0 | 5455000.0 | 7897000.0 | 2632333.00 | 5897000.0 |
| **२.२.१ जिविसबाट प्राप्त हुने अनुदान** | | **26400.00** | **0.00** | **831600.00** | **362500.00** | **0.00** |
| | बारुणयन्त्र संचालन अनुदान | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | योजनागत अनुदान | 26400.00 | 0.00 | 831600.00 | 362500.00 | 0.00 |
| **३.१ राजश्व बाँडफाँड वाट प्राप्तहुने आय (+)** | | **940024.00** | **1600000.00** | **1200000.0** | **0.00** | **1730000.00** |
| | जिल्ला मालपोत कार्यालय वाट प्राप्त हुने रजिष्ट्रेशन शुल्क | 809447.00 | 1500000.0 | 1100000.0 | 0.00 | 1600000.00 |
| | जि.वि.स.वाट प्राप्त हने ढुङ्गा बालुवा बिक्री बाँडफाँड | 130577.00 | 100000.00 | 100000.00 | 0.00 | 130000.00 |
| **४.१ बिदेशी तथा दातृ सस्था वाट प्राप्तहुने अनुदान (+)** | | **8050464.00** | **1200000.00** | **10575376.00** | **169401.00** | **700000.00** |

| संकेत नं. | आय विवरण | ०६९/०७० यथार्थ | ०७०/०७१ प्रस्तावित | ०७०/०७१ संसोधित | ०७०/७१ मंसर सम्मको यथार्थ | ०७१/७२ प्रस्तावित |
|---|---|---|---|---|---|---|
| | भारतिय राजदुतावास | 7690094.0 | 0.00 | 9602708.0 | 0.00 | 0.00 |
| | जिआईजेट तथा सि-मेन | 360370.00 | 1200000.00 | 972668.00 | 169401.00 | 700000.00 |
| **६.१ नेपाल सरकारबाट प्राप्त हुने अन्य अनुदान (+)** | | **19513197.0** | **27100000.0** | **38646113.0** | **6255113.00** | **26340500.0** |
| | सडक बोर्ड नेपाल | 883900.00 | 3500000.00 | 7651573.00 | 2651573.00 | 5000000.0 |
| | जगेडा कोष | 10930000.00 | 13000000.00 | 16200000.00 | 0.00 | 12000000.00 |
| | सामाजिक सुरक्षा कार्यक्रम अनुदान | 6829000.00 | 7500000.00 | 7500000.00 | 0.00 | 7500000.00 |
| | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | 50000.00 | 0.00 | 100000.00 | 0.00 | 0.00 |
| | शान्ति तथा पून निर्माण मन्त्रालय | 50000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| | LGCDP थप अन्य अनुदान | 0.00 | 0.00 | 75000.00 | 0.00 | 0.00 |
| | शहरी स्वास्थ चौकी संचालन अनुदान | 649000.00 | 3100000.00 | 2124000.00 | 208000.00 | 640500.00 |
| | पशु पक्षी सेवा निर्देशनालय बधशाला निर्माण अनुदान | 0.00 | 0.00 | 3395540.00 | 3395540.00 | 1200000.00 |
| | नेपाल सरकार अर्थ मन्त्रालय वाट भारतिय राजदुतावासको योजनाको VAT | 121297.00 | 0.00 | 1600000.00 | 0.00 | 0.00 |

| संकेत नं. | आय विवरण | ०६९/०७० यथार्थ | ०७०/०७१ प्रस्तावित | ०७०/०७१ संसोधित | ०७०/७१ मंसर सम्मको यथार्थ | ०७१/७२ प्रस्तावित |
|---|---|---|---|---|---|---|
| | फिता अनुदान | | | | | |
| **७.१ ऋण/ सापटी/ जनसहभागिता (+)** | | **7262909.00** | **1150000.00** | **8900000.00** | **0.00** | **6000000.00** |
| | केन्द्रिय योजना संचालनमा लागत जनसहभागिता | 5012909.00 | 1150000.00 | 6000000.00 | 0.00 | 3800000.00 |
| | कर्मचारी कल्याण कोष हिसाव मिलान आम्दानी | 2250000.00 | 0.00 | 2900000.00 | 0.00 | 2200000.00 |
| **बाह्य आयको जम्मा** | | **52365994.00** | **56136700.00** | **84632089.00** | **14137014.00** | **63249500.00** |
| **१६.१ गत सालको मौज्दात (+)** | | **7964630.09** | **0.00** | **3051078.00** | **4810347.59** | **0.00** |
| | ग ४ का आम्दानी खाताहरु तर्फ | 5016827.02 | | 2489500.00 | 2489500.26 | 0.00 |
| | ग ५ का विषेश खाताहरु तर्फ | 2947803.07 | 0.00 | 561578.00 | 2320847.33 | 0.00 |
| **कुल जम्मा (आन्तरीक तथा बाह्य)** | | **70285698.64** | **68227700.00** | **99233998.00** | **23662881.20** | **75358413.00** |

आ.व. ०६९/०७० को यथार्थ खर्च सहित आ.व. ०७०/०७१ को लागि विभिन्न शिर्षक अन्तर्गत गत १९ औं नगर परिषदबाट पारित अनुमानित खर्च रु.६,८२,२७,७००/- (रु.छ करोड बयासी लाख सत्ताइस हजार सात सय) भएकोमा एकीकृत योजना तर्जुमा समितिको सुझाव तथा नगरपालिकाको सिफारिश अनुसार सो लाई संशोधन गरी संशोधित खर्च रु. 9,92,33,998.00(नौ करोड बयानब्बे लाख तेत्तिस हजार नौ सय अन्ठानब्बे) तथा आगामी आ.व.०७१/०७२ का लागि अनुमानित खर्च रु. 7,53,58,413.00 (रु.सात करोड त्रिपन्न लाख अन्ठाउन्न हजार चार सय तेह मात्र ) शिर्षकगत खर्च तथा सो अनुसारको पुष्ट्याई समेत रहेको

संशोधित तथा अनुमानित खर्चको बजेट १९औं नगर परिषदबाट पारित गरिएको थियो ।

यस नगरपालिकाको चालू आ.व. ०७१/०७२ को संशोधित तथा आगामी आ.व.०७२/०७३ को प्रस्तावित आय व्यय विवरण यहाँहरु समक्ष राख्न चाहन्छु ।

**चालु आ.व. तर्फ**

*आयतर्फ :*

आन्तरिक स्रोतहरु कर, सेवाशुल्क आदिबाट रु.९५,००,०००/- अनुमान गरिएको छ यसैगरी बाह्रय स्रोततर्फ नेपाल सरकारबाट प्राप्त हुने अनुदान रु. ३ करोड ३४ लाख २९ हजार, राजस्व बाडफाडबाट रु. ४२ लाख, LGCDP प्राप्त हुने अनुदान रु.१९,६१,५००/-१५ सडक बोर्डबाट १५,०००००/- लाख, शान्ति तथा पुन:निर्माण मन्त्रालयबाट ४५ हजार, अन्य निकायबाट प्राप्त हुने अनुदान रु.३ लाख र गत वर्षको बैंक मौज्दात, रु.२० लाख ६१ हजार ५०६/- पैसा २९ गरि जम्मा रु. ५ करोड २९ लाख ९७ हजार ६ रुपैया पैसा २९ मात्रको बजेट संशोधित गरि स्वीकृत गरि पेश गरिएकोछ ।

*व्ययतर्फ :*

व्ययतर्फमा चालु तथा प्रशासनिक खर्च मध्ये रु १ करोड ३ लाख ८१ हजार २ सय ७० ( तलव, भत्ता एवं अवकाश कर्मचारी को भूत्तानी, औषधी उपचार, पोषाक, धारा विजुली,संचार इन्धन, कार्यालय संचालन, भाडा, सेवा तथा परामर्श लगायतका खर्च)

तथा कार्यक्रम तथा पूँजिगत खर्च रु ४ करोड २६ लाख १५ हजार ७ सय ३६ रुपैया र पैसा २ मात्र ( सामाजिक परिचालन, वडा विकास कार्यक्र, नगरस्तरिय योजना,लक्षित बजेट, भवन निर्माण, सवारी साधन खरिद, फर्निचर, मेशिनरी सामान खरिद, नगरयातायात गुरुयोजना निर्माण, उर्लावारी चौकको च्यगलमबदयगत निर्माण, दैवि प्रकोप व्यवस्थापन, सडक बोर्ड, सोलार तथा सडक बत्ती व्यवस्थापन, नगर सरसफाई तथा फोहोर मैला व्यवस्थापन, वातावरणीय व्यवस्थापन, आर्थिक सामाजिक तथा पूर्वाधार विकास कार्यक्रम, प्रवर्द्धनात्मक कार्यक्रम, लक्षित वर्ग विकास कार्यक्रम, म्याचिङ फण्ड कार्यक्रम, अध्ययन तथा पूजीगत परामर्श सेवा र स्थानीय शान्ति समिति खर्च, मर्मत सम्भार कोष व्यवस्थापन खर्च) सहित *जम्मा रु.५ करोड २९लाख ९७ हजार ६ रुपैया २९ पैसा व्यय हुने अनुमान गरिएकोछ ।*

## ६.२ स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू:

उर्लावारी नगरपालिका कार्यालय मोरंगले विकासका लक्ष्य र प्राथमिकताहरु निम्न अनुसार तय गरेको छ ।

***आगामि आ.व. २०७२/०७३ तर्फ***

*आयतर्फ :*

आन्तरिक स्रोतहरु कर, सेवाशुल्क आदिबाट रु.१,१४,००,०००/- अनुमान गरिएको छ यसैगरी बाह्रय स्रोततर्फ नेपाल सरकारबाट प्राप्त हुने अनुदान रु. ३ करोड ६७ लाख ९२ हजार, राजस्व बाडफाडबाट रु.५० लाख, LGCDP प्राप्त हुने अनुदान रु.१५ लाख, सडक बोर्डबाट १५ लाख, शान्ति तथा पुनःनिर्माण मन्त्रालयबाट ४५ हजार, अन्य निकायबाट प्राप्त हुने अनुदान रु.३ लाख र गरि जम्मा रु. ५ करोड ६५ लाख ३७ हजार मात्रको बजेट प्रस्ताव गरिएको छ ।

*व्ययतर्फ :*

व्ययतर्फमा चालु तथा प्रशासनिक खर्च मध्ये रु १ करोड ३१ लाख ८९ हजार ( तलव, भत्ता ,कर्मचारी कल्याण कोष, पोषाक, धारा विजुली,संचार, इन्धन, कार्यालय संचालन, भाडा, सेवा तथा परामर्श, कार्यक्रम भ्रमण खर्च लगायतका खर्च) तथा कार्यक्रम तथा पूँजिगत खर्च रु ४ करोड ३३ लाख ४८ हजार मात्र ( सडक कालोपत्रे, सामाजिक परिचालन, वडा विकास कार्यक्रम, नगरस्तरिय योजना, लक्षित बजेट, फर्निचर, मेशिनरी सामान खरिद, भू उपयोग योजना तयार, दैवि प्रकोप व्यवस्थापन, सडक बोर्ड कार्यक्रम, सोलार तथा सडक बत्ती व्यवस्थापन, नगर सरसफाई तथा फोहोर मैला व्यवस्थापन, वातावरणीय व्यवस्थापन, आर्थिक सामाजिक तथा पूर्वाधार विकास कार्यक्रम, प्रवर्द्धनात्मक कार्यक्रम, लक्षित वर्ग विकास कार्यक्रम, म्याचिङ फण्ड कार्यक्रम, अध्ययन तथा पूजीगत परामर्श सेवा र स्थानीय शान्ति समिति खर्च, मर्मत सम्भार कोष व्यवस्थापन खर्च, वेतिनी सिमसार कार्यक्रम, Home Stay संभाव्यता अध्ययन आदि) सहित *जम्मा रु.५ करोड ६५लाख ३७ हजार व्यय हुने अनुमान गरिएकोछ ।*

## ६.३ गतवर्षको मुख्य मुख्य उपलब्धिहरू :

उर्लावारी नगरपालिका मोरंगले गत वर्ष सामाजिक उपलब्धीहरु हासिल गरेको छ । नगरपालिका, विषयगत कार्यालयहरु र गैससहरुबाट समेत सामाजिक उपलब्धी हासिल गर्न टेवा पुगेको छ । सामाजिक उपलब्धीहरु विस्तृत विवरण बुँदा नं. ६.११ मा प्रस्तुत भएकोछ । यद्यपी यहाँ संक्षिप्त रुपमा नगरपालिकाले हासिल गरेका सामाजिक उपलब्धीहरु उल्लेख गरिएको छ ।

- सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने परिपाटीको विकास गरिएको ।
- लक्षित तथा सामाजिक समावेशी कार्यक्रमहरुको संचालन भएको ।
- महिला, वालवालिका, दलित र आदिवासी तथा जनजाती समुदायको कार्यक्रममा प्रत्यक्ष संलग्नता रहेको ।
- वडाहरुमा सरसफाई सम्वन्धी समन्वय समिति गठन ।
- सडक स्तरोन्नतीमा प्राथमिकता दिइएको ।
- असहाय वालवालिकाको संरक्षणका लागि अन्य जिल्लासँग समन्वय गरिएको ।

- सामाजिक विकास तर्फ महिला, वालवालिका, र अन्य लक्षित वर्ग प्रत्यक्षतः लाभान्वित भएका छन् ।

## ६.४ यसवर्षको मुख्य मुख्य सामाजिक उपलब्धिहरू

आर्थीक वर्ष २०७०/७१ मा जिल्ला विकास समिति मोरंगमा निम्न अनुसारका सामाजिक उपलब्धीहरु देखिएका छन् । देखिएका उपलब्धिहरुलाई सामाजिक सूचकका आधारमा निम्न अनुसार प्रस्तुत गरिएकोछ ।

**स्वास्थ्य क्षेत्र :**

- हरेक वडा तथा बस्ती स्तरसम्म खोप सेवा उपलब्ध छ ।
- खोपमा पहुंच पुगेको ५ वर्ष भन्दा कम उमेरको अनुमानित जनसंख्या ३५८४ जना र खोपमा पहँच भएको जनसंस्या (एक बर्षमुनीका बालबालिकाको आधारमा) ३ हजार ४ सय ७६ अर्थात (९७ प्रतिशत) वालवालिकामा खोपको पहुंच पुगेको ।
- ४ पटक गर्ववती जाँच गरिएको महिलाको संख्या ६ सय ३५ ( ६९ प्रतिशत ) ले गर्भवती जाँच गराएको ।
- दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाहरुको ७ सय ८४ जना रहेको छ ।
- झाडा पखालाबाट कुनै पनि बालबालिकाको मृत्यु भएको देखिएको छैन ।

**शिक्षा क्षेत्र**

- पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर ९७ प्रतिशत रहेको छ । गत वर्ष भन्दा यस वर्ष १ प्रतिशतले भर्ना दरमा बृद्धि भएको छ ।
- प्राथमिक विद्यालयमा पहँच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत ७ रहेको छ ।
- कक्षा १ मा खुद भर्नादर छात्र छात्रा ९३ प्रतिशत रहेको छ । गत वर्षको तुलनामा यस आ.व.मा २ प्रतिशतले खुद भर्नादरमा बृद्धि भएको छ ।
- प्राथमिक तहमा कक्षा दोहोर्‍याउने ५.७ र कक्षामा उत्तिर्ण हुने दर ८५.४३ प्रतिशत रहेको छ । गत वर्ष कक्षा छाड्ने ३.६ प्रतिशत थियो भने आ.ब. ७१ /७२ मा कुनै पनि विद्यार्थीले कक्षा छोडेको छैन ।
- प्राथमिक तहमा तालिम केन्द्रबाट १० महिने तालिम ९८ प्रतिशत र जि.शि.का बाट टि.पि.डि.तालिममा भाग लिने शिक्षक संख्या ६५ प्रतिशत छन् ।
- शिक्षामा गुणस्तरीय सुधारका लागि प्रा.वि.मा ६६ जना, नि.मा.वि.मा ३१ जना र मा.वि.मा १९ जना दरबन्दी शिक्षक कार्यरत छन् ।
- शैक्षिक शत्र २०७१ मा २ वटा भवन निर्माण ४ वटा भवन मर्मत तथा सुधार गरेको छ र प्रति कक्षा कोठा विद्यार्थी संख्या ३० देखि ३५ रहेको छ ।

- कक्षा १ देखि ८ सम्म १२९४ जना र कक्षा ९ र १० मा ४३ जना बिद्याथीहरुले छात्रबृति पाएकाछन् ।
- दलित बालबालिकाको शिक्षमा पहुँच दलित छात्रबृति, बिधालय स्वागत कार्यक्रम र बिधार्थी भर्ना अभियान को प्रयासले गर्दा पनि १२.५८ प्रतिशत सम्म मात्र रहेको छ ।

अपांगता भएका (सुस्त श्रवण तथा बहिरा, दृष्टि विहिन, सुस्त मनस्थिति ) बालबालिकालाई स्रोत कक्षामा राखि शिक्षा, खाना र छात्रवृति उपलब्ध गराइएको छ ।

## खानेपानी तथा सरसफाइ

- आर्थिक वर्ष २०७० / ७१ मा स्वच्छ खानपानी २४२२ घरधुरीमा मात्र पुगेको थियो भने यस आ.ब.मा २५०० घरधुरीमा घरधुरीमा स्वच्छ खानेपानी पुगेको छ ।
- खानेपानीबाट लाभान्वित जनसंख्या २४७९५ (५२ प्रतिशत ) रहेको छ ।
- सौचालय भएको संख्या वा प्रतिशत जम्मा घर धुरी सं. ८१६५ मध्ये ४५०० ( ५५.११ प्रतिशत )परिवारले चर्पी बनाएका छन् । चर्पी भएका परिवार मध्ये १०० प्रतिशतले सौचालयको प्रयोग गरेका छन् ।
- खानेपानी तथा सरसफाई प्रवर्द्धनका लागि गैससहरुसँग साझेदारी बढेको छ ।
- धातु र माटोले बनेको ७५ वटा सुधारिएको चुलो निर्माण गरी ७५ जना लक्षित समुदायका परिवारमा वितरण गरिएको छ ।

## बालबालिका, महिला तथा समावेशी क्षेत्र

- प्रहरी कार्यालयको रेकर्ड अनुसार गत बर्ष २ जना र यस वर्ष बालबिवाहमा उजुरी नै नभएको अवस्था छ । बालविवाहलाई कम गर्नको लागि बालबिवाह बिरुद्धको अभियान संचालन र सहकार्य गरेका छ ।
- सामाजिक विकृति र बिसंगति रोक्नका लागि महिला हिंसा, दहेज प्रथा बिरुद्ध जनचेतना मुलक कार्यक्रम सञ्चालन र सामाजिक बिकृतिमा सम्लग्न ब्यक्तिहरुलाई कडा सजायको ब्यवस्था छ ।
- बिपन्न महिलाहरुको लागी ब्याग तथा पर्स निर्माण तालिम, बेमौसमी तरकारी खेती तालिम, च्याउँ खेतीको तालिम, २५ जना महिलाहरुलाई सिलाई कटाई तालिम, खेर गएका प्लाष्टिकको सजावट बनाउने तालिम दिई उद्यमी बनाउने प्रयास गरेको छ ।
- जिल्ला प्रहरी कार्यालयको रेकर्ड अनुसार बालवालिका तथा महिलाहरुको अपहरण ८, ज.ज.क.उ. १२ ज.ज.क. ७ , आत्महत्या १९, , भवितब्य घटना २ रहेको छ । मानव बेच बिखन र कर्तब्य ज्यान नभएको देखियो । तुलानात्मक रुपमा महिला हिंसाका बारेमा सचेत भएको छ र उर्लावारी नगरपालिका स्तरमा दुर्व्यसन नियन्त्रणका लागि सम्बादहरु भइरहेका छ ।
- नमूना बालगृहको ५० जना अनाथ बालबालिकाहरुलाई खानाको ब्यवस्थानपनको लागि १ लाख ५० हजार अनुदान सहयोग भएको छ ।

- नगरपालिकाको क्षेत्र भित्र रहेका १५ वटा सरकारी बिद्यालयका सामुदायिक बाल बिकास केन्द्रलाई पोषणयुक्त खानाको लागी २ लाख २५ हजार बिनियोजन गरी पुर्व प्रा.वि.का बालबालिकाहरुलाई पोषण प्रदान गरिएको छ ।
- बाल श्रम बिरुद्धको अभियान संचालन गर्दा बिभिन्न प्रकारका बाल श्रममा कमि ।
- नगरपालिकाको कार्यालयले सुरक्षा भत्ता पाउनेहरुको नामावली प्रकाशन गरिने भएको छ ।
- जेष्ठ नागरिकहरुले सम्मानपुर्वक बाच्नको लागि १०० जना पालकहरुलाई कर्तब्य सम्बन्धि प्रशिक्षण तालिम दिइएको छ ।
- उचित पालक र बृद्ध बृद्धाहरुको लागि प्रोत्साहन कार्यक्रम को आयोजना गरी ९ जना उचित पालक र १८ जना बृद्ध बृद्धाहरुलाई पुरस्कार समेत वितरण गरिएको छ ।

**जनचेतना तथा गरिवी निवारण**

- वालक्लव तथा वाल संरक्षण उपसमितिहरुमा वृद्धि भएको छ । बाल क्लबहरुमा सुदृढिकरण बालबालिकाहरुमा नेतृत्व गर्ने क्षमताको बिकास र सीप बिकास भएको छ ।
- यो आ.व.मा महिला हिंसामा परेका जम्मा महिला ३०० जना रहेका छन् । महिला हिंसालाई न्यूनिकरण गर्न दुई पक्षलाई झिकाई छलफल गराउने र मिलापत्रको लागि तारिकमा राख्ने गरेको छ ।
- महिलाहरुमा महिला हिंसा विरुद्ध चेतना अभिवृद्धि भई समाधानका लागि स्थानीय स्तरमा प्रयत्न शुरु भएको छ ।
- बिभिन्न सीपमुलक तथा रोजगारीमूलक तालिमहरु संचालन गरी रोजगारीमा अबिबृद्धि आएको छ ।
- गरिवी निवारणका प्रयासहरु सकारात्मक देखिएका छन् ।
- बिपन्न परिवारका लागि बिभिन्न प्याकेज कार्यक्रम र छात्रबृतिको व्यवस्था, गरीबी घटाउन बिभिन्न संघसंस्थाहरुद्धारा प्रयासरत छन् ।
- सामाजिक परिचालन अन्तर्गत अति बिपन्न तथा दलित परिवारहरुमा आय आर्जनका लागि जीविकोपार्जन परियोजना प्रत्येक नागरिक सचेतनामा संचालन गरेकोले प्रत्यक्ष रुपमा तिनिहरु लाभान्वित भएकाछन् ।
- नीतिगतरुपमा सम्पुर्ण जात जाति, लिंग, वर्ग, धर्म, हरुको समावेशी, अवसर, रोजगारी, अधिकारको ब्यवस्था भएको छ ।
- वातावरण सुधारकालागि ध्वनी नियन्त्रणका लागि पत्राचारमार्फत सम्बन्धित निकायहरुमा जानकारी गराउने गरेकोछ । जल वायु प्रदुषणको जाच गर्ने प्रकृया अघि बढेको छ । ।
- केहि उधोगहरुमा धुँवा नियन्त्रणमा सुधार भई सकेको भने केहि उधोगहरुमा वायु प्रदुषणको जाँच गरी सुधारको लागि बिशेष पहल भइरहेको छ ।

- एच आइ भी एडस् को निरन्तर अनुगमन, न्युनिकरणको लागि योजना बनाउने, बसाइ सराई गरि आएका कामदारहरुलाई बिशेष ध्यान दिने, गाउ वडा समन्वय समिति लाई परिचालन गर्ने जस्ता प्रयासहरु भइरहका छन् ।
- बिभिन्न नीतिबाट बिकाशमा समान सहभागितामा सुनिश्चितता गरिएको छ । बाल संजाल, महिला संजाल, समन्वय समिति, अन्य लक्षित वर्गका उप समितिहरु मार्फत सहभागिता सुनिश्चित भएको छ ।
- स्थानीय बजार सम्मको पहँच बढाउन यस यस उर्लावारी नगरपालिकामा सडक बिस्तार र सिटी सफारी परिचालनमा जोड दिएको छ ।
- उर्लावारी नगरपालिकामा छुटै कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रको स्थापना गरिएको छ ।
- भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्तकृत वर्गको स्वरोजगार र शिक्षामा पहुच बढाउन बिभिन्न सीप बिकाश तालिम, रोजगारमुलक तालिम, छात्रबृति आदि को व्यवस्था गरेको छ ।

**संस्थागत क्षमता**

- उर्लावारी नगरपालिकामा जम्मा जनशक्ति १७ जना रहेका छ जस मध्ये प्रशासनिकः तिर २ महिला समेत ६ जना का.श. मा २ महिला सहित ५ जना र प्राबिधिकमा १ महिला समेत ६ जना रहेका छन् ।
- जनशक्तिहरुलाई क्षमता बिकाश तालिम, सशक्तिकरण र अध्ययन अवलोकन भ्रमण संचालन गर्दै आएकोले संस्थागत सुधारमा बढोत्तरी हुदै गरेको देखिन्छ । वडा सचिवहरुलाई क्षमता अविबृद्धि तालिम तालिम दिने गरेको छ ।
- जिविस मोरंगले प्राथमिकतामा राखेको दिशामुक्त क्षेत्र घोषणा, एकीकृत बिकाश अभियान संचालन, बाल मैत्री, ग्रामिण प्र्यटन, बिधुतीय सुशासन आदि रणनीतिलाई आत्मसात गर्दै यस उर्लावारी नगरपालिकाले प्रथमिकतामा राखेको छ ।
- उर्लावारी नगरपालिका भाडामा लिइएको भवनमा संचालन गरेको छ । यस नगरपालिकाले आफ्नै जग्गामा नयाँ भवनको म्एत्र्र सम्म निर्माण भइसकेको छ र केन्द्र बजेट र आन्तरिक स्रोतबाट थप निर्माण कार्यका लागि माग गरिएको छ । यस आ.व. देखि बिधुत समस्याको सामाधान भएको, प्रत्येक कोठामा डेक्सटप र ल्यापटप, फोटोकाँपी मेशिन, सोलार आदि भौतिक व्यवस्था रहेको छ ।
- सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य र विभिन्न साझेदार संस्थाहरुसँग समन्वय गरेको छ ।

## ६.५ सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत कार्यालयहरुसँगको अन्तरक्रिया, वार्षिक प्रगति समिक्षा र अघिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनहरुको विश्लेषणबाट गरिएको छ ।

| सामाजिक | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| जिम्मेवारीको क्षेत्र | | | |
| **स्वास्थ्य** | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | अनुमानित जनसंख्या ३५८४ ( ९.७ प्रतिशत ) | ▪ सबैलाई खोप दिने अभियान चलाएको | सबै बालबालिकाले खोप लगाएका |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | अनुमानित २७५८० प्रतिशत घरधुरीमा पहुंच। | ▪ ग्रामिण सडकको मर्मत तथा सम्भारमा जोड।<br>▪ हरेक वडामा यातायातका साधन पुग्ने वातावरण निर्माण।<br>▪ वडा स्तरमा खोप कार्यक्रम संचालन,<br>▪ महिला स्वास्थ्य कार्यकर्ताहरुलाई तालिम | ▪ हरेक वडा स्तरमा यातायातको पहुँच विस्तार<br>▪ वस्ती स्तरसम्म खोप सेवाको उपलब्धता।<br>▪ हरेक वडामा १ वटा स्वास्थ्य चौकीको व्यवस्था गरिएको छ। |
| खोपमा पहुच भएको जनसंस्या (एक बर्षमुनीका बालबालिकाको आधारमा) | दादुरा रुवेला खोप ७२४ ९३ प्रतिशत | ▪ म. स्वा.स्वं से. परिचालन<br>▪ खोप केन्द्रको बिस्तार<br>▪ खोप अभियान संचालन | ▪ गत वर्षको तुलनामा उपलब्धी प्रतिशत बढेको। |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ६३५ जना ( ६७ प्रतिशत ) | ▪ म. स्वा. स्वं से.परिचालन<br>▪ थप स्वास्थ्य कर्मी करारमा नियूक्ति<br>▪ परिवार स्वास्थ्य सम्बन्धी समिक्षा | ▪ गत वर्षको तुलनामा उपलब्धी प्रतिशत बढेको। |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | १९४ जना २५ प्रतिशत | ▪ प्रसूति सेवा केन्द्र बिस्तार<br>▪ यस.बि.ए तालिम प्रदान गर्नु<br>▪ आमा सुरक्षा कार्यक्रम लागु गर्नु | ▪ गत वर्षको तुलनामा उपलब्धी प्रतिशत बढेको। |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | ० प्रतिशत | • ARI / CDD कार्यक्रम लागु गर्नु<br>• म. स्वा. स्वं से.परिचालन | ▪ मृत्यु दरमा कमि हुनु |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | लगभग २ प्रतिशत | ▪ विद्यालय संचालनका लागि स्वीकृति दिइएको। | ▪ वाल विकास केन्द्र मा वालवालिकाको शिक्षामा पहुँच वृद्धि भएको। |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ९६ प्रतिशत | ▪ बाल बिकाश केन्द्रमा बिधार्थी भर्ना गरियो। | ९७ प्रतिशत |

| | | | |
|---|---|---|---|
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समूहका बालबालिका संख्या वा प्रतिशत | ९५ प्रतिशत | ▪ छात्रबृति, पाठ्य पुस्तक लगायतका सुबिधा दिने गरेको । | ९५ प्रतिशत |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | ९१ प्रतिशत | ▪ बाल बिकाशबाट कक्षा १ मा भर्ना गर्ने गरेको । | ९३ प्रतिशत |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | उतीर्णः ८३.३३<br>कक्षादोह्रयाउने ६.९<br>कक्षामा छाडने ३.६ | ▪ निरन्तर बिधार्थी मुल्यांकन गर्ने गरेको । | उर्तीण ८५.४३<br>कक्षा दोह्रयाउनेः ५.७<br>कक्षामा छाडनेः ० |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | ९८ प्रतिशत<br>टि.पि.डि.तालिम | ▪ तालिम केन्द्रबाट १० महिने तालिम ।<br>▪ जि.शि.का बाट टि.पि.डि.तालिम | ९८ प्रतिशत<br><br>टि.पि.डि.तालिम ६५ प्रतिशत |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ३० देखि ३५ सम्म | ▪ शैक्षिक शत्र २०७१ मा २ वटा भवन निर्माण गरियो । | ३० देखि ३५ |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | ▪ बिधालयहरु बिभिन्न संघ संस्थाहरुबाट समन्वय गरेको । | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | छैन | ▪ स्थानीय निकायबाट भवन मर्मत घेराबेरा र चर्पी निर्माणको लागि समन्वय गरेको । | छैन |
| दलित बालबालिकाको शिक्षमा पहुच | १२.५८<br><br>प्रतिशत | ▪ दलित छात्रबृति,<br>▪ बिधालय स्वागत कार्यक्रम<br>▪ बिधार्थी भर्ना अभियान | ...................... प्रतिशत |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | २४२२ | ▪ नया परियोजना संचालन,<br>▪ ह्वील टेंक बनाएर प्रयोग गरेको । | २५०० |
| सौचालय भएको संख्या वा प्रतिशत | घरधुरी सं. ४५०० चर्पी( १००प्रतिशत) | ▪ बाल क्लब गठन र तालिम व्यवस्था ।<br>▪ सरसफाई सम्बन्धि जनचेतना<br>▪ खानेपानी, वेल, नेवा, प्लान नेपाल, वोल्ड भिजन लगायतका संघ संस्थाहरु ओ डि एफको लागि प्रयासरत छन् ।<br>▪ सन् २०१५ सम्ममा ओ डि एफ घोषणा गर्ने योजना । | ▪ सौचालय भएको ९५ प्रतिशत परिवारले सौचालय प्रयोग गरि हात धुने गरेको<br>▪ सर सफाईमा चेतना बृद्धि,<br>▪ ९ वटा वडाहरुमा दिसामुक्त क्षेत्र घोषणा भई सकेको छ । |
| सुधारिएको चुलो भएको परिवार संख्या | माटोले बनेको चुलो | ▪ ९ वटा वडालाई धुवामुक्त क्षेत्र घोषणा गर्ने योजना ।<br>▪ प्रमोटरहरुलाई तालीम, स्वास्थ्य सम्वन्धी चेतना, विद्यार्थीहरुलाई स्कुल शिक्षा, चुलो प्रदर्शनी, होर्डिंगवोर्ड, क्यालेण्डर,पुस्तक, पर्चा वितरण वाट चुल्हो निर्माण गर्न शन्देशमूलक शिक्षा प्रदान । | ▪ धातुले बनेको चुलो र माटोले बनेको<br>▪ अन्य लक्षित वडाका केहि परिवारलाई तालिम दिई सकेको छ। |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | २ वटा जोडी | बालबिवाह बिरुद्धको अभियान संचालन र सहकार्य | सचेतना अभिबृद्धि, बाल बिवाहमा कमि |
| सामाजिक बिकृति, विसंगति | | ▪ दुर्व्यसन विरुद्ध जनचेतना वढाइएको ।<br>▪ विकृति र विसंगति नियन्त्रणमा नेपाल प्रहरीको संलग्नता रहने गरेको<br>▪ महिला हिंसा, दहेज प्रथा बिरुद्ध जनचेतना मुलक कार्यक्रम सञ्चालन<br>▪ सामाजिक बिकृतिमा सम्लग्न व्यक्तिहरुलाई कडा सजायको ब्यवस्था | ▪ अपहरण ८<br>▪ ज.ज.क.उ. १२<br>▪ ज.ज.क. ७<br>▪ मानव बेच बिखन (छैन)<br>▪ आत्महत्या १९<br>▪ कर्तब्य ज्यान ( छैन )<br>▪ भवितब्य २<br>▪ उर्लावारी नगरपालिका स्तरमा दुर्व्यसन नियन्त्रणका लागि सम्बादहरु भइरहेका । |

| | | | |
|---|---|---|---|
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | प्रत्येक वडामा भत्ता बितरण गरेको | ▪ छुट्टै बजेट ब्यवस्था गरिएको छ ।<br>▪ सबै गाविसहरुमा अपांगता परिचय पत्र वितरण भएको ।<br>▪ वार्षिक रुपमा तथ्यांक अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण गाविस अनुसारप्रकाशन गरिएको ।<br>▪ सुरक्षा भत्ता उपलब्ध गराउन यथासमयमा निकासा दिइएको ।<br>▪ भत्ता वितरणको प्रभावकारीताका लागि अनुगमन गरेको । | जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जातीहरुले सामाजिक सुरुक्षा भत्ता प्राप्त गरेको । |
| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | उर्लावारी न.पा.मा बालश्रममा केहि कमि भएको छ । उर्लाबारी शहर उन्मुख गाबिसमा बाल श्रमिक देखिए पनि संख्या यकिन गर्ने काम भएको छैन । | ● प्लान नेपाल, ओरेक नेपाल, सेतो गुरासले बिबिध कार्यक्रम मार्फत बाल श्रम न्यूनिकरणको प्रयास गरिरहेको छ ।<br>● बाल श्रम बिरुद्धको अभियान संचालन ।<br>● वालश्रम विरुद्धमा जनचेतना ।<br>● वालक्लवहरुको परिचालन । | ● प्लान नेपाल, यूनिसेफले बिबिध कार्यक्रम मार्फत बाल श्रम न्यूनिकरणको काम भैएको छ । जसले गर्दा बाल श्रमको रंख्यामा उल्लेख्य रुपमा घटेको छ ।<br>● बिभिन्न प्रकारका बाल श्रममा कमि ।<br>● बालश्रम विरुद्धमा जनचेतना र अनौपचारिक छलफल हुनथालेको । |
| बाल क्लवहरूको अवस्था | बाल क्लब १० वटा | ● बाल क्लबका सदस्यहरुलाई बिभिन्न प्रकारका तालिम, exposer visit, सर सफाई अभियान, सडक नाटक, अतिरिक्त कृयाकलापमा सहभागिता गराउने ।<br>● बालक्लबहरुको पुनर्गठन गरिएको ।<br>● एच आई भि एड्स अभियान<br>● लागु औषध दुर्व्यसनी<br>● वालभित्ते पत्रिका | ● बाल क्लब १० वटा छन् ।<br>● बाल क्लबहरुमा सुदृढिकरण भएको ।<br>● बालबालिकाहरुमा नेतृत्व गर्ने क्षमताको बिकाश ।<br>● नगरपालिका वाल संरक्षण समन्वय समिति रहेका छ । |
| महिला हिंशा | ३०० जना | ● लैंगिक हिंसा सम्वन्धी घटेका घटनाहरुको विवरण संकलन गर्ने गरिएको ।<br>● दुई पक्षलाई झिकाई छलफल | ● प्राय दुवै पक्ष मिलेर बस्ने गरेको । |

| | | | |
|---|---|---|---|
| | | गराउने र मिलापत्रको लागि तारिकमा राख्ने । | |
| रोजगारीको अवस्था | | • बिभिन्न सीपमुलक तालिमहरु संचालन ।<br>• अल्पकालीन तथा दिर्घकालीन रोजगारीको अवसर सिर्जना भएको ।<br>• सडक निर्माण, भवन निर्माण जस्ता<br>योजनाहरुबाट अल्पकालीन र प्रत्यक्ष<br>रोजगारीको सिर्जना भएको । | • रोजगारीमा अभिबृद्धि भएको<br>• वैदेशिक रोजगारिमा कमि<br>• वैदेशिक रोजगारमा जानेहरुको कार्यदक्षतामा वृद्धि |
| स्वरोजगारका अवसरहरु | | स्वरोजगारको प्रयासका लागि निम्न<br>अनुसारका तालिमहरु उपलब्ध<br>गराइएको छ :<br>• कम्प्युटर र व्युटी पार्लर तालिम दिइएको ।<br>• लोक सेवा तयारी कक्षा संचालन भएको।<br>• घरेलु तथा साना उद्योग विकास समिति मार्फत उद्यमी विकास प्रवर्द्धन ।<br>• न.पा.ले गरीव संग विशेश कार्यक्रम तथा नगर कृषि, पशु, महिला, वालवालिका, घरेलु तथा साना उद्योग, तथा अन्य सरकारी तथा गैर सरकारी कार्यालयहरु संग समन्वय र सहकार्य गरी स्वरोजगार श्रृजना गर्न विभिन्न सीप विकास तथा आय आर्जनका तालिम, प्रसार सेवा, नगत तथा वस्तु अनुदान दिने व्यवस्था गरेको छ ।<br>• सिलाईकटाई, ईलेक्टिसियन, करेसाबारी, सम्बन्धि तालिम<br>• खेर गएका प्लाष्टिकबाट सजावटका सामाग्रि निमार्ण गर्ने तालिम<br>• व्याग तथा पर्स बनाउने तालिम | • न.पा. भरीका बेरोजगार यूवाहरुले प्रत्येक्ष अप्रत्येक्षरुपमा रोजगार पाएकाछन् । |

| | | | |
|---|---|---|---|
| गरिवी निवारणका प्रयासहरू | सरोकारवाला निकाय हरुसँग समन्वय गरि गरिव लक्षित कार्यक्रमहरु संचालन भइरहेको थियो । | • बिपन्न परिवारका लागि बिभिन्न प्याकेज कार्यक्रम ।<br>• छात्रबृतिको व्यवस्था ।<br>• गरीबी घटाउन बिभिन्न संघसंस्थाहरु प्रयासरत छन् | • रोजगारीका लागि प्राबिधिक तालिम प्राप्त गरेको ।<br>• आय आर्जनमा बृद्धि ।<br>• विषयगत कार्यालयहरुको समेत समन्वयमा गरीव लक्षित कार्यक्रमहरु संचालनमा रहेका ।<br>• बचत अभिवृद्धि । |
| सामाजिक परिचालन | अवसर, रोजगारी, अधिकार आदि क्षेत्रमा समावेशी तथा समान अधिकार | • सबै वडाहरुमा वडा नागरिक मंचको गठन तथा पुनर्गठ गरिएको ।<br>• हरेक गाविसको पहुँच नक्सांकन भएको ।<br>• अति विपन्न बस्तीमा नागरिक सचेतना केन्द्र गठन गरिएको ।<br>• सामाजिक परिचालकहरुलाई रिफ्लेक्ट तालिम दिइएको ।<br>• अति बिपन्न तथा दलित परिवारहरुमा आय आर्जनका लागि जीविकोपार्जन परियोजना संचालन ।<br>• नीतिगतरुपमा सम्पुर्ण जात जाति, लिंग, वर्ग, धर्म, हरुको समावेशी, | • नागरिक सचेतना केन्द्र मार्फत परिवार लाभान्वित भएका छन् ।<br>• सरसफाई सम्वन्धी सचेतना विकास ।<br>• विपन्न समुदायका योजनालाई प्राथमिकता दिइएको ।<br>• स्वरोजगारको बृद्धि, आय आर्जनमा बृद्धि, समान अवसर आदि । |
| वतावरण सुधारका प्रयासहरू | • वातावरण प्रदुषणका लागि जाँच, पानी धुवा धुलो परीक्षण भएको ।<br>• वातावरण मैत्रि स्थानीय शासन घोषण गरिएको<br>• खुला दिशामुक्त क्षेत्र घोषणा भएका । | • वन तथा वातावरण समितिबाट वातावरण सुधार सम्वन्धी समन्वय गरेको ।<br>• ध्वनी नियन्त्रणका लागि पत्राचारमार्फत जानकारी गराउने गरेको ।<br>• जल वायु प्रदुषणको जाच गर्ने प्रकृया अघि बढेको ।<br>• वातावरण मैत्रि स्थानीय शासन घोषण गरिएका | • केहि उधोगहरुमा धुवा नियन्त्रणमा सुधार भइ सकेको ।<br>• जिल्ला भरीका उधोगहरुमा वायु प्रदुषणको जाच गरी सुधारको लागि बिशेष पहल भइरहेको छ ।<br>• सार्वजनिक शौचालयहरु निर्माण भएको ।<br>• खुला दिशामुक्त क्षेत्र घोषणा भएका ।<br>• फोहोरमैला व्यवस्थापनको जिम्मा सेवा प्रदायक सस्थालाई दिईएको । |
| एच.आई. भि. र एड्स | जम्माः | • एच आइ भी एडस् को अनुगमन र न्युनिकरणको लागि योजना बनाउने<br>• बसाइ सराई गरि आएका कामदारहरुलाई बिशेष ध्यान दिने | • यस सम्बन्धि विवरण सम्बन्धित सस्थासग नभएको |

| | | | |
|---|---|---|---|
| | | । <br>● नगर समन्वय समिति लाई परिचालन । <br>● रोकथामका लागि परामर्श दिने व्यवस्था । <br>● रक्त परीक्षण र परामर्श सेवा प्रदान गरिने गरिएको । | |
| विकासमा समान सहभागिता | | ● बिभिन्न नीतिबाट बिकाशमा समान सहभागितामा सुनिश्चितता गरिएको छ । <br>● नगरपालिकाको कार्यालयले दलित वर्ग समन्वय समिती, महिला समन्वय समिति र आदिवासी तथा जनजाती जिल्ला समन्वय समिति, मधेसी समन्वय समिति, पिछडावर्ग अन्तर्गत समावेशी प्रक्रिया अवलम्बन गरेको <br>● सम्वन्धित विषयहरुका लागि सम्वन्धित समन्वय समितिबाट नै वजेट खर्चहरु गरेको । | ● महिला समन्वय समिति, आदिवासी तथा जनजाति समन्वय समिति, दलित <br>वर्ग उत्थान समन्वय समिति लगायतका नीतिगत समितिहरुको गठन तथा परिचालन हुनु । <br>● बाल संजाल, महिला संजाल, समन्वय समिति द्वारा सहभागिता सुनिश्चित भएको छ । <br>● अपाङ्ग समन्वय समिति <br>● ओ.वि.सी. ( मधेसी, मुस्लिम, पिछडावर्ग ) <br>● मानव अधिकारको लागि एकल महिला |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **सेवाहरुमा पहुँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | स्थानीय बजार सम्मको पहँच बढाउन सडक बिस्तारमा जोड दिएको <br>१५ मिनेट भित्र पैदल हिडेर स्थानीय बजारसम्म पुग्ने वातावारण भएको । | ● सबै वडामा सडक सञ्जाल को पहँच पुग्ने । <br>● सिटि सफारि यातायातको साधन परिचालन । | ● सबै वडामा सडक सञ्जाल को पहँच पुग्ने योजना बनिसकेको । <br>● स्थानीय हाटबजार पुग्न लाग्ने समयमा कमी भएको । |
| कृषि सेवा जान लाग्ने समय | ● कृषि सेवा केन्द्रको छुटै व्यवस्था नभएको र जनताको पहुच कठीन भएको | ● नेपाल सरकार संग कृषि सेवा केन्द्र बिस्तारका लागि सिफारिस गरिएको । <br>● आ.व. २०७१।७२ मा कृषि सेवा केन्द्रको छुटै व्यवस्था भएको । | ● कृषि सेवाकेन्द्रहरुको संख्या १ वटामात्र रहेको छ । ती सेवाकेन्द्र न.पा.को सबै बासिन्दाहरुको पहुँचमा रहेका । |

| | | | |
|---|---|---|---|
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्तकृत वर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिइएको बिषेश अवसरहरु | | • नगरपालिका दलित वर्ग उत्थान नगर समन्वय समितिको गठन भएकोछ ।<br>• बिभिन्न सीप बिकाश तालिम, रोजगारमुलक तालिम, छात्रबृति आदि ।<br>• नगरपालिकाले आन्तरिक स्रोतबाट समेत बजेट उक्त समितिहरुका लागि विनियोजन गरेको छ । | • स्वरोजगारमा अभिबृद्धि<br>• शिक्षामा पहुच बढेको ।<br>• दलित तथा आदिवासी छात्र छात्राहरुलाई छात्रवृति वितरण । |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| संस्थागत क्षमता | | | |
| जनशक्ति | **प्रशासनिकः ६ जना**<br>मः २<br>पूः ४<br>**प्राबिधिकः ६ जना**<br>म १ पु ५<br>**का.स. ५ जना**<br>मः २ पुः ३<br>**जम्मा १७ जना**<br>म ५ पु १२ | • जनशक्तिहरुलाई क्षमता बिकाश तालिम, सशक्तिकरण र अद्ययन अवलोकन भ्रमण संचालन गर्दै आएको छ ।<br>• वडा सचिवहरुलाई क्षमता वृद्धि तालिम | • संस्थागत सुधारमा बढोत्तरी हुदै गरेको । |
| नीति तथा कार्यक्रम | • दिशामुक्त क्षेत्र घोषणा<br>• पुर्नताजगी तालिम | • दिशामुक्त क्षेत्र घोषणाः सचेतना कार्यक्रम, हात धुन सिकाउने अभियान, चर्पी निर्माण र वितरण गर्ने, सरसफाई सम्बन्धि तालिम र गोष्टी | • स्वास्थ्य र सरसफाई क्षेत्रमा जन चेतना अभिबृद्धि भएको । |
| | • एकीकृत बिकाश अभियान संचालन | जनसहभागितामा आधारित योजनाहरु सञ्चालन | नगरपालिका क्षेत्रभित्र सबैतिर बाटो पुर्‍याउने योजना तयार गरेको । |
| | बालमैत्री स्थानीय शासन | • शत प्रतिशत जन्मदर्ता घाषणा<br>• खेलकुद सामग्री वितरण ।<br>• बाल विकास केन्द्र मर्मत सम्भार<br>• बालबालिकाको सचेतना तथा क्षमता अभिबृद्धि कार्यक्रम । | • बाल अधिकारको सुनिश्चितता<br>• बालबालिकाको क्षमतामा बिकाश ।<br>• बालबालिकाको बिभिन्न बिदामा चेतनाको बिकाश । |
| | • ग्रामिण प्रर्यटन | • ग्रामिण प्रर्यटनः शान्ति सुरक्षको प्रबन्ध ।<br>• यातायत तथा बस्ने व्यवस्थाको प्रबन्ध | • अन्तराष्टिय तथा घरेलु प्रयटकहरुको संख्यामा बृद्धि ।<br>• रोजगारी तथा आय श्रोतमा बृद्धि । |

| | | | |
|---|---|---|---|
| | • बिधुतीय सुशासन | • प्राकृतिक सुन्दरताको संरक्षण र प्रबद्धन<br>• वेतिनि सिमसारको हाईडोपावर १६०० वाटको विद्युत उत्पादन गर्ने प्रयास<br>विद्युतिय शुसासनः कम्प्युटरमा व्यक्तिगत घटना लगायतका सम्मुर्ण सिफारिस दर्ता सम्बन्धि तालिम, सफ्टवेयर र नगरपालिका वेवसाईट सञ्चालन सम्बन्धि अभिमुखिकरण | • बिभिन्न व्यक्तिगत घटंना सम्बन्धि तथ्यांकहरु कम्प्यूटरमा राख्ने गरेको ।<br>• email inter net को सुबिधा भएको ।<br>• वेवसाईट पुर्नताजगी |
| भौतिक व्यवस्था | कार्यालय भवन मर्मत सुधार, जेनेटर मर्मत संभार गरिरहनु पर्ने, बिधुतको सुधार गरियो ।<br>• सडक यातायतमा सुधार गरेको ।<br>• भवन डि.पि.सि. सम्म भएको ।<br>• नगरपालिकाको नियमित कार्य सञ्चालनको लागि भवन भाडामा लिएको | • बिद्युत समस्या समाधानका लागि सोलार जडान गरि सं्चालन ।<br>• बाह्रै महिना सडक यातायतमा सुधार गर्ने गरेको ।<br>• मन्त्रालयसग रकम माग गरेर स्वीकृत समेत भएको<br>• स्थानीय निकायमा रकम माग गरिएको | • प्राबिधिक कर्मचारीको व्यवस्थापन एउटै भवनमा भएको ।<br>• बिधुत समस्याको सामाधान भएको<br>• प्रत्येक कोठामा डेस्कटप, ल्यापटप, फोटोकपी मेसिन, प्रीन्टर, मल्टिमिडिया प्रोजेक्टर, फ्याक्स, टेलीफोन, स्क्यानर , इन्टरनेट, इमेल आदि व्यवस्था भएको ।<br>• गाडी, मोटरसाइकल, योजना, प्रशासन, वैकल्पिक उर्जा, वातावरण, सामाजिकविकास, सूचना, लेखा, आलेप) |
| समन्वय र सहकार्य | | | • नगरपालिकासँग समन्वय गरेर मात्र विभिन्न दातृ निकायहरुले काम गरिरहेको<br>• अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैससहरुसँग सहकार्य भइरहेको |

## ६.६. गत बर्ष भोगेका समस्याहरु :

समान्यतया सबै जिबिस, नगरपालिका र गाविसहरुले आवधिक योजना तर्जुमा गर्दा यि स्थानीय निकयका समस्या तथा चुनौतिहरु बिश्लेषण गरेको पाईएको छ । यसेका आधारमा नगरपालिकाका समस्या तथा चुनौतिहरु निक्यौंल गर्नुपर्छ । नगरपालिकाको मानवीय श्रोत, आर्थिक स्रोत र प्राकृतिक स्रोतलाई आधार बनाएर यस्तो बिश्लेषण गर्न सकिन्छ ।

- समाज कल्यान परिषदबाट स्वीकृति प्राप्त गरेका मध्ये केहि गैससहरुले न.पा.मा कार्यक्रम संचालन गर्न नसकेको ।
- राष्टिय योजना आयोगबाट स्वीकृत लिने कतिपय कार्यक्रम नगरपालिका परिषदबाट सिफारिस गरे अनुरुप नहुने गरेको ।
- कार्यक्रमहरुको अनुगमन प्रभावकारी रुपमा हुन नसक्नु ।
- बिषयगत कार्यालयहरुले मंत्रालय तथा बिभागीय रुपमा अलग्गै योजना तर्जुमा हुने परिपाटीले सहभागितामूलक एकिकृत योजना तर्जूमा गोष्ठीबाट माग भएका कार्यक्रमहरु बढी भन्दा बढी मात्रामा छनौट हुन नसकेको ।
- समुदायबाट योजनाको माग बढीरहेको छ भने नगरपालिकाको आपूर्ती क्षमता न्यून छ ।
- नगरपालिकाको आन्तरिक आय कमी भएको हुँदा माग र पूर्तिबीच सन्तुलन नभएको अवस्था छ ।
- भौतिक पूर्वाधार निर्माण प्रकृयामा जनपरिचालनको कमजोर अवस्था रहेको छ ।
- ठूला पूर्वाधार परियोजनाका लागि स्रोतको कमी रहेको छ । जसले गर्दा गुणात्मक लगानी गर्न सकिएको छैन । परिणामतः पूर्वाधार योजनाबाट प्राप्त हुने सामाजिक लाभ ढिलो हुने गरेको छ ।
- आन्तरिक आयमा कमी भएकोले केन्द्रको स्रोत कटौती हुँदा योजना सम्पादनमा कठिनाइ भएको ।
- योजना कार्यान्वनका महत्वपूर्ण पक्षहरु भनेका निर्माण व्यवसायीहरु हुन् ।
- समयमा योजना सम्पन्न गर्न र गुणस्तरीय निर्माणमा उनीहरु जवाफदेही बन्न सकेका छैनन् ।
- आर्थीक वर्षको अन्त्यमा बजेट प्रवाह बढी हुने भएको हुँदा आ.व.को अन्त्यमा मात्र निर्माणका कामहरुको चाप बढ्ने गरेको छ । जसले गर्दा योजना अनुगमनमा कठिनाइ, जनशक्ति व्यवस्थापनमा कठिनाई हुने गर्दछ ।
- बजेट तथा कार्यक्रम समयमा उपलब्ध नहुनु पनि स्थानीय निकायले भोगीरहेको समस्याको रुपमा देखा परेकोछ ।

## ६.७ सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु :

**स्थानीय स्तरमाः**

१) समयमा नै योजनाहरू तर्जुमा गरी जिल्ला विकास समितिमा पठाउने ।
२) कार्यकमहरूको सहि ढंगमा सम्पादन गरी यथा समयमा फरफारक गर्नुपर्ने ।
३) स्थानीय कार्यका लागि विस्तृत छलफल गरी कार्यकम तर्जुमा गर्नु पर्ने ।

४) नगरपालिकालाई यथा समयमा कार्यको विवरण तथा कार्य प्रगति प्रतिवेदन दिनु पर्ने ।
५) कार्यक्रमहरू नगरपालिकाको बजेटले थेग्न सक्ने प्रकारका हुनुपर्ने ।
६) योजना तत्काल राष्ट्रिय प्राथमिकताका आधारमा तयार पार्नुपर्ने ।

**जिल्ला स्तरमाः**

१) प्रत्येक टोल र गाउँबाट आएका योजनालाई प्राथमिकताका आधारमा छनौट गर्नुपर्ने ।
२) तुरन्तै गर्नुपर्ने र विस्तारै गर्दा हुने कार्यक्रमहरूको वर्गिकरण गरी प्राथमिता तोक्नु पर्ने ।
३) कर्मचारीको क्षमता अभिबृद्धि गर्नुपर्ने ।
४) नागरिक वडापत्रका लेखिएका विषयवस्तुलाई कार्यान्वयन गर्न विशेष योजना बनाउनु पर्ने, जस्तो कुनै फाँटको कर्मचारी विदा बसेमा या कतै कामको शिलशिलामा कार्यालय बाहिर गएमा उसले गर्ने कामको व्यवस्थापन गर्नु पर्ने ।
५) योजनाका काममा तुरन्त निकाशा दिनु पर्ने, फछ्र्यौट शिलशिलामा भएका झन्झटहरूलाई कम गर्दै जानु पर्ने ।
६) ससाना योजनाहरुलाई जिल्लासम्म धाउनुपर्ने कार्यलाई कम गर्नु पर्ने ।
७) कार्यक्रम खर्च यथा समयमा गर्नु पर्ने ।
८) योजना सम्पन्न भएपछि त्यसको अनुगमन यथासक्य चाँडो गरी फछ्र्यौट गरिदिनु पर्ने ।

**केन्द्रबाट :**

१) नगरपालिकालाई दिइने अनुदान रकम आर्थिक वर्ष सुरू हुनासाथ निकासा दिनु पर्ने ।
२) स्थानीय निकाय नियमावली र स्थानीय स्वायत्तशासन ऐन तथा स्थानीय निकाय नियमावली समय सापेक्ष संशोधन गरी छिटो र छरितो ढंगले कार्य गर्न सक्ने बनाउनु पर्ने ।
३) बजेट निकासा, अनुदान दिने र फर फारक गर्ने विषयवस्तुसँग सम्बन्धित कार्यक्रमका लागि आर्थिक नियमावलीमा शरल प्रकृया लागु गर्नुपर्ने ।
४) नगरपालिकामा क्षमता अभिबृद्धि तथा कर्मचारी व्यवस्थापनका लागि समेत सहयोग गर्नुपर्ने ।
५) स्थानीय निकायको चुनाव गरेर या मनोनयन गरी राजनैतिक प्रतिनिधित्व गराई वर्तमानको राजनैतिक संयन्त्रबाट गरिने कार्यमा परिवर्तन ल्याउनुपर्ने ।
६) अधुरा योजनाहरूको पूर्णताका लागि प्राथमिकताका साथ बजेट निकाशा गर्नु पर्ने ।

### ६.८ अवसर र संभावनाहरुः

- बिभिन्न गैरसरकारी संस्थाले सिधै समाजकल्याण मन्त्रालय मार्फत यस नगरपालिकामा गरिने कार्यक्रमहरुमा ठुलो बजेट खर्च भैरहेको हुदाँ त्यसको लेखाजोखा र समन्वय हुन सकेमा विकासका थप अबसरहरु बढ्नेछन् ।
- नगरपालिकाको परिषदबाट स्वीकृत कार्यक्रमहरुमा जिल्ला वा केन्द्रले हेरफेर नगरी स्वीकृत गर्ने प्रणाली भएमा नगरपालिकाको थप श्रोत अन्य प्रथामिकता प्राप्त क्षेत्रमा लगानी गर्न संभब हुने देखिन्छ ।

- नगरपालिकाको प्राकृतिक श्रोत ढुंगागिटी, बालुवामा बन कार्यलयबाट पनि लगाईने दोहोरो कर प्रणाली व्यबस्थित गर्न सकेमा नगरपालिकाको आन्तरीक श्रोतमा बढोत्तरी हुनेछ ।
- कृषि र कृषि प्रर्यटनको प्रबद्धनः व्यवसायिक खेति तथा बजार व्यवस्थापन, कृषिमा आधुनिकिकरण, कृषि यान्त्रिकरणको बिकाश गरी स्वरोजगारको अवसर सिर्जना गर्न सकिने प्रशस्तै संभावना देखिन्छ ।
- उधोग, शिक्षा, स्वास्थ्य, संचार क्षेत्रमा तीब्र बिकाशको कारणले यस नगरपालिकाका दक्ष जनशक्तिहरुलाई रोजगारको व्यवस्था गर्न सकिने प्रशस्तै संभावना देखिन्छ ।
- प्रयटन क्षेत्र बिस्तार पनि यो नगरपालिकाको आर्थिक बिकाशका लागि महत्वपूर्ण क्षेत्रको रुपमा लिन सकिन्छ । यो क्षेत्रको बिकाशको लागि नीजि तथा सरकारी क्षेत्रको संयूक्त प्रयास हुनु पर्दछ ।
- गै.स.स.हरु को पहलबाट बिभिन्न स्रोतहरुबाट बजेट ल्याई सामाजिक, आर्थिक तथा पुर्वाधारको क्षेत्रमा बिकाश गरेको पाईन्छ ।

## ६.९ चुनौतिहरुः

**उर्लावारी नगरपालिकाका चुनौतिहरुः: श्रोतः स्थलगत छलफलका आधारमा**

- गै.स.स., स्थानीय निकाय, राजनैतिक दल र सर्व साधारणहरु बीच समन्वय र सहकार्यको कमि
- भौतिक निर्माण कार्यका लागि बजार मुल्य घटबढ,बन्द हडताल को कारणले कहिलेकाही सम्झोता अनुसारको काम सम्पन्न गर्न कठिनाई ।
- जन सहभागिता जुटाउन तथा जन परिचालन गर्न समस्या ।
- रकम निकाशा आ.ब.को अन्त्य तिर हुने गरेकोले कार्य सम्पादनमा बाधा हुने र हतारमा काम सम्पन्न गर्नुपर्ने भएकोले गुणस्तरमा कमि ।

## ७ विषयगत कार्यालयहरुको विवरणः

यस परिच्छेदमा विषयगत कार्यालयहरुको विवरण उल्लेख गरिएको छ। जसमा उर्लावारी नगरपालिका सहित ८ वटा कार्यालयहरु र १ वटा गैरसरकारी संस्थाहरुको विवरण उल्लेख गरिएकोछ।

### ७.१.उर्लावारी शिक्षा स्रोत केन्द्र

१. **विषयगत कार्यालयको नाम :** स्रोत केन्द्र, उर्लावारी, मोरंग

**२. लक्ष्यः**

क. शिक्षामा पहुँच नपुगेका व्यक्ति तथा समूहहरुको शिक्षामा पहुँत वृद्धि गर्नु।

ख. शिक्षाको गुणस्तर सुधार गर्नु।

ग. समावेशीकरण र समाहितताामा वृद्धि।

घ. सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु।

**३. मूख्य उद्देश्यः**

क. पहुँचका लागि छात्रवृतिको व्यवस्था, शौचालय, विद्यालय भवन, फर्निचरको व्यवस्था गर्नु।

ख. गुणस्तर सुधारका लागि शैक्षिक सामग्री, शिक्षक तालिम र निरन्तर विद्यार्थी मुल्यांकन गर्नु।

ग. क्षमता अभिवृद्धिका लागि प्रधान अध्यापक, विद्यालय व्यवस्थापन र लेखा सम्वन्धी तालिम दिने।

घ. समावेशी तथा समाहितताका लागि दलित छात्रबृति, छात्रा छात्रबृति, पाठ्य पुस्तक बितरण, अपांगता भएका विद्यार्थीलाई छात्रवृति, स्रोत केन्द्रमा आवासिय सुविधा र महिला शिक्षकको नियुक्तिमा जोड दिनु।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| आयोजनाको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| बिद्यालय क्षेत्र सुधार योजना | ●१ वटा २ कोठे भवन<br>●४ वटा भवन मर्मत सुधार | ●१ वटा २ कोठे भवन<br>●४ वटा भवन मर्मत | विद्यालय भवन निर्माण भएका छन् |
| सबैका लागि शिक्षा | ६३ जना प्रा.वि तहमा राहत दरबन्दी थपिएको | ६६ जना | प्रा.बि. शिक्षकको तलब भत्ता रु.१७७३० |

**५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरूः**

क. पत्रकारहरुसँग चौमासिक अन्तरक्रिया, फ्लेक्स मार्फत सूचना प्रकाशन, नोटिस वोर्डको प्रयोग गरिएको छ।

ख. जि.बि.स.को website मार्फत सूचना प्रकाशन र शक्षिक व्यवस्थापन मार्ग निर्देशन पुस्तिका गरी विद्यालयलाई वितरण गरिएको छ।

ग. स्थानीय एफ.एम. र पत्रपत्रिकाहरुबाट शैक्षिक सूचनाहरु प्रशारण गरिने गरिएको छ ।
घ संचालन भएका भौतिक पूर्वाधार निर्माण, विद्यालय सुधार, शिशु विकास कार्यक्रमहरुको नियमित अनुगमन र पृष्ठपोषण प्रदान गरिएकोछ ।
ङ शिक्षक दरवन्दी मिलान, गरिएको ।
च सरोकारवालाहरुलाई वार्षिक कार्यक्रमको प्रवोधिकरण गरिएको ।

**६. सामाजिक जिम्मेवारी** *(स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्व)* बहन गर्ने क्षमता :

| सि.नं. | सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|---|
| १. | समाहित शिक्षा | अपांगता भएका ३४ जना (सुस्त श्रवण तथा बहिरा ३४ जना बालबालिकालाई स्रोत कक्षामा राखि शिक्षा, खाना उपलब्ध गराइएको । जम्मा ३४ जना छात्रवृतिबाट लाभान्वित भएका । |
| | पहुँच अबिबृद्धि | ● दलित, छात्रा, द्वन्द्व पीडित, लोपोन्मुख तथा लक्षित समूहलाई छात्रवृतिको व्यवस्था गरिएको ।<br>● १२९४ (कक्षा १ देखि ८ सम्म ), ४३ जना ( कक्षा ९ र १० ) जना छात्राहरुले छात्रवृति पाएका ।<br>● प्रा.बि.मा १७९८ थान, नि.मा.बि. मा १३११ थान, मा.बि. मा ३९९ थान पाठ्यपुस्तक वितरण गरिएको ।<br>● वाल शिक्षा संचालन गरिएको ।<br>● प्रा.बि.मा ५०७९ जना, नि.मा.बि. मा २९३६ जना, मा.बि. मा १९०२ जना उ.मा.बि.मा ४७३ जना बिद्यार्थिहरु अद्ययनरत रहेकाछन् ।<br>*(संस्थागत विद्यालय सहित उर्लावारी नगरपालिका )* |
| | समावेशिकरण | ● शिक्षक नियुक्तिमा समावेशीकरण प्रक्रियालाई नियमानुसार व्यवस्था गर्न शुरु गरिएको । |
| | गुणस्तरीय सुधार | ● प्रा.बि.मा ६६ जना दरबन्दी शिक्षक, नि.मा.बि. मा ३१ जना दरबन्दी शिक्षक मा.बि. मा १९ जना दरबन्दी शिक्षक सहित ११६ जना शिक्षक कार्यरत रहेकोछन् ।<br>● ११६ जना (१०० प्रतिशत) शिक्षकहरुले तालिम प्राप्त गरेका ।<br>● ४ वटा भवन मर्मत तथा सुधार गरिएको । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :**

- समयमा कार्यक्रम तथा बजेट उपलब्ध नहुनु ।
- एकै चरणमा निकाशा दिनुपर्ने रकमलाई दुई तीन चरणमा उपलब्ध गराउनु पर्दा कठिनाई हुनु ।
- कार्यक्रममा सरोकारवाला तथा सहभागीहरुको प्रभावकारी सहभागिता नहुनु ।

- विषयगत कार्यालयहरु सँग समन्वय र अपनत्वको भावना नहुनु
- विद्यालयीय तथ्यांकमा एकरुपता नहुनु ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरूः**

- माथिल्लो निकायबाट ठीक समयमा कार्यक्रम तथा बजेट उपलब्ध हुनुपर्ने ।
- विद्यालयहरुले स्रोत केन्द्रमा विश्वसनीय रुपमा तथ्यांकहरु उपलब्ध गराउनुपर्ने ।
- सरोकारवालाहरुलाई कार्यक्रममा प्रभावकारी सहभागिता गराउन सबैपक्ष लाग्नुपर्ने ।
- एकै प्रकारका कार्यक्रम संचालन गर्ने विभिन्न निकायबीच समन्वय गर्नुपर्ने ।
- स्थानीय निकायले सम्बन्धित कार्यालयको प्राबिधिक सहयोगमा अनौपचारिक शिक्षाको नेतृत्व आफै गर्नुपर्ने ।

## ७.२ प्राथमिक स्वास्थ्य केन्द्र, उर्लावारी, मोरंग

१. विषयगत कार्यालयको नाम : प्राथमिक स्वास्थ्य केन्द्र, उर्लावारी मोरंग

२. लक्ष्य:

- मृत्यूदर घटाउने र स्वस्थ जनशक्ति तयार गर्ने ।
- आम नेपाली नागरीकहरुलाई उनिहरुको समग्र स्वास्थ्यमा सुधार ल्याई स्वास्थ्य जीवन यापन गर्न मद्धत गर्ने ।
- सेवाको पहुँच नपुगेका वर्ग, लिंग, क्षेत्र, जातजातिको पहिचान गरी उनिहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्नु ।
- जनस्वास्थ्य सेवाको विस्तारबाट ग्रामिण जनसमुदायको स्वास्थ्यअवस्थामा सुधार गर्नु ।

**३. मूख्य उद्देश्य:**

- नेपाली नागरीकलाई रोग लाग्नबाट बचाउनको लागी रोगको रोकथाम बारे चेतना जगाई निरोगी रहन प्रेरित गर्ने ।
- नागरिकहरुमा औषधि आपूर्ती बढाउनको लागि बिभिन्न सर्ने तथा नसर्ने रोगबाट बचाउन तथा अन्य सेवाहरु प्रदान गरी स्वास्थ्य रहन चेतना अबिबृद्धि गर्ने ।
- स्वास्थ्य संजालहरुको माध्यमबाट स्वास्थ्य संरक्षणात्मक, प्रवर्द्धनात्मक र निदानात्मक सेवा उपलब्ध गराउनु ।
- स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुबाट रोग नियन्त्रण गर्नु ।
- बाल तथा मातृ मृत्युदर घटाउने
- रोगीको संख्यामा कमि ल्याउने
- स्वास्थ्य स्तर प्रवर्धन गर्ने

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| आयोजनाको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| एकिकृत प्रजनन् तथा महिला स्वास्थ्य | • परिवार नियोजन कार्यक्रम<br>• सुरक्षित मातृत्व कार्यक्रम<br>• महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम र आउटरिच कार्यक्रम संचालन गर्नु । | • सुरक्षित सुत्केरी गराउने आमाहरुको संख्या बढेको छ । | |
| स्थानीय तहमा जनसंख्याको व्यवस्थापन सम्बन्धी कार्यक्रम | स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गर्ने | स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गरिएको | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू:

- समन्वय (सरकारी तथा गैससहरुवीच)
- स्वास्थ्य सम्वन्धी शिक्षा, सूचना, तथा संचार
- वार्षिक समिक्षा तथा प्रतिवेदन

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | ● नगरपालिका स्तरमा यातायातको पहुँच विस्तार ।<br>● वडा स्तरसम्म खोप सेवाको उपलब्धता । |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत अनुमानित जनसंख्या ३५८४ (१०.१८ प्रतिशत ) | ● दादुरा रुवेला खोप ७ सय २४ (९३ प्रतिशत) १ वर्ष मूनिकावालवालिकाहरु लाई खोप उपलब्ध गराइएको छ ।<br>● वालवालिकाको झाडापखालाका कारण मृत्यु नभएको । |
| ४ पटक गर्ववती जाँच गरिएको महिलाको संख्या ६३५ जना | ● ६९ प्रतिशत महिलाहरु गर्भवती जाँच गराईएको छ । |

## ७.आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू:

- बजेट कार्यक्रम समयमा उपलब्ध नहुनु ।
- फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुको अवकाश तथा सरुवाको कारणले निरन्तर सेवा प्रवाहमा असर परेको ।
- शल्यक्रियाद्वारा प्रसुती गराउने सेवा नभएको ।
- कार्यक्रम र सेवा विस्तार भएको कारणले कार्यबोझ बढेको ।
- नगरपालिका स्थित केही संघ संस्थाहरुबाट संचालित कार्यक्रमहरुको जानकारी तथा प्रतिवेदन समयमा प्राप्त नभएको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- बजेट कार्यक्रम समयमा उपलब्ध हुनुपर्ने ।
- २०६८ को जनगणना अनुसार लक्ष्य निर्धारण गरिनुपर्ने ।
- अबकाश भएको कर्मचारीहरुको स्थान समयमै पदस्थापना वा भर्ना गरिनुपर्ने ।

- करारमा कर्मचारी नियुक्तिको व्यवस्था हुनुपर्ने ।
- शल्यक्रियाद्वारा प्रसुती गराउनुका साथै दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
- कार्यक्रम र सेवा विस्तारको दाँजोमा थप जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
- नगरपालिका स्थित स्वास्थ्य सम्वन्धी कार्यक्रमहरुको जानकारी तथा प्रतिवेदन नियमित रुपमा सम्वन्धित सबै संस्था वा कर्मचारीहरुले उपलब्ध गराउनुपर्ने ।

## ७.३ महिला तथा वालवालिका तथा अन्य लक्षित वर्गको कार्यालय

## १. विषयगत कार्यालय : महिला तथा वालवालिका तथा अन्य लक्षित वर्गको समन्वय समिति

### २. लक्ष्य

- पिछडिएका र विपन्न महिलाहरुलाई चेतना जागरण, क्षमता विकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक, सामाजिक एवं राजनीतिक मूलप्रवाहिकरण गरी समतामूलक रुपले पारिवारिक जीवनस्तर अभिवृद्धि गर्ने तथा महिला वर्गको हकहितको लागि संरक्षण एवं प्रवर्द्धन गर्ने ।

### ३. मूख्य उद्देश्य

- आर्थिक, सामाजिक र राजनैतिक रुपमा पीछडिएका र अवसरबाट वञ्चित रहेका विपन्न महिलाहरुको विकासका लागि चरणवद्ध रुपमा चेतना जागरण, क्षमता विकास एवं सामाजिक परिचालन गर्दै स्थानीय स्तरमा महिलाहरुको सक्षम र आत्मनिर्भर सामुदायिक संस्थाहरुको विकास तथा प्रवर्द्धन गर्ने र त्यसका लागि सहकार्यको अवधारणालाई समेत प्राथमिकता दिने ।
- महिला सशक्तिकरण गरी लैंगिक मूलप्रवाहिकरण गर्ने, गराउने ।
- सामाजिक कुरीति, चेलिबेटी बेचविखन, देहव्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने ।
- महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र गैह्रसरकारी संस्थाहरुको समन्वयकर्ता, सम्पर्क सुत्र र सहजकर्ताको भूमिका निर्वाह गर्न सम्पर्क निकाय भइ कार्य गर्ने ।
- संचालित कार्यक्रमहरुको अपेक्षित उपलब्धि हासिल गर्न निरन्तर अनुगमन गर्ने ।

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम /आयोजनाको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| विपन्न तथा लक्षित वर्गका महिला को लागि बेमौसमी तरकारी खेती तालिम | २५ जना (रु. ६० हजार ) | २२ जना (रु. ६० हजार ) | २२ परिवारका १५० जना तरकारी खेतीबाट लाभान्वित भएकाछन् । |
| महिलाहरुको पाठेघर खस्ने सम्बन्धि १ दिने स्वास्थ्य शिविर | १०० जना (रु. १ लाख २० हजार ) | लगभग ३०० महिलाहरुको पाठेघरको जाच गरी औषधि उपचारमा पहल भएको । | उर्लावारी नगरपालिका भरिका महिलाहरुको लागी मात्र । |
| Safe Home लाई संस्थागत सहयोग | हिंसा पिडित महिलाहरुको लागि खाना र आवासमा | | |

| | | | |
|---|---|---|---|
| | व्यवस्था गरिएको ( रु. ५० हजार) | | |
| खेर गएका प्लाष्टिकको सजावटका सामग्री बनाउने तालिम | • २२ जना ( रु. १ लाख) | • २४ जना महिलाहरुले तालिम प्राप्त गरी खेर गएका प्लाष्टिकलाई सदुपयोग गरी वातावरण सरसफाईमा टेवा पुर्‍याइएका छन् । | |
| एकल महिलाहरुलाई च्याँउ उत्पादन सम्बिन्धी तालिम | ३५ जना ( ६० हजार) | ३५ जना (६० हजार ) | |
| सिलाई कटाई तालिम | ५५ जना (१ लाख ५५ हजार | ५५ जना (१ लाख ५५ हजार ) | |
| बाल विवाह तथा लागु पदार्थ दुर्वेसनी सम्बन्धि बिद्यालयहरुमा अभिमुखिकरण कार्यक्रम | २०० जना बिद्यर्थी ( १ लाख ) | २००० जना बिद्यर्थी ( १ लाख ) | सामुदायिक तथा नीजि बिद्यालयका बालबालिकाहरुलाई |
| नमूना बालगृहको खाद्यान्न भरणपोषणमा अनुदान | ५० जना बालबालिकालाई (रु. १ लाख ५० हजार ) | ५० जना बालबालिकालाई (रु. १ लाख ५० हजार ) | |
| बाल विकास केन्द्रमा पोषण कार्यक्रम | १५ वटा बाल विकास केन्द्रमा (रु. २ लाख २५ हजार ) | १५ वटा बाल विकास केन्द्रमा (रु. २ लाख २५ हजार ) | |
| बालबालिकाको नगर प्रोफाइल निर्माण ( अनाथ, अपांग, सडक बालबालिका सहित ) | रु. ३ लाख | बालबालिकाको नगर प्रोफाइल निर्माण हुन सकेन | |
| सुस्त मनस्थिति भएका सुनपकुवा उ.मा.वि.का बालबालिकाको क्षमता बिकास सम्बन्धि कार्यक्रम | २० जना (रु. ४० हजार) | २० जना (रु. ४० हजार) | |
| २१ औ आदिवासी दिवस समारोह | १०० जना सहभागी (रु. ७० हजार ) | १०० जना भन्दा बढी सहभागी (रु. ७० हजार ) | |
| आदिवासी जनजातिहरुलाई ILO | ५० जना (रु. १ लाख ) | ५० जना (रु. १ लाख ) | |

| | | | |
|---|---|---|---|
| सम्बन्धि २ दिने अभिमुखिकरण कार्यक्रम | | | |
| आदिवासी जनजातिका जातिय भेषभुषा संरक्षण | १५ वटा दर्ता आदिवासी जनजाति समूहलाई भेषभुषा खरिद र वितरण ( रु. २ लाख ६६ हजार १ सय ७२ ) | १५ वटा दर्ता आदिवासी जनजाति समूहलाई भेषभुषा खरिद र वितरण (रु. २ लाख ६६ हजार १ सय ७२ ) | |
| विपन्न वर्गका आदिवासी जनजातिको लागी च्याउ खेती सम्बन्धि तालिम | ५० जना (रु. १ लाख) | ५० जना (रु. १ लाख) | |
| ३ महिने कपाल काट्ने तालिम | २० जना (रु २० हजार) | १८ जना ले तालिम लिएको र ६ जनाले सैलुङ्ग खोली काम गरिरहेको | |
| मधेशी मुस्लिम तथा पिछडा वर्गका लागी सुधारिएको चुलो बनाउने तालिम | ७५ जना ( रु. २० हजार) | ७५ जना लाई सुधारिएको चुलो वितरण | |
| क्षमता विकास तालिम र एच आइ भि एड्स र किशोरी प्रजनन् सम्बिन्धि २ दिने तालिम | २०० जना (५० हजार) | २०० जना (५० हजार) | |
| जेष्ठ नागरिक वा बृद्धबृद्धाहरु लाई प्रशिक्षाण तथा सम्मान कार्यक्रम | १०० जना तालिममा सहभागी, ९ जना उचित पालक र १८ जना बृद्धबृद्धालाई पुरस्कार वितरण ( रु.१ लाख ७० हजार ५ सय ) | १०० जना तालिममा सहभागी, ९ जना उचित पालक र १८ जना बृद्धबृद्धालाई पुरस्कार वितरण (रु.१ लाख ७० हजार ५ सय ) | |
| दलित बिद्यार्थी लाई छात्रबृति | १५ जना लाई उच्च मा.बि. अध्ययनका लागी | १६ जना लाई उच्च मा.बि. अध्ययनका लागी छात्रबृति (रु. ३० हजार) | |

| | | | |
|---|---|---|---|
| | छात्रबृति (रु. ३० हजार) | | |
| दलित यूवाहरुका लागी कम्प्युटर तालिम | १० जना (५० हजार) | १० जना (५० हजार) | |
| जातिय छुवाछुतका लागी अन्तरकृया | २०० जना ( रु ५० हजार) | २०० जना ( रु ५० हजार) | |
| अन्तर जाति विवाह गर्ने जोडीलाई सम्मान | १० जोडी (३० हजार) | १० जोडी (३० हजार) | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

- सेवाग्राहीको सुविधालाई ध्यानमा राखि प्रकृयामा सहजता ल्याइएको ।
- सबै जातजातिका महिलाहरुको लागि बिभिन्न सीपमुलक तालिम तथा क्षमता विकास तालिम स्वरोजगार क्षमतामा बृद्धि भएको ।
- महिलाहरुलाई बिभिन्न रोगहरुबाट बच्न स्वस्थ्य शिविरहरुको आयोजना गरिएको ।
- वालक्लवहरुको गठन र त्यसको आवश्यकताबारे विद्यालयतहसम्म अभिमुखिकरण गरिएको ।
- बालबालिकाको भरणपोषण, बिद्यालय भर्ना र छात्रबृति, पोषणयुक्त खाना बितरण र बाल अधिकार सम्बन्धि तालिम गोष्ठीको आयोजना गरिएको छ ।
- सूचना व्यवस्थापनका लागि वालवालिकाको अवस्थाबारे र कार्यालयको वार्षिक प्रतिवेदनहरु प्रकाशन गरिएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता** :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| महिला सशक्तिकरण | ● महिलाहरुको आय अभिवृद्धिका लागि विभिन्न समिति तथा समूहहरु गठन गरि महिला परिचालन भएको । |
| महिल हिंसा न्यूनिकरण | ● महिलासँग काम गर्ने संस्थाहरुसँग मिलेर महिला हिंसा विरुद्धका अभियानहरु संचालन भएको ।<br>● हिंसा पीडित महिलाहरुका लागि सेफहाउसको अवधारणा अघि वढाइएको ।<br>● नगरपालिकामा स्रोत समूहहरुको गठन । |
| **वालवालिका सम्बन्धि कार्यहरुः**<br>बाल क्लव गठन, पुनरगठन, बाल भेलको आयोजना, प्रतियोगिता संचालन, बाल मैत्री नगरपालिकाको लागि सहजीकरण, समन्वय बैठक आयोजना, दिवस मनाउन संयोजन, तथ्यांक अद्यावधिक, बाल गृह अनुगमन तथा बाल संरक्षण श्रोत नक्सांकन गर्न बजेट बिनियाजन । | ● नगरपालिकामा जिल्ला बाल कल्यान समितिमार्फत वालक्लव गठन र यस नगरपालिकामा नगर बाल संरक्षण तथा सम्वर्द्धन उपसमिति रहेकाछ ।<br>● बालक्लबहरुको पुनर्गठन गरिएको रेकर्ड राखिएको ।<br>● नगरपालिकाका १० वटै वडाहरुमा वाल क्बन गठन गरि अनुशिक्षण सम्पन्न गरिएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

- नयाँ संरचना अनुसार कर्मचारीहरुको जिम्मेबारी नतोकिएको ।
- प्राविधिक ज्ञान भएका कर्मचारीहरुको अभाव ।
- कर्मचारीहरुको संख्या न्यून रहेको ।
- पुरुष वर्गहरुलाई कार्यक्रममा समाहित गर्न कठिनाइ रहेको ।
- अनुगमन प्रकृयालाई निरन्तरता दिन कठिनाइ रहेको ।
- निर्वाचन तथा अन्य कारणले केहि कार्यक्रमहरु हुन नसकेको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- महिला तथा वालवालिका तथा अन्य लक्षित बर्गको मुद्धाका बारेमा सबै पक्षको सरोकार हुन जरुरी रहेकोछ ।
- महिला तथा वालवालिका कार्यालयबाट संचालित कार्यक्रमहरु महिला लक्षित भन्दा पनि सबैको लागि हो भन्ने सामूहिक भावना वढाउने कार्यक्रमहरु तर्जुमा गर्नु आवश्यक रहेको छ ।
- सरोकारवाला संस्थाहरुवीच समन्वयको जरुरी रहेको ।
- महिला हिंसा न्यूनीकरण गर्न सामूहिक प्रयास गर्नुपर्ने ।

## ७.४ सामुदायिक वन कार्यालय, उर्लावारी:

१. विषयगत कार्यालयको नाम : **जिल्ला वन कार्यालय, मोरंग**

२. लक्ष्य

- दिगो वन व्यवस्थापन, पारिस्थितिकीय सेवा र रोजगारीकालागी जनसहभागीतामूलक व्यवस्थापनका माध्यमवाट वन कार्ययोजना अनुसार व्यवस्थापनका कृयाकलाप सचालन गर्दै समावेशी र सूशासनयुक्त वन क्षेत्रमा रुपान्तरण गर्ने ।

**३. मूख्य उद्देश्य (बुंदागत रूपमा लेख्ने)**

**क. दिर्घकालिन उदेश्यहरु**

- हैसियत बिग्रेका तथा झाडीयुक्त वनलाई उत्पादनशिल वनको रुपमा बिकास गर्ने ।
- जिल्लाका सबै प्रकारका वनहरुको व्यवस्थापन गरी वन पैदावारहरु योजनाबद्ध तवरले सतत् रुपमा परिपूर्ति गर्न स्थानीय उपभोक्ताहरुलाई दिगो वन व्यवस्थापनमा अग्रसर गराउने ।
- जिल्लाको वन पैदावारको माँग र आपूर्ति स्थितीमा संतुलन ल्याउने ।
- सामुदायिक वन विकास कार्यक्रम मार्फत विपन्न, महिला र पिछडिएका वर्गको आर्थिक, भौतिक र सामाजिक स्तर वृद्धि गरी उनीहरुको जीविकोपार्जनमा टेवा पुऱ्याउने ।
- जिल्लाको जैविक विविधता, माटो, पानी, आदि प्राकृतिक श्रोतहरुको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्ने ।

**ख) अल्पकालिन उद्येश्यहरु**

- वनको हैसियतमा सुधार ल्याउने ।
- दैनिक आबश्यक पर्ने वन पैदावारहरुको आपूर्ति गर्ने ।
- वन बिकास कार्यमा जनसहभागिता बढाउने ।
- रोजगारीको अवसर श्रृजना गर्ने ।
- वन पैदावारमा आधारित उद्योगहरुलाई कच्चा पदार्थको आपूर्ति गर्ने ।
- निजी तथा सामुदायिक वनको विकासबाट स्थानीय उपभोक्ताहरुको परनिर्भरता कम गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

सामुदायिक वन व्यवस्थापन कार्यक्रम

| आयोजन को नाम /सञ्चालित कार्यक्रम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| सामुदायिक वनको निरीक्षण तथा अनुगमन | ३५ वटा सा.व.उ.स.हरुमा निरीक्षण तथा अनुगमन गर्ने लक्ष्य | ३५ सा.व.उ.स.हरु (सबै समूहहरु लाभान्वित) | |
| नर्सरी स्थापना तथा विरुवा | नया नर्सरी स्थापना गर्ने लक्ष्य नरहेको, Existing | जि.ब.का. अर्न्तगतको ३ गोटा स्थायी नर्सरी र नीजि नर्सरीबाट | |

| | | | |
|---|---|---|---|
| उत्पादन र बितरण | Nursesry बाट ८ लाख २१ हजार २ सय १९ विरुवा उत्पादन गर्ने लक्ष्य र सोही आठ लाख बिरुवा वितरण गर्ने । | ८ लाख २१ हजार २ सय १९ बिरुवा उत्पादन तथा तथा उक्त उत्पादित ८ लाख २१ हजार २ सय १९ बिरुवा सबै वितरण गरिएको । | |
| नीजि वन धनीलाई प्रोत्साहन पुरुस्कार | यस उर्लावारी सामुदायिक बनकाट ३ जनालाई प्रोत्साहित गर्ने लक्ष्य रहेको | यस उर्लावारी सामुदायिक बनकाट ३ जनालाई प्रोत्साहित गर्न पुरुस्कार प्रदान १.नील बहादुर चौहान<br>२. संतोष कुमार मंडल<br>३. प्रेम बहादुर माझी | |
| सार्वजनिक जग्गामा समूह गठन गरी आय आर्जन सहित बृक्षा रोपन | लक्ष्य ३ हे. रहेको | विगतका आ.ब.मा अतिक्रमण उठाईएको वनक्षेत्रको खाली जग्गा क्षेत्रमा तारवार सहित बृक्षारोपण सम्पन्न | हाल ३ जना बन हेरालु मार्फत् संरक्षण गरिदै । |
| शहरी वन कार्यक्रम | स्थानीय निकायको साझेदारीमा १ स्थानमा संचालन गर्ने लक्ष्य रहेको | जि.ब.का. मोरंग, बिराटनगर उ.म.न.पा., ट्राफिक सचेतना मंचको साझेदारीमा बिराटनगरको कञ्चनबारी देखी ठुलो मिल जाने बाटोमो तारजालि सहितको Aromatic Plant Species को बृक्षारोपण भएको तथा गत आ.ब.मा गरिएको बृक्षारोपणको फलामे तारजाली मर्मत, मरेको बिरुवा रिप्लेस्मेन्ट गर्ने तथा गोडमेल कार्य सम्पन्न । | |
| दीगो वन ब्यवस्थापन | २०० हे. वनक्षेत्रमा संचालन गर्ने लक्ष्य रहेको | | |
| नीजि वन पहिचान तथा डाटावेश तयारी | समग्र मोरग जिल्लामा नीजि वनको स्थिती, अवस्थाको बारेमा डाटाबेश तयारी गर्ने लक्ष्य रहेको । | आ.ब.०७१।०७२ सम्म मोरंग जिल्लामा दर्ता भएका नीजि वनको अवस्था, सो को विवरण, दर्ता प्रकृयामा कठिनाई, नीजि वन प्रबर्द्धन गर्नमा देखिएका समसामयीक सवालहरु, आगामी दिनमा निजी वन प्रबर्द्धनका लागी चालिनुपर्ने कदमहरु आदीजस्ता बिषयबस्तु समाबेश गरी पुस्तिका प्रकाशन गर्ने भएको छ । | |

## ६ सामुदायिक वनमा देखिएको सवल पक्ष, कमजोर पक्ष, र सुधार गर्नु पर्ने पक्षहरु :

### ६.१ सामूदायिक वन देखिएका सवल पक्ष

- केहि सा.ब.उ.स.हरुको पारदर्शीता तथा अद्यावधि लेखा प्रणाली भएको।
- वन पैदावारकोसमुचित सदुपयोगको केहि समूहमा प्रयास भएको।
- घुम्तिकोषको नियमित लगानी तथा असुलीको प्रयास।
- कार्ययोजनाको सही कार्यान्वयनको लागी केहि समूहहरु सक्रिय रहेको।
- धुम्ती कोष कार्यक्रमले विपन्न उपभोक्ताहरुमा हौसला बढेको।
- सामुदायिक वनको व्यवस्थापनमा प्राय निश्कृय/ प्रयोगमा सकृय भएको।
- वन कार्यालय/रेन्जपोष्ट र सा.व. को समन्वय तथा सम्वन्ध टाढीदै गएको।
- पारदर्शिता तथा सुशासनमा कमी।
- उपभोक्ता समितीमा महिला प्रतिनिधीहरुको सख्यामा उल्लेख्य वृद्धि भएको र बैक खाता संचालन गर्दा महिला प्रतिनिधी राख्न शुरुवात भएको।

### ६.२ सामुदायिक वनमा सुधार गर्नु पर्ने पक्ष

- खाली तथा खोला क्षेत्रमा पर्याप्त वृक्षारोपण नगरिएको।
- जडीबुटीको संरक्षण तथा विस्तार कार्यमा जोड नदिएको।
- वन सम्वर्द्धन तथा वन विकास कार्यमा सवै समुहवाट २५ प्रतिशत रकम खर्च नभएको आयमूलक कार्यमा खासै ध्यान नदिएको।
- महिलाहरुको अर्थपूर्ण तथा सक्रिय सहभागिता नरहेको।
- नियमित वन संरक्षणमा जोड नदिएको।
- चरिचरणको उचित व्यवस्था मिलाउन नसकेको।
- उपभोक्ताहरुलाई क्षमता विकास सम्बन्धी तालिम गोष्ठी संचालन नगरिएको।
- वन सम्वर्द्धन तथा वन विकास कार्य सुचारु रुपले नभएको।
- वन सम्वर्द्धनका कार्यहरु प्राविधिक रुपमा सवल नरहेको।

**सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरूः**

- सामुदायिक वन व्यवस्थापन र शुशासन।
- योजनावद्ध कार्यक्रम संचालन गर्ने समूहहरुलाई जागरुक गराएको।
- सामुदायिक वनको सवै क्रियाकलापको लेखा जोख गर्ने प्रकृयाको थालनी गरिएको छ।

- सम्पूर्ण उपभोक्ताहरुलाई समिक्षा गर्नको लागि आय व्यय विवरण र कृयाकलापको Data पेश गर्न लगाएको।

**वन डढेलो सम्वन्धमा:**

- वन उपभोक्ता महासंघ, स्थानीय वासिन्दा र प्रहरी नया सैनिक प्रशासनको संयुक्त प्रयासका लागि जि.व.का. ले समन्वय गरी डढेलो नियन्त्रण गरेको।

**सामुदायिक वन उपभोक्ता समूहको सुधारका लागी चालिएका पहलकदमीहरु**

- उपभोक्ता महासंध, मोरंगको सहकार्यमा गाउं महासंघ र रेन्जपोष्टका कर्मचारीको संयुक्त प्रयासमा वन व्यवस्थापनमा र कृयाकलापमा समन्वय गरी सह कार्यको थालनी भएको।
- सा.वनको वन कार्य योजनाको म्याद समाप्त भएका ब्यवसायिक सा.ब.उ.स को आर्थिक हिनामिना नहोस र कार्य योजना निमाण गर्न समूहको सक्रियता बढोस भन्ने उद्देश्यले त्यस्ता समूहहरुको बैङ्क खाता रोक्का गरीएको।
- गत आ.ब मा खर्च भएको आय ब्ययको लेखा परिक्षण र चालु आ.ब.को बार्षिक कार्यक्रम तथा अनुमानित बजेटको तर्जुमा गरी जि.ब.का.मा अनिबार्य पेश गर्नु पर्ने ब्यवस्था मिलाईएको।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण | |
|---|---|---|
| दर्ता जग्गा बदर : | • वन क्षेत्र निजिमा दर्ता गरीएता पनि पुनः वन क्षेत्रमा कायम गर्न स्थिानिय उपभोक्तालाई सक्षम वनाएको। | • हालसम्म बदर नगरिएको। |
| वन ढडेलो नियन्त्रणमा भएका कार्यहरु | • अवैध तरीकाले आगो लगाउने ब्यक्ति माथि कानुनि कार्यावाहि गरीएको। | • अधिकांश क्षेत्रमा प्राकृतिक तवरबाट वन डढेलो लागेको कारणले कुनैपनि ब्यक्तिलाई कारवाही नगरीएको। |
| वन अतिक्रमण, वन पैदावारको चोरी<br>निकासी | • अतिक्रमण भएको वन क्षेत्रलाई अतिक्रमण<br>हटाई पुनः वन क्षेत्रमा जन सहभागीताको माध्यमवाट कायम गरीएको। | • गत विगत आ.ब.मा अतिक्मण हटाईएको २१ हजार हे. क्षेत्रमा बनको संरक्षण र व्यवस्थापन गरिएको।<br>• नीजि तथा सामुदायिक बन क्षेत्रलाई आवश्यक्ता तथा माग अनुसार प्राविधिक सहयोग गरिएको छ। |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- समूहमा नियमीत रुपमा आमसभा/बैठकहरु हुन नसक्नु,
- समूह सँख्या बढ्दो रुपमा भएपनि निष्कृय समूहको सँख्या पनि वढ्दो रुपमा हुनु,
- समूहहरुको कोष परिचालन २५ प्रतिशत वन विकास, ३५ प्रतिशत गरीवमुखी क्रियाकलापहरुमा संचालन हुन नसक्नु,
- म्याद सकिएका कार्ययोजनाहरुको सँख्या प्रशस्त हुनु
- सा.व. मार्गदर्शन २०६५ अनुसार सवै समूहहरुमा महिलाहरुको सहभागीता र समावेशी समिती वन्न नसक्नु
- सा.व.उ.स.मा विधान कार्ययोजना विपरीत कार्य गर्ने उपभोक्तालाई दण्ड जरिवाना गर्न नसक्नु,
- पुराना अतिक्रमणहरु समूहबाट हटाउन नसक्नु ।
- विभिन्न तालीम, गोष्ठीबाट हस्तान्तरीत सीप प्रविधिको कार्यान्वय समूहस्तरमा हुन नसक्नु
- समूहहरु वन विकासको कार्यमा भन्दा सामाजिक विकासमा केन्द्रीत हुनु,
- समूहको लेखा अभिलेख प्रणाली दुरुस्त रुपमा राख्न नसक्नु,
- घुम्तीकोषको अनुदान रकमको समुचित उपयोग हुन नसक्नु,
- उपभोक्ता समुहको माग अनुसारको प्राविधिक सहयोग पुर्‍याउन र सा.व.उ.स.हरुवाट संचालित क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन गर्न जनशक्तिको अभाव रहेको ।
- वन क्षेत्रको जग्गा व्यक्तिका नाममा दर्ता गर्ने प्रवृतीलाई निरुत्साहित गर्ने प्रयास जारी रहेतापनि दर्ता भईसकेका जग्गाहरुको अभिलेख लाई वन क्षेत्र नै कायम गर्न प्राविधिक कठिनाई भएको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- खाली क्षेत्रमा वृक्षारोपण गरिनु पर्ने ।
- नियमित वन संरक्षणमा जोड दिनु पर्ने ।
- चरिचरणको उचित व्यवस्था मिलाउन मिलाउनु पर्ने ।
- उपभोक्ताहरुलाई क्षमता विकास सम्बन्धी तालिम गोष्ठी संचालन गर्नु पर्ने ।
- वन सम्वर्द्धन तथा विकासका कार्यहरु संचालन गर्नु पर्ने ।
- प्राविधिक तवरले वन ब्यवस्थापन र सम्वर्द्धनका कार्यहरुका लागि प्राविधिकको परामर्श लिएर मात्र कार्यक्रम संचालन गर्नु पर्ने ।
- महिला सचेतना तालिम संचालन गर्नु पर्ने ।
- वन सम्वर्द्धन तथा वन विकास कार्य हरेक वर्ष गर्नु पर्ने ।
- रे.पो. बाट वेलावेलामा अनुनगमन भई रहनु पर्ने ।
- कार्ययोजना अभिमुखिकरण गोष्ठी संचालन गर्नु पर्ने ।

- जंगलभित्र बाटो खनेकोले ठाँउ ठाँउमा पैह्रो गएको हुंदा बाटोको दायाँ वाँया वृक्षारोपण गर्नु पर्ने ।
- उपभोक्ता भित्रको आन्तरिक विवादलाई अन्त्य गरी समूह एकजुट भई वन संरक्षणमा जोडदिनु पर्ने ।
- रे.पो.बाट कम्तिमा ३ महिनामा एकपटक अनुगमन गरिनु पर्ने ।
- खाली क्षेत्रमा वृक्षारोपण गरिनु पर्ने ।
- नियमित वन संरक्षणमा जोड दिनु पर्ने ।
- चरिचरणको वन डढेलो उचित व्यवस्था मिलाउनु पर्ने ।
- उपभोक्ताहरुलाई क्षमता विकास सम्बन्धी तालिम गोष्ठी संचालन गर्नु पर्ने ।
- वन सम्बर्द्धन तथा विकासका कार्यहरु कम्तिमा पनि २५ प्रतिशत खर्च गरी कार्यक्रम संचालन गर्नु पर्ने

## ७.५ उर्लावारी पशुसेवा केन्द्र (क)

**१. विषयगत कार्यालयको नाम : पशु सेवा कार्यालय**

**२. लक्ष्यः पशु धनको संरक्षण गर्दै आहारा, पजनन, तथा उन्नत प्रबिधिमा जोड दिइदै व्यवसायिकरण गर्ने ।**

**३. मूख्य उद्देश्य बुंदागत रूपमा लेख्ने**

- भौगोलिक आधारमा पशुजन्य पदार्थको उत्पादकत्व वढाई सहयोग पुऱ्याउने ।
- जैविक सुरक्षा बारे जानकारी दिने ।
- पशु पंक्षीलाई ब्यवसायिक फर्मका रुपमा संचालन गर्न सहयोग गर्ने ।
- गोठ सुधार र आहार बारे जानकारी दिने ।
- जिनेटिक रोगहरुबारे जानकारी दिने ।
- रोजगारिमूलक अवसरहरु वढाउने ।
- स्थानिय पशुहरुमा नश्ल सुधार गर्ने ।
- कृषकहरुलाई समुहगत रुपमा सेवा पुऱ्याउने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाका | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| गाई भैसी पालन<br>१. कृ.त्र. गाई भैसी<br>२ खोप<br>३. गोवर परीक्षण | <br><br>६२५<br>४२५ | <br>१०४९<br>१२३६१<br>१०३० | |
| पकेट प्याकेज कार्यक्रम | ३ स्थानमा | ३ स्थानमा | (५० घरधुरीमा गाईको प्याकेज ) |
| पशु नश्ल सुधार अभियान | ८०० गाई भैसीमा | १०४९ गाई भसीमा | |
| ब्यवसायिक बंगुर पालन को लागी<br>१. मेडिकल उपचार<br>२. सर्जिकल उपचार<br>३. गाइनो उपचार<br>४. बन्दयाकरण | <br>● १५०० बंगुर<br>● २५० बंगुर<br>● २५० बंगुर<br>● ५०० बंगुर | ● आय आर्जनमा बृद्धि भएको ।<br>● २१८५ बंगर<br>● २४८ बंगुर<br>● ३६५ बंगुर<br>● ६५३ बंगुर | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :

- व्यवसायी उद्यमी कृषकलाई पशु पालन सम्वन्धि तालिम प्रदान गरेको जसवाट सिप हस्तारन्तरण भई व्यवस्थित व्यवसायी पशु पालन गरेको।
- नश्ल सुधार कार्यक्रम समूह समितिमा वोका वितरण गरि मासु उत्पादन मा वृद्धि।
- अनुदान र सहकार्य।
- ५० घरधुरीमा ४ लाख अनुदान र ४ लाख कृषकबाट जम्मा गाई पछेट प्याकेज संचालन गरेको।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| विकासमा समान सहभागिता | महिला ३४, पुरुष ६६, दलित ४, जनजाति २६ र अन्य बाँकि प्रतिशत कार्यक्रम संचालन भएको। |
| नीति तथा कार्यक्रमहरु | गरिवी निवारण खाद्य सुरक्षा तथा रोजगारी सेवा |
| भौतिक व्यवस्था | पशु सेवा केन्द्र (क) बन्दै गरेको |
| समन्वय र सहकार्यका प्रयासहरु | जिविस र गैसस सँग समन्वय गरि कार्यक्रम गर्ने गरेको। |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- कार्यक्रम सम्पन्न पश्चात समूह समितिमा सामाजिक तथा आर्थिक परिचालनको क्षमता कम देखिएको।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- लक्षित वर्ग समाहित हुने खालका कार्यक्रमहरुको संचालन।
- समूह तथा समितिहरुमा सामाजिक तथा आर्थीक परिचालन क्षमता बढाउने खालका कार्यक्रमहरु संचालन हुनुपर्ने।
- गोठ र आहारबारे कार्यक्रमहरु हुनुपर्ने।
- बाख्रामा नश्ल सुधार कार्यक्रम हुनुपर्ने।
- जुनोटिक रोगहरु बारे कार्यक्रम हुनुपर्ने।
- घाँस बिउ वितरण हुनुपर्ने।
- जैविक सुरक्षा बारे कार्यक्रम हुनुपर्ने।

**७.६ विषयगत कार्यालयको नाम :** १. उर्लावारी खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

**२. लक्ष्य:** स्वच्छ वातावरण कायम तथा खानेपानीको आपूर्ति

**३. मूख्य उद्देश्य**

- जिल्लाका गाविस हरुलाई खुल्ला दिशा मुक्त बनाउने ।
- स्वच्छ खानेपानीको आपुर्ति गर्ने ।
- खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु कार्यन्वयन गर्ने ।
- स्वच्छ खानेपानी तथा सरसफाईसम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने ।

**४. आर्थिक वर्ष २०६९। ०७० मा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| आयोजनाको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| खुल्ला दिशामुक्त क्षेत्र घोषणा | सन् २०१५ सम्ममा खुल्ला दिसा मुक्त क्षेत्र घोषणा | १०० प्रतिशत पुरा भई सकेको | |
| खाने पानी आयोजना निर्माण तथा बिस्तार | सन् २०१७ सम्ममा आधारभूत स्तरमा खानेपानी बिस्तार गर्ने । | ६० प्रतिशत | |
| वातारण र पानी दिवस | | प्रत्येक वर्ष सामुहिक रुपमा बिभिन्न कार्यक्रम गरी मनाउने गरेको | |
| प्रदुषण नियन्त्रन कार्यक्रम | ध्वनी मुक्त क्षेत्र घोषणा गर्ने | बिभिन्न उधोगहरुमा नियन्त्रण भइसकेको । | |
| वातावरण सरसफाई कार्यक्रम | चेतनामूलक तालिम<br>घरदैलो कार्यक्रम | सचिवह्रुको लागि ४ वटा CLTS ट्रिगर तालिम सम्पन्न | |

**५. सरोकार पक्षको चाहाना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- उर्लावारी नगरपालिकालाई खुल्ला दिसा मुक्त गर्ने अभियानमा समन्वयको भुमिका ।
- ९ वटा वडाहरुमा .खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भई सक्नु ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| शौचालय निर्माण भएको घरपरिवार संख्या | घर धुरी सं. ८१६५<br>चर्पी ८१६५ (१०० प्रतिशत ) |
| खानेपानीबाट लाभान्वित संख्या २४७९५ | ७०.५१ प्रतिशत |
| सुधारिएको चुलो भएको परिवार संख्या | ➢ धातुले र माटोले बनेको ७५<br>➢ नगरपालिकाका केहि परिवारका सदस्यहरु लाई तालिम दिई सकेको छ । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू** :

- सरसफाईको अभियानलाई घर घर टोल टोलबाट आत्मासाथ हुन समय लाग्ने देखिएको ।
- मानविय सभ्यताको परिचय भनेको सरसफाई हो भन्ने धारणा आम समुदायमा स्थापित हुन समय लाग्ने देखिएको ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू :**

- योजनाको अपनत्वको बारेमा छलफल र सम्वधित सरोकारवालाले जिम्मेवारी लिनु पर्ने ।
- विरोध र समस्या मात्र केलाउनुको साथमा समाधानका लिखित प्रस्ताव आउनु पर्ने ।
- प्रत्येक कार्यक्रममा समयको महत्व बुझि तोकिएको समयमा शुरु र अन्त्य हुनु पर्ने ।

## ७.७ नगरपालिका प्राविधिक कार्यालय, उर्लावारी

१. विषयगत कार्यालयको नाम : नगरपालिका प्राविधिक कार्यालय, उर्लावारी

२. लक्ष्यः

क. जिल्लाको भौतिक पूर्वाधार निर्माणमा प्राविधिक सहयोग उपलब्ध गराउँदै अनुगमन गर्नु ।

३. मूख्य उद्देश्य

- न.पा.बाट सञ्चालित पूर्वाधार बिकास सम्वन्धी योजनाहरुको लगत ईष्टमेट मूल्यांकन लगायतका अन्य प्राविधिक कार्यहरु गर्ने ।
- शान्ति तथा पूनर्निमाण मन्त्रालय अन्तर्गतका योजनाहरुको सम्पूर्ण प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्ने ।
- ग्रामिण पूनःनिर्माण तथा पूनःस्थापना आयोजनाको सम्पूर्ण कार्यक्रमहरु प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| पुनः निर्माण तथा पुनः स्थापना कार्यक्रम ( ) | ६८ वटा | ६७ वटा सम्पन्न भई बाँकी १ आयोजनामा ३० प्रतिशत उपलब्धि हासिल भएको । | न.पा.को नयाँ भवन शुरु भई ३० प्रतिशत कार्य सम्पन्न भई आ.व. २०७२ । ७३ को कार्य शुरु भइसकेको छ । |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

क. सरोकारवाला निकायहरु वीच समन्वय,

ख. निरन्तर अनुगमन

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| रोजगारी प्रवर्द्धन | निर्माणकार्य सम्पन्न हुने चरणसम्म रोजगारी सिर्जना हुने गरेको । |
| विकासमा समान सहभागिता | उपभोक्ता समिति निर्माणकार्य समावेशी हुने गरेको |
| आत्मनिर्भरतामा बृद्धि | • बिभिन्न सीपमुलक तालिमबाट आय आर्जनमा बृद्धि ।<br>• स्वरोजगारका अवसरहरु प्राप्त भएको । |
| वातावरणीय सुधार | • बाटोघाटोको सरसफाईमा सुधार ।<br>• बृक्षा रोपन कार्यक्रमबाट वातावरणमा सुधार भएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- न.पा. बाट संचालित योजनाहरुको संख्या धेरै हुने भएकोले प्राविधिक कार्यालयको सीमित जनशक्तिको कारणले नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्न कठिनाई भएको ।
- १४ चरणका योजनाहरु मंसिर मसान्त भित्र सम्पन्न हुने वातावरण मिलाउनु पर्ने ।
- प्राविधिकहरुलाई समसामयिक तालिमको व्यवस्था नभइरहेको ।
- लागत सहभागिताको योजनामा उपभोक्ता समितिले रकम जम्मा गर्न नसकेकोले योजना सैचालनमा ढिला सुस्ती ।
- योजना संचालन भइरहेको अवस्थामा खोला बन्द भएको कारण ढुंगा, गीट्टी र वालुवा समयमा उपलब्ध नहुनु ।
- बजार भाव घट बढ भएको कारणले तोकएको बजेटबाट काम सम्पन्न हुनमा समस्या भएको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- प्राविधिकहरुलाई समसामयिक विषयहरुमा तालिमको व्यवस्था हुनुपर्ने ।
- उपभोक्ता समितिहरुलाई योजना संचालन अगाडि नै योजना सम्वन्धी तालिम दिनुपर्ने ।

## ७.८ उर्लावारी नगरपालिका कृषि सेवा केन्द्र, उर्लावारी, मोरंग

१. विषयगत कार्यालयको नाम : कृषि सेवा केन्द्र, उर्लावारी

२. लक्ष्य :

- खाद्यान्न बालीको उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सम्बर्द्धन ।
- निर्यात योग्य कृषि बालीहरुको व्यावसायिकरण, प्रबर्द्धन र विकास ।
- कृषि क्षेत्रमा आयमूलक र उत्पादनशील रोजगारीका अवसरमा बृद्धिबाट गरिबी न्यूनीकरणमा टेवा ।
- कृषकहरुको आयमा बृद्धि र जीवनस्तर उकास्न सहयोग ।

३. उद्देश्य

- कृषकहरुले प्रयोग गर्दै आएका कम उत्पादनशील प्रविधिको सट्टा बढी उत्पादनशील नयाँ प्रविधिको प्रयोग गराउने ।
- बजारको मागका आधारमा व्यावसायिक रुपमा आउन सक्ने बालीको पहिचान, विकास र बजार प्रबर्द्धन ।
- समयानुकूल सरल, सस्तो र प्रभावकारी नयाँ प्रविधिहरु कृषक समक्ष पुऱ्याउने ।
- व्यावसायिक रुपमा आउन सक्ने बालीहरुको पकेट क्षेत्रको छनौट गरी व्यावसायिकरणका लागि प्रोत्साहन गर्ने ।
- गुणस्तरीय वीउको पहिचान गरी खरीद गर्न लगाउने ।
- मापदण्ड पुरा गरेका श्रोतकेन्द्रबाट मात्र वीउ विजन किन्न लगाउने ।
- रोग र किराको पहिचान गरी विषादी प्रयोग गर्न लगाउने ।

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम /आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| निर्यातमुखी तरकारी उत्पादन आयोजना ( उर्लावारी ७) | क्षेत्रफल १ विगाहा. उत्पादन ३० मे.टन बजेट रु ६४ हजार | क्षेत्रफल १ विगाहा. उत्पादन २५ मे.टन प्रत्यक्ष लाभान्वीत कृषक संख्या : १० जना | कृषकहरु आफैले कृषि सामग्रीहरु खरीद गर्ने गरी रु ६४ हजार बिभिन्न किस्तामा रकम उपलब्ध गराइएको । |
| निर्यातमुखी च्याउ उत्पादन आयोजना ( उर्लावारी ७) | प्रति ब्यक्ति टहरा संख्या ३ देखि ४ वटा बजेट रु. ४० हजार को दरले ३ जनालाई | प्रति ब्यक्ति टहरा संख्या ३ देखि ४ वटा उत्पादन ३५००-४००० के.जी सम्म प्रत्यक्ष लाभान्वीत कृषक संख्या : १५ जना | कृषकहरु आफैले कृषि सामग्रीहरु खरीद गर्ने गरी रु ४० हजार बिभिन्न किस्तामा रकम उपलब्ध गराइएको । |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित बर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु :

- नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरु केन्द्रिय नीति तथा निर्देशन अनुसार हुने गरेको

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| बालबालिका, महिला तथा समाबेशी क्षेत्र- | ● उर्लावारी न.पा. वडा नं. ५ मा २५ जना महिलालाई बेमौसमी तरकारी खेति सम्बन्धी तालिम संचालन गरियो ।<br>● वडा नं. ७ मा १० जना पुरुप सहित २५ जना महिलालाई तरकारी खेति सम्बन्धी २ दिने तालिम संचालन गरियो ।<br>● वडा नं ५ मा २५ जनाको समूहमा धान खेती सम्बन्धि तालिम संचालन गरी धान खेतीमा सुधार ल्याइएको छ ।<br>● च्याउको १०० पोका मिनिकिट वितरण र ३३० किलो च्याउ उत्पादन ।<br>● तरकारीको मिनिकिट ५० पोका, मसुरोको दाल १०० सेट ५०० ग्रामको दरले,<br>● वडा नं १ मा गहुँको उ.प्र.संचालन गरेको र तारा कुमार राईले ५१७ किलो उत्पादन गरेको ।<br>● वडा नं. २ मा २ वटा महिला कृषक समूहलाई २ थान सिंचाइको वोडिंग गाडेर सिंचाइमा सहज भएको |
| जनचेतना तथा गरिबी निवारण -<br>गरीबी निवारणका प्रयास | तरकारीका उन्नत बीउ किट बितरण, तरकारी प्याकेज प्रदर्शन, स्थलगत तालिम संचालन । |
| विकासमा समान सहभागिता | महिला सहभागिता, जनजाति र दलित का सहभागिता पनि रहेको छ । |
| सेवाहरुमा पहुँच - कृषि सेवा<br>केन्द्र जान लाग्ने समय | अधिकतम आधा घण्टा सम्म लाग्ने |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

क. कमाण्ड क्षेत्रको आधारमा कृषि सेवा केन्द्रको संख्या कम रहेको ।
ख. सेवाग्राही घरधुरीको आधारमा प्राविधिक जनशक्ति कम रहेको ।
ग. कार्यक्रम बजेट पर्याप्त नहुनु ।
घ. पुराना र कम क्षमताका सवारी साधनका कारण कार्यक्रम संचालन र अनुगमन गर्न कठिनाइ परेको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु तथा सुझावहरु

- कृषि कार्यक्रमका लागि पर्याप्त बजेट विनियोजनका लागि कृषि विभाग तथा कृषि विकास मन्त्रालयमा अनुरोध गरिनुका साथै फेरि पनि गरिने ।
- कृषि प्राविधिक भर्ना गरी सेवा लिनु पर्ने ।
- स्थानीय निकायहरुबाट कृषि क्षेत्रका लागि छुट्टयाइने १५% बजेट कृषि क्षेत्रमै उपलव्धिमूलक ढंगले खर्च गर्ने वातावरण मिलाइनु पर्ने ।
- बढी गरिबी रहेको क्षेत्र र गरिबीको मारमा परेका कृषकहरु पहिचान भएको विवरण प्राप्त भएमा गरिबी निवारण कार्यक्रम अझ बढी प्रभावकारी र नतिजामूलक हुने ।

## ७.९ गैर सरकारी संस्थाको विवरणः

**१. गौरसरकारी संस्थाको नाम** : एक्टिभ नेपाल, बिराटनगर-५

**२. लक्ष्य**

- स्थानिय समुदायको अर्थपूर्ण र समतामूलक सहभागितामा स्थानिय तथा बाह्य श्रोत साधनहरुको समुचित एवं उच्चतम् परिचालन गरी आर्थिक, सामाजिक, राजनैतिक विकास तथा अधिकार प्राप्तिको लागि सधैं प्रयत्नरत रहने ।
- समन्वयात्मक भावना अभिवृद्धि तथा समतामूलक अवसर श्रृजना गरी विकास कार्यक्रममा महिला, पुरुष, आर्थिक/सामाजिक रुपमा पछाडि पारिएको वर्ग, क्षेत्र, जात-जाति आदिलाई संगठित तथा सशक्तिकरण गरी उनिहरुलाई प्रभाव पार्ने विषय सम्बन्धि निर्णयमा, विकासको प्रतिफल तथा सरकारी/गैरसरकारी सेवामा पहुँच तथा उपयोग बढाउने ।

**३. मूख्य उद्देश्य**

- विकासको प्रतिफल तथा विकास प्रकृयामा पहूँच नभएका र निर्णायक भूमिकाबाट बन्चित रहेका महिला पुरुष, विभिन्न जातजाति, वर्ग र क्षेत्रका मानिसहरुको समतामूलक एवं अर्थपूर्ण सहभागिता बढाउन सहयोगी भूमिका निर्वाह गर्ने
- खासगरी पछाडि पारिएका समुदायको आवश्यकता उनिहरुबाटै पहिचान गरी समाधानका कृयालापहरु संचालन गर्नका लागि सहजीकरण प्रकृया मार्फत सहयोग गर्ने ।
- समुदायमा रहेका परम्पारगत एवं स्थनिय शीप र प्रविधिलाई समयानुकूल परिमार्जन, प्रबर्धन गर्ने तथा समयानुकुल नयाँ नयाँ व्यवसायमूलक ज्ञान/शीप प्रदान गरी आर्थिक उपार्जनका कृयाकलाप संचालन गर्न सहयोग तथा प्रोत्साहन गर्ने ।
- आन्तरिक तथा बाह्य मानवीय श्रोतको पचिालन गरी समुदायको क्षमतामा वृद्धि गराउने ।
- बाल शिक्षा, नारी शिक्षा र खास गरी पछाडि पारिएका समुदायको शिक्षामा पहुँच बढाउन समतामूलक अवसरको श्रृजना गर्ने ।
- आन्तरिक तथा बाह्य गैर सरकारी संघ संस्था र सरकारी निकायहरुसंग सम्बन्ध र समन्वयको विकास एवंम विस्तार गरी संस्थालाई मध्यस्थ एवं श्रोत संस्थाको रुपमा विकास गर्दै लैजाने ।
- समुदायको स्वास्थ समस्या पहिचान, समाधान उपायहरुको खोजि गर्न, स्वास्थ्य सुधार योजना निर्माण तथा कार्यान्वयन गर्न, स्वास्थ्य सेवामा पछाडि पारिएको वर्गको पहुँच बृद्धि गर्न तथा स्थानिय स्वास्थ्य सेवा व्यवस्थापन गर्ने क्षमता अभिबृद्धि गर्न समुदायलाई सहायोग गर्ने ।
- प्राकृतिक प्रकोप एवं अन्य किसिमका संकट आई परेको अवस्थामा आन्तरिक तथा वाह्य श्रोत परिचालन गरी उद्धार तथा राहत कार्य संचालन गर्ने ।
- विद्यमान निर्वाहमूखी कृषि प्रणालीमा समसामयिक सुधार गरी व्यवसायमूलक एवं आयमूलक बनाउने तर्फ जोड दिने ।
- राज्यले संचालन गरेका विकासमूलक तथा जनहितकारी कार्यक्रम तथा अभियानमा साझेदारी एवं सहयोग गर्ने ।
- लैङिगक बिकास(Gender Development) तथा समावेशिकरण को माध्यमवाट पछाडिपारिएका वर्गको पहुचमा वृद्धि गर्ने ।

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| हरित गा.बि.स प्रबधन परियोजना | • समुदायमा एकीकृत वातावरण व्यवस्थापनको अभ्यास भई वातावरण प्रबर्द्धन स्वास्थ्य तथा सरसफाई सम्बन्धी चेतनाको विकास गर्ने । | • हरित गाविस प्रबर्द्धन परियोजना अन्तर्गत संचालित विभिन्न चरणका तालिम तथा गोष्ठी कार्यक्रमबाट समुदायमा एकीकृत वातावरण व्यवस्थापनको अभ्यास भई वातावरण प्रबर्द्धन स्वास्थ्य तथा सरसफाई सम्बन्धी चेतनाको विकास भएको छ । समुदायमा फोहोर व्यवस्थापन, खानेपानी सुद्धिकरण, सरसफाई सम्बन्धी कृयाकलापहरुको अभ्यास सुरु गरेका छन् ।<br>• गाविसमा ४५० भन्दा बढी शौचालयको निर्माण भई समुदाय खुल्ला दिशा मुक्त हुने तर्फ अग्रसर भएको छ । जसबाट दिशाको कारणबाट समुदायको स्वस्थ्यमा पर्ने असरको नियन्त्रण भई समग्र वातावरणलाई दुसित हुनबाट बचाएको छ ।<br>• १५ वटा चेतनामूलक होडिङ बोर्ड निर्माण भई समुदायमा वातावरण सम्बन्धी चेतना मूलक जानकारी नियमित प्रवाह भएको छ ।<br>• औद्योगिक प्रदुषण न्यूनिकरणका लागि समुदाय सचेत भएका छन् ।<br>• गाविसका १२५० भन्दा बढी अति विपन्न समुदायलाई समेटी परियोजना संचालन भएको छ ।<br>• २७० जाना बालबालिकालाई समेटि ९ चरणमा २ दिने बाल सचेतना गोष्ठी संचालन गरिएको छ जसबाट बालबालिकामा वातावरण प्रबर्द्धन स्वास्थ्य तथा सरसफाई सम्बन्धी चेतनाको विकास भएको छ ।<br>• समुदायमा फोहोर व्यवस्थापन, खानेपानी सुद्धिकरण, सरसफाई सम्बन्धी कृयाकलापहरुको अभ्यास सुरु गराउन उनिहरुले बिभिन्न अभियान संचालन गरेका छन।<br>• त्यस्तै १२० जाना लाई २ दिने वातावरण प्रबर्द्धन तथा स्वास्थ्य सरसफाइ सम्बन्धि तालिम संचालन गरिएको छ, जसबाट सहभागिले सिकेका कुराहरु समुदाय सम्म पुर्‍याई समुदायलाई वातावरण प्रबर्द्धन स्वास्थ्य तथा सरसफाई सम्बन्धी चेतनाको विकास गर्न केहि हद सम्म सफल भएका छन्। | हात्तिमुडा गाबिस |
| सक्रिय महिला बचत कार्यक्रम | बचत तथा क्रिण मार्फत समुहका सदस्यहरुमा बचतको बानी बिकास तथा आयआर्जन मार्फत जिबनस्तरमा बृदि गर्ने | • ७० जना सदस्यले मासिक रुपमा बचत तथा क्रिण परिचालन<br>• १० जना सदस्यहरु स्वरोजगार बन्न सफल ।<br>• बचत तथा क्रिण परिचालन सम्बन्धि अभिमुखिकरण । | |
| बल बिकास केन्द्र संचालन | | • नियमित रुपमा १८ जना बालबालिका कक्षामा सहभागि भईरहेको ।<br>• बिद्यालय जान उमेर भएका बालबालिकालाई बिध्यालय भर्नामा सहयोग । | बिराटनगर ५ |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

- संस्थाले संस्थाको दैनिक कार्य संचलनमा पारदर्शिता ल्याउन आर्थिक तथा प्रशासनिक र आन्तरीक लेखा परिक्षण निर्देशिका वनाई कार्यन्वयनमा ल्याएको ।
- कार्यक्रमको समिक्षा, अनुगमन र पृष्ठपोषण लिने गरिएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| आयआर्जन तथा गरिवी निवारण | • ७० जना मासिक बचतमा सहभागि तथा १० जना स्वरोजगार बन्न सफल । |
| बताबरण संरक्षण तथा सरसफाई | • **४५० भन्दा बढी शौचालयको निर्माण, १५ वटा चेतनामूलक होडिङ बोर्ड निर्माण, २७० जाना बालबालिकालाई समेटि ९ चरणमा २ दिने बाल सचेतना गोष्ठी संचालन, १२० जाना लाई २ दिने वातावरण प्रबर्द्धन तथा स्वास्थ्य सरसफाइ सम्बन्धि तालिम संचालन** |
| बाल बिकास | • १८ जना बालबालिका अध्यनरत् तथा १४ जना बिद्‌यालय भार्ना । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

- सरोकारवालाहरु भत्ता लिने प्रबृतिको कारणले बिना भत्ता कार्यक्रममा उपस्थित हुन नचाहने ।
- समन्वय र सहकार्यका कारण कहिले कहिले तोकिएको समयमा (परियोजनाहरुको निर्धारित समयभित्र) कार्यसम्पादन गर्न ढिलाई हुने ।
- स्थानीय निकाय र नागरिक समाजका संस्थहरु र स्थानीय जनताहरुबीचमा पर्याप्त मात्रामा सहयोग, समन्वय र अन्तरकृयाको वातावरण नहुनु ।
- सरोकारवालाहरुमा समयको पालना गर्ने प्रवृत्ति नभएको कारण कार्यक्रमहरु समयमा शुरु हुन नसक्ने अवस्था रहेको ।
- समुदायस्तरमा व्यवस्थित कक्षाकोठा तथा हलको अभाव हुनु ।
- बजेट समयमा प्रप्त नहुनु ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- संयुक्त अनुगमन प्रक्रियालाई अझ वढाउनुपर्ने ।
- कार्यक्रममा महिला पुरुसको समान सहभागिता हुनपर्ने ।
- बजेट समयमा प्राप्त हुनपर्ने ।

## ८ सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु

सामाजिक परीक्षण प्रकृयाले सामाजिक दायित्व निर्वाह गर्ने काम स्थानीय निकायले कति गरिरहेको छ भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवलपक्षहरु निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

- उर्लावारी नगरपालिकाले यथासक्य सामाजिक विकासमा जोड दिएको छ । सामाजिक विकास शाखाको गठन र परिचालन गर्नु, शाखालाई भौतिक सम्पन्न बनाउनु र सामाजिक विकासका लागि समन्वयकारी भूमिका खेल्नु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् ।
- उर्लावारी नगरपालिकाले आदिवासी तथा जनजाती समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिती र महिला समन्वय समितिहरुलाई बजेट तर्जुमामा पूर्णतः जिम्मेवार बनाएको छ । ती समितिहरुले योजना छनौट र तर्जुमामा भाग लिई विषयगत वजेटहरु परिषदबाट स्वीकृत गराएका छन् । साथै प्राप्त बजेटहरुको कार्यान्वयन आफ्नो समितिको सिफारिसमा गराएका छन्
- उर्लावारी नगरपालिकामा क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच सहकार्य र समन्वय भएको देखिएको ।
- उर्लावारी नगरपालिकाले सहभागी तथा समावेशी योजना तर्जुमा प्रकृयालाई अवलम्बन गरेको छ ।
- उर्लावारी नगरपालिकाले शिक्षा, स्वास्थ्य, महिला विकास, खानेपानी तथा सरसफाई,कृषि, पशु र नगरपालिकामा कार्यरत विकास साझेदारहरुसँग समन्वयकारी भूमिका खेल्न संयोजकको भूमिका निर्वाह गरिरहेको छ ।
- सामाजिक विकास कार्यमा नागरिक संगठनहरुको भूमिका समेत उल्लेख्य देखिएको छ ।
- खानेपानी तथा सरसफाई, महिला हिंसा विरुद्धका अभियानहरु र सुधारिएको चुलो निर्माण, विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएकोछ ।

## ९ सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु

उर्लावारी नगरपालिकाले यथासक्य सामाजिक विकासमा जोड दिएको छ । सामाजिक विकास शाखाको गठन र परिचालन गर्नु, शाखालाई भौतिक सम्पन्न बनाउनु र सहयोगी कर्मचारीहरु थप हुनु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् । उर्लावारी नगरपालिकाले नगरपालिकाको समग्र सामाजिक विकासको समन्वय गर्नुपर्ने दायित्व पनि हो यसर्थ सामाजिक परीक्षणबाट स्थानीय निकायमा देखिएका चुनौतीहरु निम्नअनुसार रहेका छन् ।

- विषयगत निकायहरुले सामाजिक परीक्षण प्रकृयालाई सहयोग गरेकाछन् । यद्यपी सामाजिक परीक्षण सम्वन्धमा विषयगत निकायहरुमा प्रष्टता आइरहेको अवस्था देखिंदैन । जसका कारण सामाजिक जिम्मेवारीको क्षेत्र र ती क्षेत्रसँग सम्वन्धित सूचकहरुमा विषयगत स्पष्टता न्यून रहेको छ ।
- भौतिक विकासबाट सामाजिक लक्ष्य पुरा भए नभएको अभिलेख राख्न नसक्नु पनि चुनौतीको रुपमा रहेको छ ।

- हरेक निकायले सामाजिक परीक्षण निर्देशिकाले तय गरेका न्यूनतम् सूचकहरुको आधारमा सूचना अद्यावधिक गर्न नसक्नु परीक्षणबाट देखिएको चुनौती हो । हरेक निकायमा खण्डीकृत तथ्यांक उपलब्ध हुन नसकेको अवस्था रहेको छ।
- थोरै समयमा सबै सूचना तथा तथ्यांकहरु संकलन गर्न कठीनाई भएको ।
- विषयगत कार्यालयहरुमा प्राय कर्मचारीहरु को उपस्थिति कम देखिएको ।

## निश्कर्ष र सुझाव

### निश्कर्ष

मोरंग जिल्ला स्थित उर्लावारी नगरपालिकाको नेतृत्वमा गत आ.व. २०७१/७२ मा सामाजिक विकासको क्षेत्रमा केहि उपलब्धी भएको पाईयो । पुर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरीकहरुको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि वढाउन सफल भएको पाईन्छ । स्थानीय निकाय नियमावली, स्थानीय स्वायत्तता शासन नियमावली र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा उर्लावारी नगरपालिकाले उल्लेखनीय कार्यहरू गर्दै आएको छ । सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस नगरपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई नगर परिषदबाट पारित गरेपछि मात्र कार्यक्रमहरू संचालन गर्ने गरेको पाइएको छ । त्यस्ता कार्यक्रमहरू नियमसंगत ढंगमा योजना निर्माण गरी योजनाअनुरूप नै संचालन गरिएका देखिन्छन् । उर्लावारी नगरपालिकाको नेतृत्वमा नगरपालिकामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय निकायहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरुको वीचमा समन्वय भई दोहोरोपनलाई न्युनीकरण गर्न सहयोग मिलेको देखिन्छ ।

नगरपालिका र विषयगत कार्यालयका साथै अन्य विकासको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले आम नागरिकहरुको संलग्नतावाट मात्र दीगो विकास सम्भव छ भन्ने वोधका साथ अगाडी वढेको कारण धेरै योजनाहरु उपभोक्ता समितिहरु मार्फत सञ्चालन भएको पाईएको छ । यसले आम नागरिकहरुमा विकास र यसका संरचनाहरुको अपनत्व स्वीकार गर्ने बातावरण तयार भएको छ । नागरिकहरुलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन जस्ता सामाजिक विकासका संरचनाहरु बस्ती बस्तीमा पुर्‍याएको र स्थानीय निकाय तथा आम नागरिकहरुले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्ने गरेको कुरा आफैमा प्रसंस्नीय भएको छ ।

रुपान्तरणीय सामाजिक परिचालनको माध्यमवाट आम नागरिकहरु आफ्नो हक, अधिकार र कर्तव्य प्रति चनाखो वन्दै गएको र प्राप्त सेवा र सुविधा लिने प्रकृयामा चेतना वढेको कारण सेवा लिनेहरुको संख्या वढेको पाइएको छ । आम नागरिकहरु खास गरि महिला, बालवालिका, दलित,

जनजाती, आदिले कृषि, पशु, खानेपानी, सिचाई, वन, पारालिगल समुह आदि सबैको संलग्नतामा गठन भएका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरुमा आफ्नो उपस्थितिलाई स्थापित गर्न थालेको अनुभुति भएकोले आगामी दिनहरुमा आवश्यकतामा आधारित विकास योजनाहरु सञ्चालन हुने कुरामा विश्वस्त हुने आधारहरु देखिन्छन् ।

यस नगरपालिकामा खास गरी शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा प्रगति भएको र त्यसको माध्यमवाट रोजगारी श्रृजना गर्न, प्रर्वद्धन गर्न र विस्तार गर्न सहजिकरण भएको देखिन्छ । नागरिकहरु आज कृषि, पशुपालन, उद्योग सञ्चालन गरि स्वरोजगार वनेका छन भने कतिपयले अरुहरुलाई पनि रोजगारी प्रदान गरेकाछन् । पुर्वाधार विकास र समाजिक विकासलाई समन्वयात्मक ढंगले अगाडी वढाएकै कारण रोजगारीको साथमा स्थानीयहरुको आम्दानीको स्रोत पनि वढेकोछ ।

उर्लावारी नगरपालिकाले आर्थिक वर्ष २०७१ । ७२ मा अवलम्बन गरेका रणनीतिहरु र कार्यक्रम अन्तरगत पूर्वाधार विकाश, सामाजिक विकाश, आर्थिक विकाश, वन वातावरण, संस्थागत श्रोत र क्षमता विकाश लाई प्राथमिकतामा राखिएको छ । नगरपालिकाको कामकारवाहीमा अनिवार्य कम्प्यूटरको प्रयोग गराई बिधुतीय सुशासन प्रबर्द्धनमा जोड दिएको छ । नगरपालिकलाई बालमैत्री घोषणा गर्न बालश्रम उन्मुलन तथा बालमैत्रीका लागी संरक्षण र विकाशमा सघाव पुर्‍याउने कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिएको छ । पर्यटन प्रवर्द्धन योजनाले अख्तियार गरेको कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ग्रामिण पर्यटन प्रबर्द्धनमा सघाव पुग्ने कार्यक्रमलाई उच्च प्राथमिकताका साथ छनौट गरी अघि बढाएको छ । खुल्ला दिसामुक्त क्षेत्र राष्ट्रिय कार्यक्रम हो र सन् २०१५ सम्ममा यस जिल्ला लाई खुल्ला दिसामुक्त क्षेत्रका रूपमा घोषणा गरिसक्ने योजना रहेको देखिन्छ । अत प्रत्येक साल यसतर्फ काम गर्दै जाने क्रममा आर्थिक वर्ष २०७१।७२ सम्ममा यस नगरपालिकामा खुल्ला दिसामुक्त घोषणा भईसकेका छन् ।

उर्लावारी नगरपालिकाले आ.व. २०७१।७२ का कार्यक्रम संचालनका क्रममा विभिन्न प्रकारका चुनौतिहरूलाई सामना गर्नुपरेको देखिन्छ । केन्द्र र जिल्लाबाट समयमा बजेट निकाशा नहुने, योजनाअनुसारका कार्यक्रमहरूको बजेट नआउने, यहाँको नगरपालिकाका स्थानीय आयश्रोतलाई व्यवस्थित गर्न कानुनि अड्चन रहनु, कार्यक्रमहरूका टुक्रे बजेट रहनु र राजनैतिक अस्थिरताका कारण समयमा योजना निर्माण तथा कार्यान्वयनमा समस्या सिर्जना हुनु, शान्तिसुरक्षाको अभाव, राजनैतिक हस्तक्षेप, अस्थिर राजनैतिक अवस्था र बसाईंसराई आदि चूनौति रहेका देखिन्छन् । यति हुँदाहुँदै पनि उर्लावारी नगरपालिकाले उक्त आर्थिक वर्षमा संचालन गरेका कार्यक्रमहरू निकै प्रभावकारी रहेका पाइएका छन् । तिनीहरूले गरिवी निवारणमा विशेष सहयोग पुऱ्याएका छन् भने टोल टोलबाट आएका योजनालाई यसले आफ्ना योजनाका रूपमा समावेश गरी कार्यक्रम संचालन गर्ने गरेको छ । यसबाट नगरपालिकाको विकासका लागि महत्वपूर्ण योगदान पुगेको देखिन्छ ।

यस नगरपालिकाको कार्यक्रमहरुवाट नगरपालिकामा सामाजिक तथा आर्थिक क्षेत्रमा सुधार भएको देखिन्छ । सडक विस्तार, विद्युत, खानेपनी तथा सिंचाईको विकासवाट प्राप्त अवसरहरुकै कारण सेवा र वस्तुमा आम नागरिकको पहुंच वढेकोछ र सेवा र वस्तुको उचित प्रयोगले उत्पादकत्व वढ्ने संकेत देखिएको छ । यहि क्रम अगाडी वढाउदै देखा परेका समश्यालाई पन्छाउने र अवसरहरुलाई उपयोग गर्दै जाने हो भने आम नागरिकको जीवनशैलीमा सहजता र जीविकोपार्जनलाई स्थापित गर्न मदत पुग्नेछ ।

**सुझावहरु**

स्थानीय निकायहरु स्थानीय सरकार हुन र तिनीहरुले गर्ने विकासका कृयाकलापहरु स्थानीय नागरिकहरुको आवश्यकता अनुसार हुनु पर्दछ भन्ने कुरा कसैले नकार्न सक्दैन । स्थानीय आम नागरिकलाई सेवा र सुविधाको उपलब्धता र पहुंच वढाउन सकेको खण्डमा उत्पादकत्व वढ्ने र त्यसवाट आम नागरिकको आम्दानी वढि समग्र आर्थिक उन्नती हासिल गर्न सहज हुने कुरालाई सवैले आत्मासाथ गर्नुपर्नेहुन्छ । सेवा सुविधाको सहज पहुंचले आम नागरिकहरुको क्षमता र दक्षतामा वृद्धि हुने र नयाँ नयाँ प्रविधि अवलम्वन गर्ने अवसरहरु मिल्छन । यसका लागी उर्लावारी नगरपालिकामा ३, ३ कृषिसेवा र पशुसेवा केन्द्र स्थापना गर्नु र नयां प्रविधिवाट पोषित प्राविधिकको खाचो महसुस गरि यसको लागी कार्य अगाडी वढाउन सिफरिस गरिन्छ ।

रुपान्तरणीय सामाजिक परिचालन आम नागरिकहरुको वुझाईमा भर पर्दछ । त्यसैले आम नागरिकहरु विकासमा समावेस हुनको लागी उनीहरु तयार रहनु अत्यन्त जरुरी छ । त्यो तयारी त्यसवेला हुन्छ जव उनीहरुको आवश्यकतालाई सम्वोधन हुने आधारहरु तयार हुन्छन । यसको लागी आम नागरीकहरुलाई तयारी अवस्थामा पुर्‍याउन सामाजिक परिचालन कार्य सहायक सिद्ध हुन सक्छ । यसका लागी सामाजिक परिचालकले मात्र गर्ने कामहरु अपर्याप्त हुन सक्छ । त्यसैले वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई पनि वढि कृयाशील वनाउनु जरुरी छ । यस प्रयोजनको लागी थप स्रोत जुटाउन सिफारिस गरिन्छ । भए गरेका कामहरुको अभिलेखिकरण गरेमा मात्र सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरुलाई सहि आकलन गर्न सकिन्छ । त्यसले भावि नीति र रणनीति वनाउन सहजता प्रदान गर्दछ । उर्लावारी नगरपालिका र विषयगत कार्यालयहरुले तथ्याङ्क र सुचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सुचकहरुलाई वढी परिष्कृत गर्न सकिन्छ । यसकालागि स्थानीय निकाय लगायत सवै विषयगत कार्यालयहरु तथा गैससहरुले डिपिमास अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तीव्रता दिन सिफारिस गरिन्छ ।

उर्लावारी नगरपालिकाको विभिन्न कार्यक्रमका लागि यथा समयमा बजेट निकासा हुन आवश्यक छ । तर वर्तमानको परिपाटी कस्तो देखिन्छ भने आर्थिक वर्षको अन्ततिर बजेट निकासा गरिने हुँदा परियोजनाहरू हतारमा सम्पन्न गरिने गर्दछ । यसबाट परियोजनाहरू स्तरीय रूपमा सम्पन्न गर्ने भन्दा पनि काम सक्ने र बजेट फ्रिज हुन नदिने कार्यले प्राथमिकता पाउने गरेको छ ।

उर्लावारी नगरपालिकाले विद्युतीय सुशासन कार्यक्रम पनि विविध कारणले गर्दा प्रभावकारी बन्न सकेको पाइएको छैन । यसका लागि सर्वप्रथम त विद्युतको नियमित आपूर्तिको आवश्यकता पर्दछ । विद्युतिय शुसानका लागि ठूलो परिमाणमा विद्युत उत्पान र आपूर्ति गर्न सक्ने अवस्था रहेको छैन । यसमा विद्युतिय संचार गर्नका लागि अनिवार्य रूपम कम्प्यूटर र इन्टरनेटको आवश्यकता पर्दछ । तर तिनीहरू संचालन गर्नका लागि विद्युतकै आवश्यकता पर्ने हुनाले यो कार्यक्रम नगरपालिका भित्र संभव भए पनि यस नगरपालिकाको सवै विषयगत संस्थाहरुमा भने सम्भव छैन । यसका साथमा यस्तो कार्यक्रमका लागि दक्ष कर्मचारीको पनि आवश्यकता पर्दछ ।

उर्लावारी नगरपालिकाले प्राथमिकतामा राखेको बालमैत्रि कार्यका लागि पनि यसको वर्तमानको न्यून बजेटबाट कार्यक्रम सफल पार्न असंभव प्राय छ । यस जिल्लाका थुप्रै बडाहरुबाट विद्यालय जाने उमेरका थुप्रै बालबालिका विद्यालय जानबाट बञ्चित छन् । यसका साथमा विद्यालयहरूको कम्जोर भौतिक पूर्वाधार लगायतका समस्याले बालमैत्री कार्यक्रम पनि ओझेलमा परेको छ । यहाँका बाल क्लव, बाल विकास केन्द्र र मदरसाहरूको अवस्था पनि नगरपालिकाको सानो सहयोगबाट उन्नत वन्न सक्ने अवस्थामा रहेको देखिंदैन । यसैगरी यस नगरपालिकामा बालश्रम पनि टड्कारो समस्याका रूपमा रहेको छ ।

गाविसहरुले तथ्याङ्क संकलन गर्दा पनि डिपिमासको फ्रेमवर्कसंग मेल खाने गरी गर्नुपर्ने देखिन्छ । यसले गर्दा स्थानीय निकायहरुले गरेका सवै क्रियाकलापहरु समेटिने र गरेको लगानीलाई पुष्टिगर्न पनि सजिलो हुन्छ । खास गरी तथ्याङ्कहरु लाभान्वित वर्ग, सेवाग्रहीहरु, जात जाती, सामाजिक वर्ग, आर्थिक वर्ग, लिङ्ग आदी, भुगोल जस्ता विषय र तत् सम्वन्धी सुचकहरु तयार गरी लागु गर्न अपरिहार्य छ ।

**सन्दर्भ पुस्तकहरु :**


- स्थानीय स्वायत्त शासन ऐन २०५५
- स्थानीय स्वायत्त शासन नियमावली २०५६
- नगरपालिका अनुदान संचालन निर्देशिका २०६७
- स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७
- दलित वर्ग उत्थान नगर समन्वय समितिको कार्यक्रम सञ्चालन निर्देशिका २०६५,
- उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति, नेपाल सरकार, स्थानीय विकास मन्त्रालय ।
- आदिवासी, जनजाति नगर समन्वय समिति गठन गर्ने सम्वन्धी निर्देशिका
- नगर परिषदका निर्णयहरु (आर्थिक वर्ष २०६७-७० र २०७१-७२
- नगरपालिका विकास योजना २०७०/७१
- जिल्ला विकास योजना २०७१/७२
- जिल्ला विकास योजना २०७२/७३
- नागरिक वडापत्र २०७१
- वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष २०६१/७२ महिला तथा बालबालिका समन्वय समिति, मोरंग